# हाम्रो मोलुङ

## कक्षा ६

प्रकाशक

मोलुङ गाउँपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

प्राप्चा, ओखलढुङ्गा, नेपाल

प्रकाशक : मोलुङ गाउँपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
प्राप्चा, ओखलढुङ्गा, नेपाल

सर्वाधिकार : प्रकाशकमा निहित

प्रथम संस्करण : वि.स. २०८२

मूल्य : रू........./-

मुद्रक/वितरक : गौरीशंकर प्रेस लिङ्क प्रा.लि.
कौशलटार, भक्तपुर, मो. ९८५११११५९१

मोलुङ गाउँपालिकाको लिखित स्वीकृतिविना व्यपारिक प्रयोजनका लागि यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# शुभकामना

नेपालको संविधान २०७२ लागू भए पश्चात राज्य पुन:संरचना भएसगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था भएको छ। राज्य संघ प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारबाट जनतामा सेवा प्रवाह गर्ने व्यवस्था सर्वविविध नै छ । जसमा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार संविधानबाट नै स्थानीय तहमा हस्तान्तरण गरिएको अवस्था छ । त्यसैगरी नेपालको संविधानले नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने मौलिक हकको व्यवस्था छ। हरेक स्थानीय तहले स्थानीय भाषा, सस्कृति, कला , व्यवसाय, सम्पदा जस्ता स्थानीय विषयवस्तु ,आवश्यकता र स्थानीय भाषालाई समेटी कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी सम्बन्धित गाउँपालिका भित्रका विद्यालयमा कार्यान्वयन गर्ने अधिकार समेत व्यवस्था भएको सन्दर्भमा मोलुङ गाउँपालिकाले शैक्षिक सत्र २०७९ मा पाठ्यक्रम निर्माण गरी शै. स.२०८० मा सवै पाठ्यक्रम कार्यान्वयनमा रहेको कुरा सहर्ष जानकारी गराउन चाहन्छु । त्यसैगरी शैक्षिक सत्र २०८१ मा गाउँपालिकाले स्थानीय पाठ्यक्रम अनुसार कक्षा १ देखि ८ सम्मको **हाम्रो मोलुङ शिक्षक सहयोगी सामाग्री-२०८०** को निर्माण गरी प्रत्येक विद्यालयमा शिक्षक निर्देशिकाको रूपमा उपलब्ध गराएका छौ । आ. व. २०८१/८२ मा मोलुङ गाउँपालिकाले स्थानीय पाठ्यक्रम हाम्रो मोलुङको कक्षा ६ को पाठ्यपुस्तक पाइलट योजनाका रूपमा निर्माण तथा छपाई गरी विद्यालयमा वितरण गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ । आगामी आ. व. २०८२/८३ मा स्थानीय पाठ्यक्रम अनुसार सबै कक्षाको पाठ्यपुस्तक तयार गरी विद्यालयमा नि:शुल्क उपलब्ध गर्ने/गराउने प्रयास रहनेछ । यस पाठ्यपुस्तकले

मोलुङ गाउँपालिकाको जानकारी लिन इच्छुक जो कोही सरोकार व्यक्तिहरूलाई आवश्यक सहयोग पुर्याउने बिश्वास लिएको छु।

मोलुङ गाउँपालिकाको समग्र विषयबस्तु समेटेर निर्माण गरिएको स्थानीय पाठ्यक्रम हाम्रो मोलुङ अन्तर्गत कक्षा ६ को पाठ्यपुस्तक तयार गर्न सहयोग गर्नु हुने गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, पाठ्यपुस्तक निर्माण कार्यदल लगायत सम्पूर्ण सरोकारवाहरूप्रति हार्दिक धन्यवाद दिदै सफल कार्यान्वयन गरी उच्च शैक्षिक सफलताको शुभकामना व्यक्त गर्दछु ।

२०८२ असार

उत्तम राई

अध्यक्ष

मोलुङ गाउँपालिका, ओखलढुङ्गा

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन पाठ्क्रमको विकास गरिएको हुन्छ । समाजको आवश्यकता र चाहनाहरू पूरा गर्न स्थानीय विषयवस्तुहरूलाई पाठ्यक्रममा समावेस गरिएको हुन्छ । पाठ्यपुस्तकलाई विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने प्रमुख साधन मानिन्छ । पाठ्यक्रमलाई सहज ढङ्गले कार्यान्वयन गर्नका लागि पाठ्यपुस्तकको निर्माण गरिएको हुन्छ ।

स्थानीय तहले स्थानीय विज्ञ, अभिभावक, शिक्षाप्रेमी तथा शिक्षकहरूको सहयोगमा स्थानीय विषयको यो पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने नीतिगत व्यवस्था अनुसार मोलुङ गाउँपालिकाले स्थानीय पाठ्यक्रम 'हाम्रो मोलुङ' को निमार्ण गरी वि.सं. २०७९ बाट यस गाउँपालिकामा पठनपाठन हुँदै आएको छ । यस पाठ्यक्रमको कार्यान्वयनलाई सहज बनाउनका लागि मोलुङ गाउँपालिकाले वि.सं. २०८१ मा हाम्रो मोलुङ कक्षा ६ को पाठ्यपुस्तक निर्माण गर्न गठित कार्यदलद्वारा यो पाठ्यपुस्तक तयार पारिएको हो ।

यस पाठ्यपुस्तकको प्रारम्भिक लेखन तथा संकलनमा सहयोग गर्नु हुने कार्यदल सदस्य लगायतका शिक्षकहरु ध्रुवराज खत्री, सुरेन्द्र खड्का, योगेन्द प्रसाद धमला, सिताराम दाहाल, युवराज दाहाल, हरि डोटेल, सीता खतिवडा, तेजप्रसाद पोखेल र यज्ञराज दाहाल बिशेष धन्यवादका पात्र हुनुहुन्छ । पाठ्यपुस्तकलाई यस रूपमा ल्याउने कार्यमा योगदान पुऱ्याउनु हुने मोलुङ गाउँपालिका अध्यक्ष उत्तम राई, उपाध्यक्ष उर्मिला खतिवडा, सामाजिक विकास समिति संयोजक सुधिर राई, प्रमुख प्रशासकीय अधिकृत ओशो कर्ण, लगायत शाखा प्रमुख तथा कर्मचारीज्यूहरू, शिक्षा समिति सदस्यहरू, जनप्रतिनिधिहरू र प्रधानाध्यापकज्यूहरूको योगदान महत्वपूर्ण रहेको छ । यस पाठ्यपुस्तकको भाषा सम्पादन गर्नु हुने शिक्षकहरू युवराज दाहाल र हरि डोटेल सरलाई बिशेष धन्यवाद दिन

चाहन्छौ । यस पुस्तकको पूर्ण अध्ययन गरी विशेष सल्लाह र मार्गदर्शन गर्नु हुने प्रा डा श्री भुप प्रसाद धमला ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी यस पाठ्यपुस्तकको निर्माण कार्यमा संलग्न यहाँहरू सबैप्रति मोलुङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा हार्दिक धन्यवाद प्रकट गर्दछौं ।

यस पाठ्यपुस्तकले पाठ्यक्रमले विद्यार्थीहरूबाट अपेक्षा गरेका निर्धारित सक्षमता पूरा गर्नका लागि सहयोग गर्नेछ । अन्त्यमा मोलुङ गाउँपालिकाको यस पुस्तकलाई अझ परिष्कृत बनाउनका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी, सरोकारवालाहरु एवम् सम्पूर्ण पाठकहरूबाट रचनात्मक सुझावका लागि हार्दिक अनुरोध गर्दछौं ।

**वि.सं. २०८२**

**मोलुङ गाउँपालिका**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
**प्राप्चा, ओखलढुङ्गा**

# विषयसूची

| क्षेत्र पाठको नाम | पृष्ठ |
| --- | --- |
| **क्षेत्र एक : मोलुङ गाउँपालिकाको भौगोलिक अवस्था र यस गाउँपालिकाले प्रदान गर्ने सेवाहरु** | **१** |
| पाठ १. मोलुङ गाउँपालिकाको भौगोलिक स्वरूप | २ |
| पाठ २. मोलुङ गाउँपालिका र यसले प्रदान गर्ने सेवाहरू | ४ |
| पाठ ३. मोलुङ गाउँपालिकाको शैक्षिक अवस्था र शिक्षा, युवा तथा खेलकुद शाखाले प्रदान गर्ने सेवाहरू | ७ |
| पाठ ४. मोलुङ गाउँपालिकाको स्वास्थ्य अवस्था र स्वास्थ्य शाखाले प्रदान गर्ने सेवाहरू | ९ |
| पाठ ५. पशु तथा कृषि विकास शाखा र यसले प्रदान गर्ने सेवाहरू | १५ |
| पाठ ६. मोलुङ गाउँपालिकाका अन्य सेवा प्रदायक शाखाहरु र ती शाखाले प्रदान गर्ने सेवाहरू | १८ |
| पाठ ७. भौगोलिक विकटताले मोलुङ गाउँपालिकाको सेवा प्रवाहमा परेका असरहरू | २८ |
| **क्षेत्र दुई : पर्यटकीय स्थानहरूको परिचय र सम्भावनाहरू** | **३१** |
| पाठ १. पर्यटन र मोलुङ गाउँपालिका | ३२ |
| पाठ २. पर्यटनको महत्त्व | ३५ |
| पाठ ३. **धार्मिक तथा ऐतिहासिक स्थलको नमुना अध्ययन भ्रमण प्रतिवेदन** | ३९ |
| पाठ ४. पर्यटनसँग कला र संस्कृतिको सम्बन्ध | ४३ |
| **क्षेत्र तीन : जैविक विविधता र वातावरण संरक्षण** | **४७** |
| पाठ १. जैविक विविधता | ४८ |
| पाठ २. मोलुङ गाउँपालिकाका दुर्लभ वनस्पतिहरू | ५१ |
| पाठ ३. मोलुङ गाउँपालिकाका दुर्लभ पशुपन्छिहरू | ५६ |
| पाठ ४. मोलुङ गाउँपालिकाका दुर्लभ वनस्पति र पशुपन्छिहरूको संरक्षण | ६२ |
| **क्षेत्र चार : परम्परागत तथा प्रचलित स्थानीय सिप, कला, पेसा तथा व्यवसाय** | **६५** |
| पाठ १. परम्परागत तथा प्रचलित स्थानीय सिप | ६६ |
| पाठ २. स्थानीय कला, पेसा र व्यवसाय | ६९ |
| पाठ ३. स्थानीय कला र सिपको संरक्षण | ७४ |

पाठ ४. टनेलमा गरिने तरकारी खेती ७६
पाठ ५. तरकारी खेती ७९
पाठ ६. तरकारीमा लाग्ने रोगहरू ८२
**क्षेत्र पाँच : धार्मिक, साँस्कृतिक एवम् सामाजिक विविधता ८४**
पाठ १. धर्म ८५
पाठ २. मोलुङमा धार्मिक तथा सांस्कृतिक विविधता ८९
पाठ ३. जातजाति तथा मातृभाषाको बनोट ९६
पाठ ४. धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण ९९
पाठ ५. धार्मिक तथा सांस्कृतिक सम्पदा र समाजको अन्तरसम्बन्ध १०३
**क्षेत्र छ : सरसफाइ र फोहोरमैला व्यवस्थापन १०५**
पाठ १. सरसफाइको परिचय र महत्त्व १०६
पाठ २. व्यक्तिगत सरसफाइ १०९
पाठ ३. वातावरणीय सरसफाइ र यसको महत्त्व ११२
पाठ ४. फोहोरमैलाका स्रोतहरुको परिचय ११५
पाठ ५. फोहोरमैला व्यवस्थापन ११८


# क्षेत्र एक

# भौगोलिक अवस्था

## सिकाइ उपलब्धिहरू

**यस क्षेत्रको अन्त्यमा विद्यार्थी निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :**

- मोलुङ गाउँपालिकाको भौगोलिक अवस्थाको जानकारी दिन,
- मोलुङ गाउँपालिकाको स्वास्थ्य र शैक्षिक अवस्था बताउन,
- मोलुङ गाउँपालिकामा रहेका सेवाप्रदायक संस्थाहरू र तिनीहरूले प्रदान गर्ने सेवाहरू बताउन,
- भौगोलिक विकटताले गर्दा मोलुङ गाउँपालिकाको सेवा प्रवाहमा परेका असरहरू बताउन ।



पाठ एक

# मोलुङ गाउँपालिकाको भौगोलिक स्वरूप

मोलुङ गाउँपालिका एक भौगोलिक विविधतायुक्त गाउँपालिका हो । नेपालको पूर्वी पहाडी भेगमा अवस्थित ओखलढुङ्गा जिल्लाको मध्य भागमा मोलुङ गाउँपालिका रहेको छ। यसको कुल क्षेत्रफल ११२.४७ वर्ग कि.मि. रहेको छ । क्षेत्रफलका आधारमाँ यो ओखलढुङ्गा जिल्लाको दोस्रो सानो गाउँपालिका हो । जिल्लाको मध्य भागमा अवस्थित थोलेदेम्बा सिरानबाट बग्ने शिवदूती गङ्गा (मोलुङ खोला) को नामबाट यस पालिकाको नामकरण भएको हो । यस गाउँपालिकामा साविकका ६ ओटा गाविसहरू कुन्तादेवी, वरूणेश्वर १ देखि ८, हर्कपुर, प्राप्चा, श्रीचौर, राँगादिप र पात्ले १, २, ७ र ९ मिलेर बनेको हो । कोसी प्रदेशको ओखलढुङ्गा जिल्लामा अवस्थित मोलुङ गाउँपालिकामा ८ ओटा वडाहरू रहेका छन् । ओखलढुङ्गा जिल्ला सदरमुकामबाट २३ किलोमिटर पश्चिममा सडक यात्रा गरेपछि पालिकाको कार्यालय प्राप्चा देउरालीमा पुग्न सकिन्छ । यस गाउँपालिकाको केन्द्र, प्राप्चा समुद्र सतहदेखि ११६० मिटरको उचाइमा अवस्थित रहेको छ। मोलुङ गाउँपालिका २७ डिग्री २२ मिनेटदेखि २७ डिग्री ३८ मिनेट पूर्वी देशान्तर र ८६ डिग्री २६ मिनेट देखि ८६ डिग्री ४३ मिनेट उत्तरी अक्षांशसम्म फैलिएको छ। यहाँ उष्ण र समशीतोष्ण हावापानीको समिश्रण पाइन्छ । समुद्री सतहबाट ६९२ मिटरदेखि २९८२ मिटर उचाइसम्मका भूभाग यस गाउँपालिकामा पर्दछन् ।

वि.सं. २०७८ को जनगणनाअनुसार यहाँको कुल जनसङ्ख्या १६,४४० रहेको छ । जसमध्ये महिला ८४१३ र पुरूष ८०२७ जना रहेका छन् । यहाँ विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् । वि.सं. २०७८ को जनगणनाअनुसार यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरूमध्ये सबैभन्दा धेरै १६.९६ प्रतिशत तामाङ, दोस्रो धेरै मानिसहरू १६.५७ प्रतिशत ब्राम्हण र अन्य क्षेत्री, राई, सुनुवार, मगरलगायत जातिहरू रहेका छन् ।

भौगोलिक रूपमा मोलुङ गाउँपालिका बेँसी, टार, साना पहाडहरू र अग्ला पहाडहरूले बनेको छ । यहाँ भिरालो तथा जटिल भूबनोट पनि रहेको छ । यो गाउँपालिका पाखा, पखेरा, जङ्गल, खोल्सा, खोच, टार, बेँसी तथा अन्य प्राकृतिक सम्पदाहरूले भरिएको छ । भौगोलिक विविधता

भएकाले वनस्पति र वन्यजन्तुहरूमा पनि विविधता रहेको छ । यहाँका धेरैजसो भूभाग भिरालो जमिन रहेको छ। ७० प्रतिशत क्षेत्र १५ देखि ३० डिग्री भिरालो जमिन छ। भिरालो जमिन भएकाले पहिरो जाने सम्भावना धेरै रहेको छ ।

यहाँ रहेका मुख्य बेँसीहरूः ढाँडबेँसी, सिम्लेबेँसी, ढुडेबेँसी, जलजलेश्वर बेसी आदि हुन् भने टारहरूमाः रामपुरटार, जरायोटार, फागुनेटार, भूमेथानटार, सिमलटार आदि हुन् । यस गाउँपालिकामा झगरपुरडाँडा, खरीडाँडा, गुरू पार्कदेखि लिएर थानिढुङ्गा डाँडा, तीनतलेडाँडा जस्ता अग्ला पहाडहरू समेत रहेका छन् । मोलुङ गाउँपालिका भौगोलिक विविधताले सम्पन्न रहेको छ ।

## क्रियाकलाप

१. मोलुङ गाउँपालिकाको वडा छुट्टिने गरी नक्सा कोर्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) मोलुङ गाउँपालिकामा कतिओटा वडाहरू रहेका छन् ?

(ख) मोलुङ गाउँपालिकाको कार्यालय कहाँ रहेको छ ?

(ग) साबिकका कुन कुन गाविसहरू मिलेर मोलुङ गाउँपालिका बनेको छ ?

(घ) मोलुङ गाउँपालिकाको धरातलीय स्वरूपको चर्चा गर्नुहोस् ।

## परियोजना कार्य

१. मोलुङ गाउँपालिका कुनै छ वटा वेसीहरूको नाम लेखी ती वेसीहरूको विशेषताको तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ दुई

# मोलुङ गाउँपालिका र यसबाट प्रदान गरिने सेवाहरू

मेरो नाम शान्तास्वभाव राई हो । म कक्षा ६ मा पढ्छु । मेरो गाउँ राँगादीप हो । म बस्ने गाउँपालिकाको नाम मोलुङ गाउँपालिका हो । यो गाउँपालिका ओखलढुङ्गा जिल्लामा पर्छ ।

नेपालको वर्तमान संविधानअनुसार नेपाललाई सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरिएको छ । केन्द्रमा सङ्घीय सरकार हुन्छ । नेपाललाई ७ प्रदेशमा विभाजन गरिएको छ । प्रत्येक प्रदेशमा प्रदेश सरकार रहन्छन् । नेपालमा ७५३ ओटा स्थानीय तह रहेका छन् । स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई बुझिन्छ । जनताको निकट र प्रत्यक्ष सम्पर्कमा रहने सरकार वा स्थानीय तह गाउँपालिका/नगरपालिका हुन् । जनसङ्ख्या र भौगोलिक अवस्थितिका आधारमा गाउँपालिका र नगरपालिकालाई छुट्याइएको हुन्छ ।

नेपालमा हाल ४६० गाउँपालिकाहरू छन् । मेरो गाउँपालिकामा गाउँसभा र गाउँकार्यपालिकाको गठन गरिएको छ । गाउँसभामा जनताद्वारा निर्वाचित जनप्रतिनिधीहरू रहेका हुन्छन् भने गाउँकार्यपालिकामा जननिर्वाचित प्रतिनिधिका साथै गाउँसभाले निर्वाचित गरेका सदस्यहरू पनि रहन्छन् ।

गाउँसभाको सदस्यको सङ्ख्या वडा सङ्ख्या अनुसार कायम हुन्छ । एउटा गाउँपालिकामा वडाको सङ्ख्या ५ देखि २१ ओटा सम्म रहने व्यवस्था रहेको छ । वडाको सङ्ख्या धेरै भए धेरैजना र थोरै भए थोरैजना जनप्रतिनिधिहरू हुन्छन् । मेरो गाउँपालिकामा ८ वटा वडाहरू छन् । जसअनुसार गाउँसभाको गठन निम्नअनुसार भएको छ :

## मोलुङ गाउँसभाको गठन

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष : | १ जना |
| ख) गाउँपालिका उपाध्यक्ष : | १ जना |

ग) प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष :          ८ जना

घ) प्रत्येक वडाबाट निर्वाचित दुईजना महिलामध्ये

एकजना दलित सहित चारजना सदस्यहरू :          ३२ जना

ङ) गाउँपालिका भित्रका दलित वा

अल्पसङ्ख्यक समुदायबाट निर्वाचित

सदस्यहरू          २ जना

**जम्मा  ४४ जना**

गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका नागरिकको काम छिटो छरितो र पारदर्शी तरिकाले सम्पन्न गर्न मेरो गाउँपालिकामा एक गाउँकार्यपालिका गठन गरिएको छ । निर्वाचित भएको मितिले यसको कार्यकाल ५ वर्षको हुन्छ । यसको गठन यसप्रकार छ :

## मोलुङ गाउँकार्यपालिकाको गठन

क) गाउँपालिकाका अध्यक्ष :          १ जना

ख) गाउँपालिकाका उपाध्यक्ष :          १ जना

ग) प्रत्येक वडाका वडा अध्यक्षहरू :          ८ जना

घ) गाउँसभाले निर्वाचित गरेका महिला सदस्यहरू : ४ जना

ङ) गाउँसभाले दलित वा अल्पसङ्ख्यक समुदायबाट

निर्वाचित गरेका सदस्यहरू :          २ जना

**जम्मा  १६ जना**

## गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरू यसप्रकार छन् :

क) स्थानीय जनताका लागि आवश्यक पर्ने सेवाहरूको व्यवस्था,

ख) स्थानीय स्तरका विकास आयोजनाहरूको सञ्चालन,

ग) स्थानीय स्तरमा रेडियो वा एफएम सञ्चालन,

घ) स्थानीय तथ्याङ्क सङ्कलन, अभिलेख तथा व्यवस्थापन,

ङ) विभिन्न प्रकारका करहरू सङ्कलन,

च) स्थानीय सहकारीको रेखदेख,

छ) आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था,

ज) आधारभूत स्वास्थ्य र सरसफाइको कार्य,

झ) सामाजिक सुरक्षा र व्यवस्थापनसम्बन्धी कार्य ।

## क्रियाकलाप :

१. तपाईंको आफ्नो गाउँपालिकाको गाउँ सभामा रहेका सदस्यको नामको सूची तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) गाउँपालिका भनेको के हो ?

(ख) मोलुङ गाउँकार्यपालिकामा जम्मा कतिजना सदस्यहरू रहन्छन् ?

(ग) गाउँसभा भनेको के हो ?

(घ) गाउँकार्यपालिका भनेको के हो ?

(ङ) गाउँकार्यपालिकाले के के काम गर्छ, लेख्नुहोस् ।

पाठ तीन

# मोलुङ गाउँपालिकाको शैक्षिक अवस्था र शिक्षा युवा तथा खेलकुद शाखाले प्रदान गर्ने सेवाहरू

## मोलुङ गाउँपालिकाको शैक्षिक अवस्था

शिक्षालाई विकासको प्रमुख आधार मानिन्छ। शिक्षाविना गुणस्तरीय जीवन प्राप्त गर्न सकिदैन। मोलुङ गाउँपालिकामा माध्यमिक विद्यालयहरू १० ओटा र आधारभूत विद्यालय २७ ओटा रहेका छन्। जसमध्ये १ देखि १२ सम्म सञ्चालित ६ ओटा, १ देखि १० सम्म सञ्चालित ४ ओटा, १ देखि ३ सम्म १५ ओटा, १ देखि ५ सम्म ८ ओटा, १ देखि ८ सम्म ४ ओटा गरी जम्मा ३७ वटा सामुदायिक विद्यालय सञ्चालनमा छन्। त्यस्तै यस गाउँपालिकामा ३ ओटा संस्थागत विद्यालयहरू सञ्चालनमा रहेका छन्। जसमा नर्सरीदेखि ५ सञ्चालित १ ओटा र नर्सरीदेखि ८ सञ्चालित २ ओटा रहेका छन्। यसरी सामुदायिक विद्यालयहरू ३७ र संस्थागत विद्यालयहरू ३ गरी जम्मा ४० ओटा विद्यालयहरू रहेका छन्। त्यस्तै ४० ओटा बालविकास केन्द्र र ३ ओटा सामुदायिक सिकाइ केन्द्रहरू पनि रहेका छन्। यी संस्थाहरुबाट मोलुङ गाउँपालिकामा शैक्षिक क्रियाकलाप सञ्चालन भइरहेका छन्।

राष्ट्रिय जनगणना २०७८ को जनगणना अनुसार मोलुङ गाउँपालिकामा जम्मा कुल परिवार सङ्ख्या ४०६९ रहेको छ भने कुल जनसङ्ख्या १६,४४० रहेको छ। जनघनत्व १४०प्रति वर्ग कि.मि. रहेको यस पालिकामा लैङ्गिक अनुपात ९५.१४ रहेको छ। ५ वर्षमाथिको जनसङ्ख्याको ७३.८५ प्रतिशत साक्षरता दर रहेकोमा पुरूष साक्षरता दर ८०.७४ प्रतिशत तथा महिला साक्षरता दर ६७.३९ प्रतिशत रहेको छ।

यस गाउँपालिकामा रहेको एक मात्र क्याम्पस सहिद आदर्श क्याम्पस हो। यस क्याम्पसमा स्नातक तहसम्मको पढाइ हुन्छ।

## शिक्षा, युवा तथा खेलकुद शाखाले प्रदान गर्ने सेवाहरू :

- गुणस्तरीय शिक्षा प्रवाह गर्न आवश्यक नीति, योजना तथा कार्यक्रमहरू निर्माण गरी स्वीकृतिका लागि कार्यपालिकामा सिफारिस गर्ने,
- गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत शैक्षिक तथा खेलकुदका कार्यक्रम सञ्चालन गर्ने,

- पालिकाभित्र सञ्चालित विद्यालयहरूको अनुगमन तथा निरीक्षण गरी शैक्षिक, व्यवस्थापकीय र प्रशासन सुधारका लागि आवश्यक सल्लाह, सुझाव र निर्देशन दिने,
- विद्यालय खोल्न, कक्षा थप गर्न अनुमतिका लागि सिफारिस गर्ने,
- कक्षा ८ को पालिका स्तरीय परीक्षा सञ्चालन गर्ने,
- आवश्यकताअनुसार पालिका स्तरीय उपलब्धि परीक्षा सञ्चालन गरी सिकाइ उपलब्धि मापन गर्ने,
- पालिकाभित्रको समग्र शैक्षिक विवरण तयार गरी अद्यावधिक गर्ने ।
- विद्यालयलाई प्रदान गरिने सर्सत तथा पालिका स्तरीय अनुदान रकम नियमित प्रक्रियाका आधारमा बाँडफाँट गरी निकासाका लागि सिफारिस गर्ने ।

## क्रियाकलाप

१. मोलुङ गाउँपालिकामा सञ्चालित माध्यमिक विद्यालयहरूको सूची तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. आफ्नो विद्यालयको सफा चित्र बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) मोलुङ गाउँपालिकामा कतिओटा माध्यमिक विद्यालयहरू रहेका छन् ?

(ख) मोलुङ गाउँपालिकामा कतिओटा आधारभूत विद्यालयहरू रहेका छन् ?

(ग) मोलुङ गाउँपालिकामा पाँच वर्ष माथिको जनसङ्ख्याको साक्षरता प्रतिशत कति रहेको छ ?

(घ) मोलुङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले गर्ने कुनै पाँचओटा कार्यहरूको सूची तयार पार्नुहोस् ।

## परियोजना कार्य

तपाईंको विद्यालयमा कार्यरत  माध्यमिक तहमा अंग्रेजी, नेपाली, गणित र विज्ञान शिक्षकहरुको विवरण सङ्कलन गरी कक्षा कोठामा प्रस्तुत गर्नुहोस् ।

पाठ
चार

# मोलुङ गाउँपालिकाको स्वास्थ्य अवस्था र स्वास्थ्य शाखाले प्रदान गर्ने सेवाहरू

अभिषेक र निमाछोटी उनीहरूको बाजेसँग मोलुङ गाउँपालिकाको कार्यालय गएर नयाँ कुराहरू सिक्न चाहन्छन् । उनीहरू उत्सुक र जिज्ञासु स्वभावका छन् । उनीहरूको कुराकानीलाई यहाँ प्रस्तुत गरिएको छ ।

बाजे : हेर्दाहेर्दा यो गाँउ कति सफा र स्वच्छ भएछ ? मानिसहरू कति स्वस्थ र निरोगी छन् है !

अभिषेक : पहिलेका मानिसहरू स्वस्थ र निरोगी थिएनन् र ? अनि यो स्वस्थ र निरोगी भनेको के हो नि ?

बाजे : सुन ल, "मानिस स्वस्थ वा निरोगी रहनु भनेको शारीरिक, मानसिक, सामाजिक तथा

संवेगात्मक रूपमा ठिक अवस्थामा रहनु हो ।"

*(त्यत्तिकैमा अभिषेकले थप जिज्ञासा राख्दै सोध्छन् ।)*

अभिषेक : अनि यो स्वास्थ्यको चाहिँ के महत्व छ त ?

बाजे : "स्वस्थ मानिसले मात्र राम्रोसँग सोच्न सक्छ। राम्रोसँग पढ्न पनि स्वस्थ रहनुपर्छ । यस्तै विभिन्न किसिमका काम गर्न पनि मानिस स्वस्थ रहनुपर्छ । स्वस्थ मानिसले मात्र आफ्नो ज्ञान र सिपको सदुपयोग गर्न सक्छ। मानिसले ज्ञान र सिपको प्रयोग गरेर मात्र देश विकासमा योगदान दिन सक्छ । देश विकासका लागि स्वस्थ मानिसको आवश्यकता पर्दछ ।" बाजेले स्वास्थ्यको महत्व बताउँदै भन्नुभयो ।

निमाछोटी : यस भन्दा अगाडि गाउँमा उपचार गराउनको लागि अस्पताल, स्वास्थ्य चौकीहरू थिएनन् र ?

बाजे : कहाँ हुनु नि, पहिले पहिले मानिसहरू बिरामी हुँदा उपचार गर्न धामी झाक्रीकोमा जान्थे ।

अन्धविश्वास र रूढिवादी सोच थियो । गाँउघरमा अहिलेको जस्तो उपचार गर्ने ठाउँहरू थिएनन् । टाढाटाढा धाएर उपचार गर्न जानुपर्थ्यो । अहिलेको जस्तो बाटोघाटोको पनि सुविधा थिएन । पहिले र अहिलेमा अहिलेको परिवर्तन देख्दा कथा जस्तो पो लाग्छ ।

(यत्तिकैमा उनीहरू मोलुङ गाउँपालिकाको कार्यालय पुग्छन् र संयोगवश उनीहरूले त्यहाँ स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य शाखा प्रमुखलाई भेट्छन् । बाजेले स्वास्थ्य शाखा प्रमुखसँग परिचय गराउँछन् । उनीहरूलाई ढुङ्गा खोज्दा देउता मिले झैँ लाग्छ । )

निमाछोटी : गाउँपालिकामा स्वास्थ्य सेवा उपलब्ध गराउने कस्ता कस्ता स्वास्थ्य संस्थाहरू रहेका छन् ?

स्वास्थ्य शाखा प्रमुख : गाउँपालिका वडा नं. ५ बाहेक प्रत्येक वडामा एकएकओटा स्वास्थ्य चौकी रहेका छन् । गाउँपालिका भित्र वडा नं. ५ मा दुईओटा र अन्य वडामा एक एकओटा सामुदायिक स्वास्थ्य इकाइ गरी जम्मा ९ ओटा सामुदायिक स्वास्थ्य इकाइ रहेका छन् । वडा नं. १, २, ३, ४, ६ र ८ मा एक एकओटा र वडा नं. २ मा दुईओटा बर्थिङ सेन्टर गरी जम्मा ८ ओटा बर्थिङ सेन्टर रहेका छन् । त्यसैगरी वडा नं. ५ मा बाहेक प्रत्येक वडामा ३/३ ओटा क्लिनिकहरू सञ्चालनमा रहेका छन् भने वडा नं. ३ र ५ मा २/२ ओटा र अरू वडामा ३/३ ओटा खोप केन्द्र गरी जम्मा २२ ओटा खोप केन्द्रमार्फत आफ्ना कार्यक्रम सञ्चालनमा छन् । त्यस्तै वडा नं. ४ मा एउटा आयुर्वेदिक सेवा केन्द्र पनि रहेको छ । यसबाहेक पालिकाले विपन्न स्वास्थ्य सहयोग कार्यक्रम, सुत्केरी भेट कार्यक्रम, आयुर्वेदिक सेवा आदि कार्यक्रम चलाइरहेको छ ।

निमाछोटी : अनि गाउँपालिकाको वडा नं. ५ मा स्वास्थ्य चौकीको व्यवस्था रहेनछ ? त्यहाँका मानिसले पनि स्वास्थ्य सेवा पाउनु पर्यो होला नि । त्यहाँ स्वास्थ्य चौकी स्थापनाको लागि केही पहल भएको छ कि ?

स्वास्थ्य शाखा प्रमुख : सही प्रश्न गर्नुभयो । गाउँपालिका भित्रका सबै मानिसले स्वास्थ्य सेवा पाउनुपर्छ भन्ने मान्यताका साथ स्वास्थ्य चौकी स्थापनाका लागि प्रदेश तथा सङ्घीय सरकारसँग पहल भइरहेको छ। साथै त्यहाँ रहेको स्वास्थ्य इकाइलाई थप व्यवस्थित गरी सेवा प्रदान भइरहेको छ ।

निमाछोटी : (थप उत्साहित हुँदै) गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमा काम गर्ने स्वास्थ्य जनशक्तिको अवस्था चाँहि कस्तो छ त ?

स्वास्थ्य शाखा प्रमुख : ल सुन्नुहोस्, गाउँपालिकाको समग्र स्वास्थ्य व्यवस्थापान हेर्नका निमित्त र स्वास्थ्य शाखासम्बन्धी प्रशासनिक कार्यका लागि एउटा स्वास्थ्य शाखा रहेको छ । जसमा १ जना जनस्वास्थ्य निरीक्षक, १ जना सिनियर अहेव र १ जना अनमी गरी ३ जना कर्मचारी कार्यरत रहनु भएको छ । यस बाहेक गाउँपालिकाभर सिनियर अहेव ४ जना, अहेव ७ जना, सिनियर अनमी ११ जना, अनमी १६ जना कार्यरत हुनुहुन्छ भने गाउँपालिकाभर ६९ जना महिला स्वास्थ्य स्वयंसेविका पनि रहनुभएको छ । स्वास्थ्य क्षेत्रमा रहेका यिनै जनशक्तिबाट गाउँपालिकाभित्रको स्वास्थ्य सेवा सञ्चालन भइरहेको छ ।

बाजे : हामीले गाउँपालिका स्तरीय अस्पतालको पनि कुरा सुनेका छौँ ? हाम्रो पालिकामा त्यस्तो अस्पताल बनेको छ कि छैन, बताइदिनुहोस न ?

स्वास्थ्य शाखा प्रमुख : मोलुङ गाउँपालिकामा गाउँपालिका स्तरीय १५ बेडको अस्पताल बन्ने कुरा छ । त्यसको लागि यस गाउँपालिका वडा नं. २ रामपुरमा निःशुल्क रूपमा जग्गा प्राप्त भइसकेको छ। DPR (Detailed Project Report) भई अस्पताल बनाउन ठेक्का लगाइ सकिएको थियो । तर, प्राविधिक कारणवश त्यो अगाडि बढ्न सकेको छैन । यो हाम्रो लागि दुर्भाग्यको कुरा हो ।

अभिषेक : गाउँपालिकामा खोप कार्यक्रम पनि सञ्चालनमा होलान् नि, हैन ? बालबालिकाहरूमा कस्ता कस्ता खोप कार्यक्रम सञ्चालनमा रहेका छन् ?

स्वास्थ्य शाखा प्रमुख : यस पालिकामा बी.सी.जी., पेन्टा भ्यालेन्ट, पोलियो तेस्रो, दादुरा रूबेला, जापानिज इन्सेफ्लाइटिस आदि खोपहरू बालबालिकाहरूलाई दिइरहेको छ ।

निमाछोटी : यस पालिकामा स्वास्थ्य परीक्षणमार्फत कस्ता कस्ता रोगका बिरामीहरू देखापरेका छन् नि ?

स्वास्थ्य शाखा प्रमुख : यस गाउँपालिकामा देखापरेका रोगहरू निमोनिया, झाडा पखाला, क्षयरोग, ग्यास्टिक, पक्षघात, क्यान्सर, मधुमेह, दम, रक्तचाप आदि रहेका छन् । यहाँ ग्यास्टिकका बिरामी सबैभन्दा बढि रहेका छन् भने दोस्रोमा रक्तचापका बिरामी र तेस्रोमा मधुमेहका रोगीहरू रहेका छन् ।

बाजे : गाउँपालिकामा घुम्ति स्वास्थ्य सेवा सञ्चालनमा छ भन्ने सुनेको थिएँ । यसको बारेमा पनि प्रस्ट पारिदिनुस् न ।

स्वास्थ्य शाखा प्रमुख : हो, हजुरले सही सुन्नु भएको रहेछ । यस गाउँपालिकाले वृद्ध वृद्धा, अशक्त, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगीलगायतका नागरिकहरूलाई टोलटोलमा पुगेर विशेषज्ञसहितको घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ । शिविरबाट निःशुल्क औषधी वितरण, स्वास्थ्य परिक्षण तथा आवश्यक परे उपचारको लागि रिफर गरिन्छ । यो सेवा प्रत्येक महिनाको १३ गते देखि १७ गतेसम्म सञ्चालन गरिन्छ ।

निमाछोटी : गाउँपालिका स्वास्थ्य शाखाले प्रदान गर्ने सेवाहरू के के हुन् त सर ?

स्वास्थ्य शाखा प्रमुख : गाउँपालिका स्वास्थ्य शाखाले निम्न सेवाहरू प्रदान गर्दछ ।

- विपन्न नागरिकलाई औषधी उपचारका लागि सिफारिस दिने,

- स्वास्थ्य जीवन जिउनको लागि आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
- गाउँपालिकाबाट स्वीकृत भएका स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने,
- स्वास्थ्य सेवाको पहुँच सबै जनतासँग पुऱ्याउन आवश्यक नीति तथा कार्यक्रमहरू सञ्चालन गर्ने ।
- स्वास्थ्य चौकी तथा स्वास्थ्य युनिटहरूको सेवा प्रवाहको अनुगमन गरी गुणस्तरीय तथा प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाउने,
- स्वास्थ्य सेवा प्रदानका लागि आवश्यक सामग्रीहरू तथा औषधीहरूको खरिद गरी भण्डारण गर्ने र स्वास्थ्य चौकी तथा स्वास्थ्य युनिटहरूमा वितरण गर्ने ।

सबैजनाले एकै स्वरमा भन्नुहुन्छ : धन्यवाद, स्वास्थ्य शाखा प्रमुखज्यू, यहाँले हामीलाई महत्त्वपूर्ण समय दिनुभयो र यस गाउँपालिकाको स्वास्थ्य अवस्था र स्वास्थ्य शाखाको बारेमा जान्ने मौका दिनुभयो । फेरि पनि धेरै धेरै धन्यवाद ।

## क्रियाकलाप

१. मोलुङ गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरूको खोजीगरी सूची तयार पार्नुहोस् ।

२. स्वास्थ्य संस्थाबाट निःशुल्क रूपमा प्राप्त हुने औषधीहरू के के हुन्, स्वास्थ्य शाखा प्रमुखलाई सोधी सूची तयार पार्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) स्वास्थ्य भनेको के हो ?

(ख) स्वास्थ्यको महत्व लेख्नुहोस् ।

(ग) मोलुङ गाउँपालिकाका स्वास्थ्य जनशक्तिको बारेमा लेख्नुहोस् ।

(घ) गाउँपालिकामा कस्ता कस्ता रोगका बिरामीहरू रहेका छन्, उल्लेख गर्नुहोस् ।

(ङ) मोलुङ गाउँपालिकाको स्वास्थ्य संस्थाको अवस्थाबारे लेख्नुहोस् ।

## २.तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्

### आयुर्वेदिक सेवाः

मोलुङ गाउँपालिकाले स्वास्थ्य पहुँच सबैलाई पुऱ्याउने उद्देश्यले एक आयुर्वेदिक सेवाको व्यवस्था गरेको छ । यो आयुर्वेदिक सेवा केन्द्र मोलुङ गाउँपालिकाको वडा नं. ४ हर्कपुरमा रहेको छ । यसले त्यहाँबाट आफ्ना सेवाहरू प्रदान गरिरहेको छ । त्यस्तै यसले गाँउघर क्लिनिकमार्फत आफ्नो थप सेवा विस्तार गरेको छ। जसले स्वास्थ्य पँहुचमा वृद्धि भएको छ। यसले महिनाको पहिलो मङ्गलवार १ दिन वडा नं. ६ श्रीचौर र महिनाको पहिलो शुक्रवार एक दिन वडा नं. ८ राँगादिपमा गाउँघर क्लिनिक सञ्चालन गर्दै आइरहेको छ । जसमा आयुवेर्दिक वैद्य निरीक्षक (अधिकृत छैटौ) मार्फत सेवा प्रवाह भइरहेको छ। निःशुल्क आयुर्वेदिक औषधी वितरण गरिने भएको र त्यसको साइड इफेक्ट पनि कम हुने भएकाले यस सेवाप्रति जनताको आकर्षण बढ्दै गइरहेको छ। यो सेवाले ग्यास्टिक, रक्तचाप, बाथ, दीर्घरोग विरूद्ध शक्तिबर्द्धकका रूपमा काम गरिरहेको छ । आयुर्वेदिक सेवा र वितरण हुने आयुर्वेदिक औषधीहरूको उपयोगिता र प्रभावकारिता बारेमा बताउन गाउँपालिकाले विद्यालय जडीबुटी, आयुर्वेद शिक्षा र सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनमा ल्याएको छ।

## १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) आयुर्वेदिक सेवा केन्द्र कहाँ रहेको छ ?

(ख) आयुर्वेदिक सेवा केन्द्रले आफ्नो सेवा कहाँ कहाँ विस्तार गरेको छ ?

(ग) आयुर्वेदिक सेवाप्रति मानिसहरूको आकर्षण बढ्नुको कारण के हो?

(घ) आयुर्वेदिक सेवा केन्द्रले केकस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ?

पाठ
पाँच

# पशु तथा कृषि विकास शाखा र यसले प्रदान गर्ने सेवाहरू

## कृषि तथा पशु

जमिनमा खनजोत गरी खाद्य बाली तथा नगदे बाली उब्जाउने काम नै कृषि हो । अर्थात् खाद्य बाली, नगदे बाली, फलफूल खेती, पशु, माछा वा पंक्षी पालन जस्ता कार्यले  कृषिकार्य जनाउँछ । नेपालमा धेरै मानिसहरू कृषि पेसामा निर्भर छन् । मोलुङ गाउँपालिकामा पनि धेरै मानिसहरू कृषि क्षेत्रमा निर्भर छन् । मोलुङ गाउँपालिको आम्दानीको मुख्य स्रोत पनि कृषि नै हो । मोलुङ गाउँपालिका प्राकृतिक विविधताले सुसज्जित छ । यहाँ तराईदेखि पहाडसम्मको विविध हावापानी पाइन्छ । मोलुङ गाउँपालिकाको मुख्य नारा नै **'कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ'** रहेको छ । यसबाट पनि के प्रस्ट हुन्छ भने मोलुङ गाउँपालिकाले कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेको छ ।

मोलुङ गाउँपालिकाको कुल ११ हजार २ सय ३४ हेक्टर जमिनमध्ये ६४ प्रतिशत क्षेत्र कृषिले ओगटेको छ । यहाँको प्रमुख खाद्यान्न बालीअन्तर्गत धान, गहुँ, मकै, कोदो, फापर, जौ आदि पर्दछन् । यी खाद्यान्न बाली सबै ठाँउमा समान रूपले उत्पादन हुँदैनन् । यस गाउँपालिकाको बेसिहरु तथा फागुनेटार, रामपुरटार, जरायोटार आदि क्षेत्रमा प्रशस्त मात्रामा धान, गहुँ र मकै खेती हुन्छ भने पालिकाको माथिल्लो भेगमा रहेका स्थानहरूमा कोदो, जौ, फापर, आलु उत्पादन हुने गर्दछ । त्यस्तै कुखुरापालन, बाखापालन, बङ्गुरपालनतर्फ पनि कृषकहरू आकर्षित भएको पाइन्छ । यहाँ तरकारी र फलफूल पनि उत्पादन गरिन्छ । अलैँची, अदुवा, अकबरे खुर्सानी, बेसार आदि उत्पादन गरी आम्दानी लिने गरिएको छ ।

मोलुङ गाउँपालिकाले कृषि क्षेत्रमा आकर्षण बढाउनको लागि व्यवहारिक कृषि ज्ञान, सिप, तालिम र उचित अनुदानको व्यवस्था गर्ने नीति लिएको छ । सामूहिक खेती प्रणालीलाई बढावा दिन वडा नं. ६ र ८ मा किवी खेतीको सुरूवात गरेको छ । वडा नं. ६ मा किवी नर्सरी स्थापना गरी किवीका बिरुवा उत्पादन गरिएको छ । वडा नं. ६, ७ र ८ किवी खेतीको लागि उपयुक्त छ । वडा

नं. १ को ढकाल गाउँ, वडा नं. ८ को सख्खरे र माझखर्क आलु जोनको रूपमा तथा वडा नं. ६ मा आलु पकेट क्षेत्र र किवी पकेट क्षेत्र कार्यक्रम लागु भएको छ। वडा नं. ८ अकबरे खुर्सानी, लप्सी खेती र टिमुर खेतीका लागि उपयुक्त छ। त्यस्तै वडा नं. ८ बङ्गुर पकेट कार्यक्रम, वडा नं. २ बङ्गुर र बाख्रा पकेट क्षेत्र, वडा नं. ३ बङ्गुर पकेट क्षेत्र र वडा नं. ४ र ५ मा बङ्गुर, बाख्रा र कुखुरा पकेट क्षेत्र कार्यक्रम लागु गरिएको छ।

टोलटोलमा प्राविधिक तथा विशेषज्ञ सेवा कार्यक्रम प्रदान भइरहेको छ। हावापानी, उपयुक्त माटो आदिको आधारमा 'एक वडा एक उत्पादन' को नीति लिइएको छ। उत्पादनमा आधारित नतिजालाई आधार मानेर कृषि अनुदान कार्यक्रममा जोड दिइएको छ। यस्ता कुराहरूले उत्पादनमा वृद्धि गरेको पाइन्छ।

कृषियोग्य जमिनमा सिँचाइ नहुनु, उत्पादन भएका वस्तुहरूले राम्रो मूल्य नपाउनु, समयमा मलखाद नपाउनु, उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन समस्या हुनु, बजारको अभाव हुनु, कृषि क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन्।

### पशु तथा कृषि विकास शाखाले प्रदान गर्ने सेवाहरू :

मोलुङ गाउँपालिकामा कृषि क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्न, कृषकहरूलाई आवश्यक सहजीकरण गर्न आधुनिक कृषि औजार, मल, बिउ आदिको वितरण गर्नका लागि कृषि शाखा रहेको छ। यहाँ कृषिको प्रचुर सम्भावना रहेको हुँदा आधुनिक कृषि प्रणाली अपनाउन, कृषि उत्पादनलाई व्यवसायीकरण गर्न, बजारीकरणमा ध्यान दिन, युवालाई कृषि पेसामा आकर्षित गर्न, उन्नत जातको बिउ तथा प्रविधिको विस्तारमा सहयोग पुऱ्याउन तथा कृषि क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्न मोलुङ गाउँपालिकाको पशु तथा कृषि विकास शाखाले निम्न सेवाहरू प्रदान गर्ने गरेको छ :

१. कृषि तथा पशु समूह दर्ता र नवीकरण गर्ने,

२. कृषि तथा पशु पालनको फर्म दर्ता गर्ने,

३. पशुधन मृत्यु बिमा दाबीको सिफारिस गर्ने,

४. कृषि तथा पशु व्यवसाय र फर्महरू छनोट गरी अनुदान वितरणका लागि सिफारिस गर्ने,

५. पकेट क्षेत्रहरूको छनोटका लागि सिफारिस तथा छनोट भएका पकेट क्षेत्रहरूको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने,

६. कृषकहरूलाई आधुनिक कृषि सामग्रीहरू तथा बिउ वितरण गर्ने,

७. रासायनिक मल, किटनाशक विषादीहरूको आयात र वितरण गर्ने,

८. पशुपक्षीहरूमा विभिन्न रोगविरूद्ध खोप कार्यक्रम तथा उपचारको कार्यक्रम सञ्चालन गर्ने ।

## क्रियाकलाप

१. तपाईंको समुदायमा उत्पादन हुने कृषि उत्पादनहरूको सूची बनाउनुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) कृषि भन्नाले के बुझिन्छ ?

(ख) कृषि कार्यअन्तर्गत केकस्ता कामहरू पर्छन् ?

(ग) मोलुङ गाउँपालिकाका प्रमुख कृषि बालीहरू के के हुन् ?

(घ) मोलुङ गाउँपालिकाले कृषि क्षेत्रको आकर्षण बढाउन केकस्ता नीति लिएको छ, लेख्नुहोस् ।

(ङ) मोलुङ गाउँपालिकाको कृषि शाखाले प्रदान गर्ने कुनै चारओटा सेवाहरू लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको समुदायमा कृषि कार्यमा संलग्न भएका कृषकहरूलाई भेटेर उनीहरूले उत्पादन गर्ने वस्तुहरू, उत्पादित वस्तुबाट हुने आम्दानी र त्यसले जीवनस्तरमा परेको प्रभावलाई समेटी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ
छ

# मोलुङ गाउँपालिका अन्य सेवा प्रदायक शाखाहरु र तिनका कार्यहरू

## प्रशासन शाखा:

मोलुङ गाउँपालिकामा गाउँपालिकाको समग्र प्रशासनिक कार्य सञ्चालन र व्यवस्थापन गर्ने प्रशासन शाखा रहेको छ । यो शाखा सेवाग्राहीलाई सेवा प्रदान गर्ने प्रमुख र जिम्मेवार शाखा हो । प्रशासन शाखाले गाउँपालिकाको दैनिक कामकाजलाई सहज व्यवस्थित र दिगो बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । यस शाखाले अन्य शाखाहरूबिच समन्वयकारी भूमिका पनि खेल्छ । गाउँपालिकाका योजना नीति र कानुनी प्रावधानहरूको कार्यान्वयन सुनिश्चित गर्दै सेवाग्राहीलाई गुणस्तरीय सेवा उपलब्ध गराउँछ ।

## प्रशासन शाखाले प्रदान गर्ने सेवाहरू :

- सेवाग्राहीलाई निष्पक्ष र सहज तरिकाले सेवा प्रदान गर्ने,
- संस्था, समूह, समिति दर्ता र नवीकरण गर्ने,
- व्यवसाय दर्ता र नवीकरण गर्ने,
- दैनिक प्रशासनिक कार्यहरू सञ्चालन गर्ने,
- कार्यालयसँग सम्बन्धित पत्र तथा निवेदनहरू दर्ता गर्ने,
- सिफारिस तथा चिठी पत्रहरू बनाउने, दर्ता र चलानीसम्वन्धी कार्य गर्ने,
- कर्मचारीहरूको जिम्मेवारी तोक्ने,
- कर्मचारीहरूको व्यक्तिगत अभिलेखहरू राख्ने ।

## आर्थिक प्रशासन शाखा :

सरकारले विभिन्न स्रोतबाट आय र व्ययको सङ्कलन गर्ने, त्यसको परिचालन गर्ने, खर्च गर्ने, खर्चको लेखा राख्ने, लेखापरीक्षण गराई समग्र वित्तीय उत्तरदायित्व वहन गर्नेसम्मको समग्र कार्यलाई आर्थिक प्रशासन भनिन्छ ।

आर्थिक स्रोत साधनको उचित व्यवस्थापन गर्दै मितव्ययितापूर्ण ढङ्गले खर्च र कुशलतापूर्वक उपयोगमार्फत त्यसको सार्वजनिक सेवा प्रवाहमा आर्थिक प्रशासनले महत्वपूर्ण भूमिका खेल्दछ । गाउँपालिकामा आर्थिक प्रशासन शाखाको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- स्रोत व्यवस्थापन गर्ने,
- खर्च व्यवस्थापन गर्ने,
- अनुदान तथा ऋण व्यवस्थापन गर्ने,
- वित्तीय प्रशासनलाई प्रभावकारी बनाउने,
- उत्तरदायित्व निर्वाह गर्ने तथा पारदर्शीता कायम गर्ने
- सेवा प्रवाहमा प्रभावकारिता ल्याउने,
- जनविश्वास अभिवृद्धि गर्ने ।

## महिला, बालबालिका तथा समाज कल्याण शाखा

महिला, बालबालिका, जेष्ठ जागरिक तथा अपाङ्गता भएका नागरिकहरूले समाजको जनसङ्ख्याको ठुलो हिस्सा ओगटेका छन् । यिनीहरूको पनि समाज विकासमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । समाजका बालबालिकाको अधिकारको प्रत्याभूत गर्न स्वास्थ्य, शिक्षा र सुरक्षा सुनिश्चित गर्न महिलालाई स्वास्थ्य, शिक्षा, स्वतन्त्रता र हिंसाबाट मुक्त गर्नका साथै वृद्ध, अशक्त, अनाथ र समाजका गरिब तथा अप्ठ्यारोमा परेका वर्गलाई आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा सहयोग पुऱ्याई सामाजिक न्यायको प्रवर्धन गर्नको निमित्त मोलुङ गाउँपालिकामा महिला बालबालिका तथा समाज कल्याण शाखा रहेको छ । यो शाखाले महिला सशक्तीकरण, बालबालिकाको संरक्षण जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, अशक्त र अन्य

जोखिमपूर्ण अवस्थाका व्यक्तिहरूलाई सहयोग पुऱ्याउन विभिन्न कार्यक्रम र सेवाहरू सञ्चालन गर्छ ।

मोलुङ गाउँपालिकाले बालबालिकाको समुचित विकास गर्न नवजात शिशु बचत रकम निश्चित लक्षित वर्गमा दिने गरेको छ । पालिकामार्फत बालबालिकाको खातामा जम्मा गरिदिने रकम रू ५००० रहेको छ । यहाँका आठओटै वडाहरूमा महिला समूहहरू गठन गरिएको छ । टोलटोलमा महिला समूहको उपस्थितिले महिला सशक्तीकरणमा टेवा पुगेको छ । त्यस्तै अपाङ्गता भएका विपन्न नागरिकको स्वास्थ्य बिमा निःशुल्क गरिदिने व्यवस्था गरिएको छ ।

## महिला, बालबालिका तथा समाज कल्याण शाखाले प्रदान गर्ने सेवाहरू :

१. महिला सचेतना तथा बालबालिकाको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,

२. घरेलु हिंसा तथा लैङ्गिक हिंसा विरूद्ध सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्ने,

३. जेष्ठ नागरिक परिचय पत्र वितरण गर्ने,

४. विशेष क्षमता भएका नागरिकहरूको वर्गीकरण गरी परिचय पत्र दिने ।

## भौतिक पूर्वाधार तथा निर्माण शाखा

भौतिक पूर्वाधार भनेको आर्थिक, सामाजिक र प्रशासनिक गतिविधिहरूलाई सञ्चालन गर्न आवश्यक पर्ने भौतिक संरचनाहरू हुन् । यसले आधारभूत सेवा प्रवाहलाई सहज र सरल बनाउने काम गर्दछ । भौतिक पूर्वाधार निर्माण भन्नाले सडक, भवन र पर्खाललगायतका विभिन्न पूर्वाधारहरूको निर्माणलाई बुझाउँछ । भौतिक पूर्वाधार निमार्णले देशको विकास र समृद्धि देखाउँछ । भौतिक पूर्वाधार निर्माण गर्दा निश्चित मापदण्डको आधारमा रहेर गर्नुपर्छ । एउटा विकासले अर्को विकासलाई अवरोध वा बाधा नपुऱ्याओस् भन्ने कुरामा ध्यान दिनु आवश्यक छ । एक अर्कामा जोडिएका यस्ता कुरालाई सही रूपमा सम्पन्न गर्नसके मात्रै भौतिक पूर्वाधार निर्माणको महत्व सावित हुन्छ । केही ठूला योजना निर्माण गर्दा भविष्यमा समस्या सिर्जना नहोस् भनि नेपाल सरकारको मापदण्डका आधारमा वातावरणीय प्रभाव मूल्याङ्कन गरिन्छ । सामान्य किसिमका भौतिक संरचना निर्माणअघि पनि सरकारकै

मापदण्डको आधारमा रही प्राविधिकको सल्लाह र रोहबरमा गरिन्छ । यसरी तयार गरिएका भौतिक पूर्वाधार दिगो र भरपर्दो हुन्छ ।

गाउँपालिकाको भौतिक पूर्वाधार तथा निर्माण शाखा स्थानीय विकासको मेरूदण्ड हो । आधारभूत संरचनाको निर्माण र विकास, दिगो तथा गुणस्तरीय संरचना विकासको सुनिश्चितता र स्थानीय विकास योजना कार्यान्वयन गर्ने काम यो शाखाले गर्छ । सिँचाइको विकास, आर्थिक वृद्धि र रोजगारी सृर्जना गर्ने काम पनि यस शाखाबाट हुने गरेको छ । भौतिक संरचना संरक्षण, ढल निकास तथा सरसफाइ व्यवस्था, सडक निर्माण र विकास यसको मुख्य काम हो ।

## न्यायिक समिति (न्यायिक सेवा) र कानुन शाखाले प्रदान गर्ने सेवाहरू :

संविधानअनुसार नेपालमा सङ्घ, प्रदेश र स्थानीय सरकार गरी तीन तहका राज्यको शासन व्यवस्था रहेको छ । केन्द्रमा सङ्घीय सरकार, प्रदेशमा प्रदेश सरकार र स्थानीय तहमा स्थानीय सरकार रहेको छ । स्थानीय तहमा गाउँपालिका र नगरपालिका रहने प्रावधान छ । सोही अनुरूप संविधानले मुद्दा मामिलाको जानकारीका लागि स्थानीय सरकारलाई अधिकार प्रदान गरेको छ । नेपालको संविधान २०७२ को धारा २१७ अनुसार कानुनबमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा गाउँसभा वा नगर सभाबाट आफूमध्ये निर्वाचित गरेका दुई सदस्यसहित गठन हुने तीन सदस्यीय समिति नै न्यायिक समिति हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम न्यायिक समितिको अधिकार क्षेत्रभित्र देहायका अधिकार हुने व्यवस्था छ :

१. विवादको निरूपण गर्ने अधिकार, (१३ ओटा )

२. मेलमिलापको माध्यमबाट वादविवादको जानकारी गर्ने अधिकार, (११ओटा )

मोलुङ गाउँपालिकामा स्थानीयवासीको मुद्दा मामिलाको सुनुवाइका लागि हप्ताको प्रत्येक शुक्रवार न्यायिक समितिको न्यायलय बस्ने गरेको छ । आवश्यक परेको खण्डमा अरू जुनसुकै समयमा बस्ने व्यवस्था समेत छ । त्यस्तै स्थलगत अध्ययन तथा अनुगमन गरेर पनि मुद्दाको किनारा वा

फैसला गर्ने गरिएको छ। मोलुङ गाउँपालिकाले कानुनी सल्लाहकारको पनि व्यवस्था गरेको छ। यस पालिकाको न्यायिक समितिले कुनै पनि विवाद वा मुद्दाको निवेदन परेको ९० दिनभित्र त्यसको किनारा वा फैसला गर्ने व्यवस्था गरेको छ। मोलुङ गाउँपालिकामा मुद्दा वा विवादको किनारा लगाउन नसकेको अवस्थामा जिल्ला अदालत पठाउने व्यवस्था रहेको छ। साथै वडामा एकएकओटा मेलमिलाप केन्द्र पनि गठन गरिएको छ।

## कानुन (न्यायिक समिति) शाखाले प्रदान गर्ने सेवाहरू :

१. सामान्य प्रकृतिका उजुरी तथा विवाद मेलमिलापमार्फत छिनोफानो गर्ने,

२. आवश्यकताअनुसार कानुनी राय र परामर्श दिने,

३. निरूपण हुने क्षेत्रअन्तर्गत निर्णय र संरक्षात्मक आदेश जारी गर्ने।

## सूचना तथा प्रविधि शाखा

सूचना तथा प्रविधिसँग सम्वन्धित गतिविधिहरू सञ्चालन गर्न, प्रविधिको प्रयोगद्वारा सेवा प्रदान गर्न र दिगो विकासमा प्रविधिको भूमिका सुनिश्चित गर्नको लागि मोलुङ गाउँपालिकामा सूचना तथा प्रविधि शाखा रहेको छ। यस शाखाले गाउँपालिकाको समग्र सूचना व्यवस्थापन प्रणाली सञ्चालन गर्छ। यो शाखाले ई–गभर्नेन्स् प्रणालीको विकास तथा सञ्चालन गर्दै गाउँपालिका र नागरिकबिच सहज सञ्चारको माध्यम तयार गर्छ।

यो शाखाले गाउँपालिका अर्न्तगत सबै कार्यालयलाई आवश्यक सूचना तथा प्रविधिसम्बन्धी सहयोग उपलब्ध गराउँछ। कार्यालयहरूमा डिजिटल सञ्चार निर्माण गर्छ। वेबसाइट तथा मोवाइल एप्सको विकास गर्न र डिजिटल माध्यमबाट नागरिकहरूसँगको सम्बन्ध विस्तार गर्न यस शाखाले महत्त्वपूर्ण भूमिका खेलेको छ। यस शाखाले सूचना सुरक्षालाई समेत प्राथमिकतामा राखेर काम गरेको छ। यसले प्रशासनलाई पारदर्शी, जवाफदेही र प्रविधिमैत्री बनाउदै स्थानीय विकास र सेवा प्रवाहमा परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ।

## सूचना तथा प्रविधि शाखाले प्रदान गर्ने सेवाहरू :

- पालिकाले प्रकाशित गरेका आवश्यक सूचनाहरू वेबपेजमा राख्ने,
- मोलुङ गाउँपालिकालाई प्रविधिमैत्री बनाउन आवश्यक योजना निमार्ण गर्ने,
- स्वीकृत भएका सूचना प्रविधिका योजनाहरू कार्यान्वयन गर्ने ।

## योजना तथा अनुगमन शाखा

### योजना

योजना भनेको निश्चित लक्ष्य वा उदेश्य प्राप्त गर्नका लागि डिजाइन गरिएका कार्य वा रणनीतिहरूको सङ्गालो हो । योजना तयार गर्नु निश्चित नतिजा प्राप्त गर्नका लागि एक महत्त्वपूर्ण कदम हो । योजनाले कामका लागि पथप्रदर्शन गर्छ । अर्थात् स्रोतहरू  प्रभावकारी रूपमा प्रयोग भएको सुनिश्चित गर्न मद्दत गर्छ ।

### अनुगमन

अनुगमन भनेको कुनै कार्य, योजना, प्रक्रिया वा गतिविधि ठिक तरिकाले भइरहेको छ कि छैन भनि निरीक्षण वा मूल्याङ्कन गर्ने प्रक्रिया हो । अर्थात अनुगमन भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह उचित ढङ्गले भए नभएको वा अपेक्षित नतिजा हासिल भए नभएको सम्बन्धमा कार्यान्वयन गर्ने निकाय वा कानुनबमोजिम अख्तियार प्राप्त निकायले तोकेको व्यक्ति वा संस्थाबाट निरन्तर वा आवधिक रूपमा गरिने निगरानी, सूचना सङ्कलन, विश्लेषण, तथा सुधारात्मक कार्यलाई बुझिन्छ ।

मोलुङ गाउँपालिकाभित्र सञ्चालित कार्यहरूको तोकिएको परिमाण, लागत र गुणस्तरीयता कायम गर्न र कार्यतालिकाअनुसार काम भए नभएको विषयमा नियमत रूपमा अनुगमन गर्ने गरिएको छ । यसैगरी यस शाखाले स्थानीय उपभोक्ता समितिबाट भएका कामहरूको विद्यमान कार्यविधि, प्रक्रियाअनुसार काम भए नभएको अनुगमन गर्दछ । योजना वा कार्यक्रमको डिजाइन वा

कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्नसमेत यस शाखाले अनुगमन गर्ने गरेको छ ।

## अनुगमन विधि

मोलुङ गाउँपालिकाको योजना तथा अनुगमन शाखाले अनुगमन गर्दा देहायकामध्ये आवश्यकता अनुसार सबै वा कुनै विधि प्रयोग गर्ने गरेको छ :

क. स्थलगत अवलोकन गर्ने,

ख. योजनाको प्राविधिक परीक्षण गर्ने,

ग. सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई आयोजना गर्ने,

घ. कार्यान्वयनमा संलग्न व्यक्ति, समूह वा निकायबाट प्रतिवेदन लिने,

ङ. लाभान्वित वर्ग तथा सरोकारवालाहरूसँग छलफल गर्ने, आदि ।

गाउँपालिकाको विकासका निमित्त विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । साथै विभिन्न विकास निर्माण कार्यहरू पनि सञ्चालन भइरहेका छन् । गाउँपालिकाभित्र यस्ता योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको निमित्त योजना तथा अनुगमन शाखा रहेको हुन्छ ।

## योजना तथा अनुगमन शाखाले प्रदान गर्ने सेवाहरू :

- गाउँपालिकामा सञ्चालन हुने योजनाहरूको सम्झौता गर्ने,
- योजनाको नाममा खाता सञ्चालन तथा खाता बन्दको सिफारिस गर्ने,
- सञ्चालित योजनाहरूको लागत इष्टिमेट, गुणस्तर तथा कार्य प्रगतिको अनुगमन गर्ने,
- कार्य सम्पन्न भइसकेका योजनाहरूको अनुगमन गरी भुक्तानीका लागि सिफारिस गर्ने ।

## वडा कार्यालय र यसले प्रदान गर्ने सेवाहरू :

नेपालमा हाल सङ्घीय सरकार १ ओटा, प्रदेश सरकार ७, र स्थानीय सरकार (नगरपालिका र गाउँपालिका) जम्मा ७५३, गरी जम्मा ७६१ ओटा सरकार रहेका छन् । ७५३ स्थानीय तहअन्तर्गत ६७४३ वडाहरू रहेका छन् । त्यसमध्ये कोसी प्रदेशमा हाल ४९ नगरपालिका , १३७ गाउँपालिका र ११५७ वडाहरू रहेका छन् । ओखलढुङ्गा जिल्लामा एउटा नगरपालिका, ७ गाउँपालिका र ७५ ओटा वडाहरू रहेका छन् । मोलुङ गाउँपालिकामा ८ ओटा वडा रहेको छन् । यस गाउँपालिकाका ८ ओटा वडा कार्यालयमार्फत वडाका कार्यहरू सञ्चालन भइरहेका छन् । वडाद्वारा प्रभावकारी सेवा प्रवाह नेपालको स्थानीय सरकार सञ्चालन ऐनसँग घनिष्ट रूपमा जोडिएको छ। ऐनले वडा कार्यालयलगायत स्थानीय शासन सञ्चालनका लागि कानुनी ढाँचा उपलव्ध गराएको छ। स्वास्थ्य, शिक्षा, पूर्वाधार र वातावरण जस्ता आधारभूत सेवाहरू प्रदान गर्न वडा कार्यालयहरूलाई अनिर्वाय गरेको छ। नागरिकलाई आधारभूत तथा प्रभावकारी सेवा प्रदान गर्नु वडा कार्यालयको मुख्य कर्तव्य हो ।

स्थानीय क्षेत्रको शान्ति सुरक्षा, विकास एवम् प्रशासन स्थानीय क्षेत्रकै प्रत्यक्ष निर्वाचित प्रतिनिधिद्वारा सञ्चालन गर्ने सरकारलाई स्थानीय सरकार भनिन्छ । वडा कार्यालय स्थानीय तहको सबैभन्दा तल्लो र जनतासँग प्रत्यक्ष रूपमा जोडिएको प्रशासनिक केन्द्र हो ।

स्थानीय तहको रूपमा जनताको नजिक भएर काम गर्ने वडा कार्यालयहरूले आफ्नो कामद्वारा वडाबासीहरूलाई सन्तुष्ट पार्न सक्नुपर्छ । कार्यालयका काम छिटो, छरितो र प्रभावकारी भएमा मात्र वडावासीले सुशासनको अनुभूति गर्छन् ।

### वित्तीय स्रोतहरू

- नागरिक संलग्नता
- सेवा मापदण्ड र कार्यविधिहरू
- सहयोग र समन्वय
- अनुगमन र मूल्याङ्कन

- वडा भित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन ( ३ ओटा )
- तथ्याङ्क अद्यावधिक तथा संरक्षण ( ३ ओटा )
- विकास कार्य ( ४१ ओटा )
- नियमन कार्य ( ६ ओटा )
- सिफारिस तथा प्रमाणित कार्य ( ३६ ओटा )

## क्रियाकलाप

१. तपाईंको समुदायमा भएको जेष्ठ, अपाङ्गता भएका अशक्त र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरूलाई विद्यार्थीहरूले के कसरी सहयोग गर्न सकिन्छ, कक्षामा छलफल गरी सूची तयार पार्नुहोस् ।

२. शिक्षकको सहयोगमा कुनै एक विवादको कल्पना गर्दै न्यायिक समितिले उक्त विवाद निराकरणका लागि खेलेको भूमिका प्रस्तुत गर्ने एउटा सडक नाटक तयार गरी विद्यालयको कुनै कार्यक्रममा प्रस्तुत गर्नुहोस् ।

३. मोलुङ गाउँपालिका सूचना अधिकारीलाई भेटेर तलको तालिका पुरा गर्नुहोस् र कक्षामा टाँस्नुहोस् ।

| मोलुङ गाउँपालिका योजना तथा अनुगमन समिति |
|---|
| १. संयोजक– |
| २.सदस्य– |
| ३. सदस्य– |
| ४.सदस्य– |
| ५.सदस्य– |
| ६.सदस्य– |
| ७.सदस्य– |
| ८.सदस्य– |
| ९.सदस्य– |

## अभ्यास

### १. खाली ठाउँमा उपयुक्त शब्द छानेर लेख्नुहोस् :

(क) मोलुङ गाउँपालिकाको न्यायिक समितिमा जम्मा................जना सदस्यहरू हुन्छन् ।

(ख) नेपालमा ...............ओटा वडा रहेका छन् ।

(ग) वडा समितिमा जम्मा........................जना सदस्यहरू रहने व्यवस्था छ ।

(घ) पालिकाले प्रकाशित गरेका आवश्यक सूचनाहरू ............ पेजमा राख्ने गरिन्छ ।

(ङ) सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाइ आयोजना ...............शाखाले गर्दछ ।

## २. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) गाउँपालिका आर्थिक प्रशासन शाखाको आवश्यकताबारे लेख्नुहोस् ।

(ख) मोलुङ गाउँपालिकाको महिला, बालबालिका तथा समाज कल्याण शाखाले के कस्ता कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ, लेख्नुहोस् ।

(ग) भौतिक पूर्वाधार भनेको के हो ? भौतिक पूर्वाधार निर्माण गर्नु अगाडि किन वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्छ, लेख्नुहोस् ।

(घ) न्यायिक समिति भनेको के हो ?

(ङ) सूचना प्रविधि भनेको के हो ?

(च) कुनै पनि योजना तथा कार्यक्रमको अनुगमन किन गरिन्छ, लेख्नुहोस् ।

# परियोजना कार्य

तपाईंको टोल वा छरछिमेकमा भईरहेका विकास निर्माणका कार्यहरूको अवलोकन गरी त्यस विकास निर्माणको प्रक्रिया कुन तरिकाबाट कसरी सञ्चालन भइरहेको छ, योजना तथा अनुगमन शाखामा बुझेर एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ सात

# भौगोलिक विकटताले मोलुङ गाउँपालिकाको सेवा प्रवाहमा परेका असरहरू

मोलुङ गाउँपालिकाको भूभाग पहाडी क्षेत्रले ओगटेको छ । यहाँ बेँसी, टार होचा तथा अग्ला पहाडहरू  रहेका छन् । यहाँ उकालो ओरालो जमिन, हरियाली डाँडाकाँडा र जटिल भूबनोट पाइन्छ । यहाँको प्रमुख भूआकृतिमा हरिया वन, खोलानाला, पहाड र खोल्साखाल्सी, भिराला, पहाडहरू  र केही कृषि योग्य जमिन छ ।

भौगोलिक विकटताले मोलुङ गाउँपालिकाको सेवा प्रवाहमा धेरै खालका चुनौतीहरू खडा गरेको छ । यहाँ पहाडी भूभागको विकटता, अप्ठेरो भूआकृती र आधारभूत संरचनाको अभावका कारण विभिन्न क्षेत्रमा नकरात्मक प्रभाव परेको छ । यसका मुख्य असरहरू यसप्रकार रहेका छन् :

## १. यातायात तथा सञ्चारमा समस्या :

- उकालो ओरालो भूभाग र अप्ठेरो बाटोघाटोले यातायातका साधन सञ्चालन गर्न कठिन छ ।
- अधिकांश ठाउँमा पहुँच योग्य सडक छैन जसले गर्दा  सेवाप्रवाह ढिलो र कठिन बनाएको छ ।
- वर्षामा बाटो बिग्रने र पहिरो जाने समस्याले यातायात अवरूद्ध हुन्छ, जसले सामानको आपूर्ति र सेवाहरूको पहुँचमा ढिलाई भएको छ ।
- आधुनिक सञ्चारको पहुँच सबै ठाउँमा छैन, जसले सूचना आदानप्रदानमा समस्या निम्त्याउँछ ।

## २. स्वास्थ्य सेवामा समस्या

- बिकट बस्तीहरूबाट स्वास्थ्य चौकी र अस्पतालमा पुग्न लामो समय लाग्ने हुँदा बिरामीलाई समयमै उपचार पाउन गाह्रो हुन्छ ।
- एम्बुलेन्स सेवा कठिन भूगोलका कारण तत्काल उपलब्ध छैन ।

- स्वास्थ्यकर्मीहरूको दरबन्दी र औषधी आपूर्तिमा कमी छ ।

## ३. शिक्षा सेवामा समस्या र प्रभाव :

- विकट भूभागको कारण विद्यालयसम्म पुग्न कठिनाइ भएकाले विद्यार्थीहरू नियमित रूपमा विद्यालय जान सक्दैनन् ।
- शैक्षिक सामग्री ढुवानी कठिनाइ र भौतिक पूर्वाधारको कमीले शिक्षामा प्रभाव पारेको छ ।

## ४. कृषि र आर्थिक गतिविधिमा प्रभाव :

- कृषि उत्पादनलाई बजारसम्म पुऱ्याउन विकट भूगोल तथा सडकको अभावले समस्या भएको छ ।
- आधुनिक कृषि उपकरण, मल, बिउ जस्ता सामग्री समयमै उपलब्ध गराउन कठिनाइ हुन्छ ।
- उत्पादन भएका वस्तुहरू विक्री गर्न नसक्दा किसानहरूको आम्दानीमा कमी हुन्छ ।
- वर्खामा पहिरोले खेतीयोग्य जमिनमा क्षति पुग्ने जोखिम रहन्छ ।

## ५. खानेपानी र ऊर्जा आपूर्तिमा समस्या :

- दुर्गम ठाउँमा खानेपानीको सहज आपूर्ति गर्न कठिन हुन्छ ।
- विद्युत सेवा सबै ठाउँमा पुऱ्याउन कठिन हुनुका साथै लागत पनि बढ्छ ।

## ६. विकास निर्माणमा समस्या :

- विकासका पूर्वाधार निर्माणमा कठिनाइ, बढी लागत र समय बढी खर्च हुन्छ ।

## ७. सरकारी सेवा प्रवाहमा समस्या

- सेवाग्राहीले सरकारी सेवा लिन जादा बढी समय खर्च गर्नु पर्छ ।
- कर्मचारीहरू दुर्गम क्षेत्रका जनतासम्म समयमै सेवा पुऱ्याउन असमर्थ हुन सक्छन् ।

## क्रियाकलाप

१. मोलुङ गाउँपालिकाले प्रदान गर्ने सेवाहरू प्राप्त गर्नमा भौगोलिक कठिनाइले तपाईंको परिवारलाई केकस्ता समस्याहरू परेका छन् ? अभिभावसँग सोधी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) मोलुङ गाउँपालिकाको भौगोलिक विकटताले कुन कुन सेवा प्रवाहमा समस्या देखिएको छ, लेख्नुहोस् ।

(ख) भौगोलिक विकटताका कारण यातायात र सञ्चार क्षेत्रको सेवा प्रवाहमा परेका असरहरूको बारेमा लेख्नुहोस् ।

(ग) भौगोलिक विकटताका कारण शिक्षा क्षेत्रमा परेका असरहरू लेख्नुहोस् ।

# पर्यटकीय स्थानहरूको परिचय र सम्भावनाहरू

## सिकाइ उपलब्धि

**यस क्षेत्रको अन्त्यमा विद्यार्थी निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :**

- पर्यटन र पर्यटकको परिचय दिन,
- पर्यटनको महत्त्वबारे बताउन,
- निर्दिष्ट शीर्षकमा आधारित भई प्रतिवेदन तयार पार्न,
- पर्यटनको कला र संस्कृतिसँगको सम्बन्ध बताउन ।



पाठ एक

# पर्यटन र मोलुङ गाउँपालिका

**२.१. तल दिइएका मोलुङ गाउँपालिकाका सम्भावित पर्यटकीय स्थलहरूको अवलोकन गरी तिनीहरूको अवस्थिति र विशेषताका बारेमा कक्षामा छलफल गर्नुहोस् :**









पर्यटन भन्नाले मानिसहरू आफ्नो बसोबास गर्ने ठाउँबाट बाहिर यात्रा गरी नयाँ ठाउँको भ्रमण गर्ने कार्य हो । अथवा मानिसहरूको आफ्नो स्थायी बसोबास गर्ने स्थान, काम गर्ने स्थान वा दैनिकीबाट बाहिरका स्थानहरूमा यात्रा गरी त्यहाँको प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, ऐतिहासिक स्थल, मनोरञ्जनात्मक क्रियाकलापहरूको अनुभव ग्रहण गर्ने प्रक्रिया नै पर्यटन हो । यस्ता क्रियाकलापमा संलग्न हुने व्यक्तिलाई नै पर्यटक भनिन्छ । विश्व पर्यटन सङ्गठनको

परिभाषाअनुसार आफ्नो नियमित वासस्थानबाट बिदा मनाउने, व्यापार गर्ने वा त्यस्तै अन्य कुनै उद्देश्यले चौबिस घण्टाभन्दा बढी समय र लगातारको एक वर्ष भन्दा कम समय बाहिर बिताउन निस्कने व्यक्तिलाई पर्यटक भनिन्छ । आन्तरिक पर्यटन र बाह्य पर्यटन गरी पर्यटन दुई प्रकारको हुन्छ । मनोरञ्जन, सांस्कृतिक अध्ययन र अनुभव, धार्मिक र तीर्थयात्रा, शिक्षा तथा अनुसन्धान, व्यापार तथा आर्थिक प्रयोजन, खेलकुद आदिजस्ता उद्देश्यले पर्यटन गरिन्छ ।

## २.२ मोलुङ गाउँपालिकामा पर्यटन

मोलुङ गाउँपालिका एक भौगोलिक विविधतायुक्त गाउँपालिका हो । कूल ११२.४७ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस गाउँपालिकामा विभिन्न स्थलहरु उल्लेखनीय मात्रामा छन् । यहाँका प्रमुख पर्यटकीय गन्तव्यरूमा तीनतले डाँडा, कुन्तादेवी मन्दिर, सेप्ली झरना, तालकोट गुफा, पाथीभरा सेतीदेवी कालिकादेवी मन्दिर, बेली चमेली कुलो, सहिद पार्क, थानीढुङ्गा, उर्गेन छ्योलिङ गुम्बा, जलजलेश्वर महादेव मन्दिर, मोलुङ हाइड्रोपावर, सतिधाम/गुरुधाम आदि हुन् । यहाँ वर्षेनी लाखौं सङ्ख्यामा स्वदेशी तथा विदेशी पर्यटकहरू आउने गर्दछन् । यस गाउँपालिकामा विशेषतः धार्मिक, शैक्षिक तथा मनोरञ्जनको उद्देश्य लिएर पर्यटक आउने गरेको पाइन्छ । यस गाउँपालिकाले पर्यटनको विकास तथा प्रवर्द्धनका लागि नयाँ कामहरूसमेत गर्दै आइरहेको छ। पर्यटकीय स्थलसम्म सहज तबरले पुग्न पैदल बाटो निर्माण, विभिन्न स्थानहरूमा धार्मिक पर्यटकीय सडक निर्माण तथा झोलुङ्गे पुल निमार्ण र पर्यटकीय स्थलको प्रचारप्रसार आदिजस्ता कार्यहरू गाउँपालिकाद्वारा हुँदै आएका छन् । यस्ता पर्यटकीय स्थलको थप प्रवर्द्धन र विकासका लागि सरसफाइ तथा डिजिटल माध्यमबाट प्रचारप्रसार अभियान सञ्चालन, पर्यटकीय स्थलको घोषणा, पर्यटकका लागि सुरक्षित होटल तथा होमस्टे निमार्ण र पर्यटकीय नीति बनाई कार्यान्वयन गर्न सकिन्छ ।

## क्रियाकलाप

(क) पर्यटकीय स्थलमा धेरै पर्यटक ल्याउनका लागि स्थानीय सरकारले के के गर्नुपर्ला ? साथीहरूसँग छलफल गरी लेख्नुहोस् ।

(ख) तपाईंको समुदायमा पर्यटकको आकर्षण बढाउन के के काम भएका रहेछन्, स्थानीय व्यक्तिसँग सोधेर लेख्नुहोस् ।

## अभ्यास

### १. ठिक भए ठिक (√) र बेठिक भए (×) चिह्न लगाउनुहोस् :

(क) मोलुङ गाउँपालिकामा धेरै पर्यटन मनोरञ्जनको उद्देश्यले आउँछन् ।

(ख) पर्यटकीय स्थलको प्रचारप्रसारका लागि डिजिटल माध्यम उपयुक्त हुँदैन ।

(ग) मोलुङ गाउँपालिकाको तालकोट गुफा प्राकृतिक पर्यटकीय स्थल हो ।

(घ) मोलुङ गाउँपालिकाले पर्यटकीय स्थलसम्म पुग्न बाटो तथा झोलुङ्गे पुल बनाउँदै आएको छ ।

(ङ) विशेषगरी पर्यटन आर्थिक दृष्टिकोणले मात्र महत्त्वपूर्ण मानिन्छ ।

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सेप्ली झरना | वडा नं. ४ |
| वरुणेश्वर महादेव मन्दिर | वडा नं. ७ र ८ |
| शान्तादेवी मन्दिर | वडा नं. ६ |
| बेली चमेली कुलो | वडा नं. २ |
| तीनतले डाँडा | वडा नं. १ |

### ३. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) पर्यटन भनेको के हो ?

(ख) कस्ता व्यक्तिलाई पर्यटक भनिन्छ ?

(ग) विश्व पर्यटन सङ्गठनका अनुसार पर्यटक भन्नाले के बुझिन्छ ?

(घ) मोलुङ गाउँपालिकाका धार्मिक, ऐतिहासिक र प्राकृतिक पर्यटकीय स्थलको सूची तयार पार्नुहोस् ।

(ङ) स्थानीय पर्यटनको विकासमा मोलुङ गाउँपालिकाले गरेका कुनै तीन कार्य लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको समुदायमा रहेको कुनै पर्यटकीय स्थलमा विभिन्न समयमा आन्तरिक वा बाह्य पर्यटक आउनुभएको होला । उहाँहरूको उपस्थितिले समुदायमा के कस्तो फाइदा पुगेको रहेछ, सम्बन्धित पर्यटकीय स्थलका जानकार व्यक्तिसँग सोधेर एउटा लेख तयार पार्नुहोस् ।

पाठ दुई

# पर्यटनको महत्त्व

'हाम्रो मोलुङ' विषयका विषय शिक्षक कालिबहादुरले कक्षा ६ मा प्रवेश गर्दै विद्यार्थीहरूलाई भन्नुहुन्छ, "विद्यार्थी भाइबहिनीहरू हामीले अघिल्ला पाठमा पर्यटनको परिचयबारे बुझिसक्यौँ । अब हामी हाम्रो मोलुङ गाउँपालिकामा पर्यटनको महत्त्व के के छ र यसले कुन कुन क्षेत्र समेट्छ भनेर अध्ययन गर्छौं है त ।"

पर्यटन कुनै पनि स्थानीय सरकारको आर्थिक, सामाजिक, धार्मिक एवम् सांस्कृतिक, वातावरणीय तथा शैक्षिक विकासको महत्त्वपूर्ण क्षेत्र हो । स्थानीय सरकारले पर्यटनको प्रवर्धनमा विशेष भूमिका खेल्न सक्छ, जसले स्थानीय विकास, रोजगारी सिर्जना र आर्थिक वृद्धिमा योगदान पुऱ्याउछ । हाम्रो यस मोलुङ गाउँपालिकामा पनि घुम्न लायक र पर्यटनलाई आकर्षण गर्ने गन्तव्यहरू धेरै छन् । यस्ता गन्तव्यहरूको प्रचारप्रसार गरी धेरै पर्यटक भित्र्याएर गाउँपालिकाले विभिन्न क्षेत्रको विकास गर्न सक्छ । पर्यटनको धार्मिक तथा सांस्कृतिक क्षेत्रमा, शैक्षिक क्षेत्रमा, सामाजिक क्षेत्रमा वातावरणीय क्षेत्रमा तथा राजनीतिक क्षेत्रमा पनि ठुलो महत्त्व छ ।

शिक्षकले त्यसपछि विद्यार्थीहरूलाई तीन समूहमा विभाजन गर्नुभयो र प्रत्येक समूहलाई छुट्टाछुट्टै पर्यटनका क्षेत्र दिएर तिनीहरूको महत्त्वबारे समूह कार्य गर्न लगाउनु भयो ।

केही समयपछि विद्यार्थीले समूहगत रूपमा तयार पारेको कार्यहरूको प्रस्तुतीकरण यसप्रकार छ :

## समूह 'क'

*शीर्षक : पर्यटनको आर्थिक महत्त्व*

एकठाउँको पैसा अर्को स्थानसम्म पुऱ्याएर स्थानीयहरूको आयआर्जनमा वृद्धि गर्न पर्यटनको महत्त्वपूर्ण भूमिका हुन्छ । यसले समग्र देशको अर्थतन्त्रलाई प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा योगदान गर्छ । मोलुङ गाउँपालिमा धेरै सम्भावित पर्यटकीय स्थलहरू छन् । यस्ता स्थलहरूको प्रचारप्रसार गरी पर्यटक ल्याउन सके यसले रोजगारीका अवसरहरू पनि

सिर्जना गर्दछ। स्थानीयस्तरका मानिसहरूले होटल सञ्चालन गरेर, गाइडको रूपमा काम गरेर, पर्यटक बोक्ने यातायतका साधन प्रयोग गरेर, विभिन्न हस्तकला र चित्रकलाका सामग्री निमार्ण गरी विक्री गरेर पनि आर्थिक आम्दानी गर्न सक्छन् । यसबाट विदेशी मुद्राको आर्जन हुने र स्थानीय उत्पादन र व्यवसाय प्रवर्द्धन पनि हुने भएकाले पर्यटन आर्थिक रूपबाट पनि ज्यादै महत्त्वपूर्ण रहेको प्रष्ट हुन्छ।

## समूह 'ख'

*शीर्षक : पर्यटनको धार्मिक तथा सांस्कृतिक महत्त्व*

- पर्यटनको आर्थिक मात्र नभएर धार्मिक तथा सांस्कृतिक महत्त्व पनि उत्तिकै छ। यसबाट स्थानीय स्तरका धार्मिक स्थलहरूको जगेर्ना तथा प्रचारप्रसार र स्थानीय संस्कृतिको प्रवर्द्धन गर्नमा सहयोग मिल्छ । मोलुङ गाउँपालिका धार्मिक स्थल तथा सांस्कृतिक विविधतामा धनी गाउँपालिका हो । यहाँ मन्दिर, स्तुपा, गुम्बा, चर्च आदि उल्लेखनीय मात्रामा छन् । अझ धार्मिक तथा ऐतिहासिक महत्व बोकेको कुन्तादेवी मन्दिर, ढुस्के कालिकादेवी मन्दिर, जलजलेश्वर महादेव मन्दिर, डेकेन छोलिङ गुम्बा आदिमा बर्सेनि पर्यटकको आगमन भएको देख्न सकिन्छ। यसले धार्मिक सहिष्णुता र मेलमिलापको प्रवर्द्धन, सामाजिक भावना तथा एकताको वृद्धि र धार्मिक स्थलहरूको प्रचारप्रसारमा समेत महत्त्व राखेको पाइन्छ। त्यस्तै यस गाउँपालिकाको परम्परा, भाषा, वेशभूषा, संस्कृति आदिको प्रवर्द्धन गर्नसमेत यसको महत्त्व छ । मोलुङ गाउँपालिकामा मनाइने विभिन्न चाडपर्वहरू, यहाँका जातजातिको परम्परागत वेशभूषासहितको सांस्कृतिक प्रस्तुतिले पनि पर्यटनको धार्मिक तथा सांस्कृतिक महत्त्व रहेको प्रस्ट हुन्छ।

## समूह 'ग'

*शीर्षक : पर्यटनको शैक्षिक महत्त्व*

पर्यटन केवल आर्थिक तथा धार्मिक सांस्कृतिक महत्त्वसँग मात्र सीमित छैन। यसले प्रत्यक्ष वा परोक्ष रूपमा शिक्षासँग पनि सम्बन्ध राख्दछ। शैक्षिक पर्यटनको माध्यमबाट विद्यार्थी, शिक्षक, शोधकर्ता र यो क्षेत्रसँग सम्बन्धित जोसुकै सरोकारवालाले विभिन्न विषयमा ज्ञान

आर्जन गर्न सक्छन् । साथै शैक्षिक पर्यटनको माध्यमबाट पर्यटकले विभिन्न भौगोलिक स्थानहरूको भ्रमण गरी वातावरणीय स्थिति, मौसम तथा पारिस्थितिक प्रणालीको समेत अध्ययन गर्न सक्छन् । शैक्षिक पर्यटनमा जाँदा पर्यटकले नयाँ भाषा, संस्कृति, परम्परा र स्थानीय जनजीवनबारे बुझ्ने अवसर प्राप्त गर्दछन् । विभिन्न विषयमा शोध कार्य गर्ने शोधकर्तालाई पनि शैक्षिक पर्यटन महत्त्वपूर्ण छ । यसले विद्यार्थीहरूलाई ज्ञानमा आत्मनिर्भर बनाउँने, समाजलाई बुझ्न सक्ने शैक्षिक खुबी प्राप्त हुने, किताबी ज्ञानलाई यथार्थपरक ज्ञानमा रूपान्तरण गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्छ ।

## क्रियाकलाप

(क) तपाईंको वडामा भएका सम्भावित पर्यटकीय स्थलको सूची तयार गरेर कक्षामा प्रदर्शन गर्नुहोस् ।

(ख) कक्षाका साथीहरू विभिन्न समूहमा विभाजित हुनुहोस् र पर्यटनको 'सामाजिक महत्त्व' शीर्षकमा एक अनुच्छेद लेखेर शिक्षकलाई देखाउनुहोस् ।

## अभ्यास

### १. पाठबाट उपयुक्त शब्द खोजेर खाली ठाउँ भर्नुहोस् :

(क) पर्यटनले एक ठाउँको मुद्रालाई अर्को ठाउँसम्म पुऱ्याएर ..................मा वृद्धि गर्दछ ।

(ख) पर्यटनबाट विदेशी ...............को आर्जन पनि हुन्छ ।

(ग) शोध कार्य गर्न कुनै स्थलको भ्रमण गर्नु पर्यटनको ........ महत्त्व हो ।

(घ) आफ्नो भाषा, धर्म, वेशभूषा आदिको प्रचारप्रसार हुनु, ............. पर्यटनको महत्त्व हो ।

(ङ) पर्यटनले किताबी ज्ञानलाई .................. ज्ञानमा रूपान्तरण गर्न पनि सहयोग गर्दछ ।

## ३. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) पर्यटन कुन कुन क्षेत्रमा महत्त्वपूर्ण छ, क्षेत्रगत सूची तयार पार्नुहोस् ।

(ख) पर्यटनले स्थानीय समुदायलाई के के फाइदा पुऱ्याउछ ?

(ग) 'मोलुङ गाउँपालिका धार्मिक स्थल तथा सांस्कृतिक विविधतामा धनी गाउँपालिका हो ।' कसरी, आफ्नो तर्क दिनुहोस् ।

(घ) हाम्रो मोलुङ गाउँपालिकामा पर्यटकहरूको सङ्ख्या वृद्धि हुँदा धार्मिक तथा सांस्कृतिक रूपमा कसरी फाइदा पुग्छ, बुँदागत रूपमा लेख्नुहोस् ।

## परियोजना कार्य

कक्षाका सम्पूर्ण विद्यार्थीहरूले आआफ्नो समुदाय वा वरपर भएका सम्भावित पर्यटकीय स्थलहरूको सूची तयार गरी तिनीहरू विशेषगरी कुन क्षेत्रका पर्यटनका लागि महत्त्वपूर्ण छन्, निम्नानुसारको एउटै तालिकामा राखेर कक्षाकोठामा प्रदर्शन गर्नुहोस् ।

| क्र.सं. | सम्भावित पर्यटकीय स्थलको नाम | सम्भावित पर्यटकीय स्थल रहेको ठेगाना | पर्यटकीय स्थलको महत्त्व मुख्यतया कुन रूपमा छ ?<br>(धार्मिक, सांस्कृतिक, ऐतिहासिक शैक्षिक, सामाजिक, मनोरञ्जनात्मक वा अन्य) | सम्भावित पर्यटकीय स्थलको सामान्य विशेषता |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

पाठ तीन

# धार्मिक तथा ऐतिहासिक स्थलको नमुना अध्ययन भ्रमण प्रतिवेदन

कक्षा छ मा अध्ययनरत विद्यार्थीहरूलाई हाम्रो मोलुङ विषयअन्तर्गत परियोजना कार्यको रूपमा 'धार्मिक तथा ऐतिहासिक स्थल पाथीभरा सेतीदेवी कालिकादेवी मन्दिर' शीर्षकमा सम्बन्धित क्षेत्रको भ्रमण गरी प्रतिवेदन तयार पार्न भनिएको थियो । उनीहरूले तयार पारेको अध्ययन प्रतिवेदनको नमुना यहाँ प्रस्तुत गरिएको छ ।

## शीर्षक : धार्मिक तथा ऐतिहासिक स्थल पाथीभरा सेतीदेवी कालिकादेवी मन्दिर

### (क) परिचय :

धार्मिक तथा ऐतिहासिक स्थल, सामाजिक, सांस्कृतिक तथा आर्थिक हिसाबले महत्त्वपूर्ण मानिन्छन् । यिनीहरूले कुनै स्थानको पहिचान दिइरहेका हुन्छन् । मोलुङ गाउँपालिका वडा नं. १ को लिपेखोला टोलमा अवस्थित पाथिभरा सेतीदेवी कालिकादेवी मन्दिर पनि यस गाउँपालिकाको महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थल हो । भौगोलिक रूपमा ठाडो भिर र अप्ठ्यारो स्थानमा अवस्थित यस मन्दिरको उत्पत्ति २०३४ सालमा भएको मानिन्छ ।



यो मन्दिर एकदमै अप्ठेरो र ठाडो भिरमा अवस्थित छ । वि.सं. २०७७ भाद्रदेखि नयाँ स्वरूपमा स्थानीय समुदायको सक्रिय सहभागिता र लगानीमा प्राविधिक रोहबरविना मन्दिर बनाएर संरक्षण गरिएको छ । हाल भने यस मन्दिरको स्तरोन्नतीका लागि प्रदेश सरकार र स्थानीय सरकारको समेत आर्थिक सहयोगमा मन्दिरमा रङ्गरोगन तथा मार्वल र रेलिङ लगाइएको छ ।

यस मन्दिरमा भक्तिभावकासाथ पूजाआजा गर्दा आफ्नो मनोकाङ्क्षा पूरा हुने दिगो जनविश्वाससमेत रहिआएको पाइन्छ । यहाँ नियमित रूपमा एकजना पुजारी पनि बस्दै आउनुभएको छ । विशेषगरी यो मन्दिरमा नवरात्री, मङ्सिरे पूर्णिमादेखि पञ्चमीसम्म, वैशाखे पूर्णिमादेखि पञ्चमीसम्म, स्वस्थानी पूर्णिमा र तिजको दिन विभिन्न स्थानबाट आएका श्रद्धालु भक्तजनको मेला लाग्ने गर्दछ । साथै ताप्लेजुङ जिल्लामा रहेको पाथीभरा देवीथानमा जान नसक्नेले यहाँ आएर पूजा गर्दा मनोकाङ्क्षा पुरा हुने विश्वाससमेत रहिआएको छ ।

## (ख) अध्ययनको उद्देश्य :

**निम्नलिखित उद्देश्यमा आधारित रहेर यो अध्ययन प्रतिवेदन तयार गरिएको थियो :**

(क) पाथीभरा सेतीदेवी कालिकादेवी मन्दिरको उत्पत्तिबारे जानकारी प्राप्त गर्नु,

(ख) मन्दिरको संरचना, अवस्थिति, त्यहाँको भौगोलिक र आर्थिक अवस्थाबारे जानकारी लिनु,

(ग) आवश्यक सुधारका लागि सुझाव दिनु ।

## (ग) अध्ययन विधि :

(क) प्रत्यक्ष अवलोकन

(ख) अर्न्तवार्ता

(ग) मौखिक प्रश्नावली/संवाद

## (घ) भ्रमणबाट पत्ता लागेका तथ्यहरू :

यस अध्ययनबाट निम्नलिखित तथ्यहरू पत्ता लगाइयो :

(क) वि.सं. २०३४ सालमा स्थानीय व्यक्तिले धामी बसेर दुध आउने रुखको वरिपरी उत्खनन् गर्नु भनेपछि समुदायका विभिन्न व्यक्तिले उत्खनन् गर्दा आगोको ज्वालाको स्वरूपमा शिला भेटिएको जनविश्वास रहिआएको,

(ख) स्थानीयबासीहरूकै अगुवाइमा मन्दिरको स्तरोन्नती सुरू भएको,

(ग) मन्दिरमा पूजाविधि नमिल्दा तथा नकारात्मक कार्य हुँदा नागहरू वरिपरी घुम्ने र सही तरिकाले पूजाआजा गरेपछि नाग हराउने जनविश्वास रहिआएको,

(घ) मन्दिर क्षेत्र ज्यादै आकर्षक र मनमोहक रहेको तर त्यहाँसम्म पुग्ने बाटो अप्ठेरो रहेको,

(ङ) मन्दिरमा वर्षेनी हजारौं श्रद्धालु भक्तजन आउने गरेका र केहीले आर्थिक सहयोगसमेत गर्ने गरेको,

(च) मन्दिरमा प्राप्त आर्थिक सहयोग, दान, भेटी आदिबाट मन्दिरकै स्तर वृद्धिको कार्य हुँदै आएको ।

## (ङ) निष्कर्ष तथा सुझावहरू :

(क) मन्दिरसम्म आइपुग्ने बाटो ठाडो र अप्ठेरो रहेकोले सहज र सुरक्षितसाथ पुग्न खुट्किला र रेलिङसहितको बाटो बनाउनुपर्ने,

(ख) मन्दिरको प्रचारप्रसार र थप उन्नतिका लागि मोलुङ गाउँपालिकाले एउटा प्रमुख पर्यटकीय स्थलको रूपमा घोषणा गरे आर्थिक तथा सामाजिक फाइदासमेत हुने,

(ग) मन्दिरको फोहोर व्यवस्थापनका लागि पर्याप्त डस्टविन नभएकोले पर्याप्त डस्विनको व्यवस्था गर्नुपर्ने,

(घ) मन्दिरमा आउने भक्तजनको सङ्ख्याअनुसार प्राङ्गण नरहेकोले ठुलो प्राङ्गण निमार्णमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने,

(ङ) मन्दिर क्षेत्रमा स्थायी पानीको अभाव भएकोले चौबिसै घण्टा चल्नेगरी एउटा धाराको व्यवस्था गर्नुपर्ने ।

## क्रियाकलाप

(क) नेपालमा पर्यटक आउनुको उद्देश्यसम्बन्धी निम्नलिखित तथ्याङ्कलाई पाइचार्टमा देखाएर कक्षाकोठामा प्रदर्शन गर्नुहोस् :

(अ) मनोरञ्जन : ६२.५ प्रतिशत

(आ) धार्मिक तीर्थयात्रा : १३.१ प्रतिशत

(इ) पद यात्रा र पर्वतारोहण : १५.२ प्रतिशत

(ई) अन्य उद्देश्य : ९.२ प्रतिशत

(ख) तपाईंको स्थानीय समुदायमा पर्यटन आकर्षण बढाउन के कस्ता काम भएका रहेछन्, जानकार व्यक्तिसँग सोधेर कक्षामा छलफल गर्नुहोस् ।

(ग) तपाईंको स्थानीय समुदायमा अवस्थित कुनै धार्मिक सम्पदाको महत्व खोजी गरी शिक्षकलाई देखाउनुहोस् ।

## अभ्यास

### १. तल दिइएका उपयुक्त विकल्पमा ठिक चिह्न (√) लगाउनुहोस् :

**(क) निम्नमध्ये धार्मिक तथा ऐतिहासिक स्थलको महत्त्व कुन होइन ?**

(अ) यस्ता स्थल इतिहासको अध्ययन गर्न पनि महत्त्वपूर्ण हुन्छन् ।

(आ) यिनीहरूले स्थानीय पहिचानसमेत जोगाइराख्ने गर्छन् ।

(इ) यिनीहरू समाज विभाजनका आधार हुन् ।

(ई) यस्ता स्थलको कारणले स्थानीयहरूले आर्थिक लाभ पनि लिन सक्छन् ।

**(ख) प्रतिवेदनमा उल्लिखित मन्दिरमा तलका कुन पक्ष सुधार गर्न भनिएको छैन ?**

(अ) सहज पैदलयात्राको लागि बाटो बनाउनुपर्ने

(आ) मन्दिर परिसरमा एउटा प्रतीक्षालय निमार्ण गर्नुपर्ने

(इ) मन्दिर क्षेत्रमा चौबिसै घण्टा चल्नेगरी एउटा धारा बनाउनुपर्ने

(ई) मन्दिरको प्राङगण सानो भएकोले ठुलो बनाउनुपर्ने

**(ग) निम्नमध्ये धार्मिक स्थलहरूको प्रवर्धन तथा विकास गर्ने तरिका कुन हो ?**

(अ) डिजिटल प्रचारप्रसार गरेर

(आ) अव्यवस्थित निमार्ण कार्य गरेर

(इ) पुराना मूर्ति विस्थापित गरी नयाँ मूर्ति बनाएर

(ई) धार्मिक स्थलमा निश्चत समुदायलाई मात्र प्राथमिकता दिएर

**(घ) कुन उद्देश्यले भ्रमण गर्ने पर्यटकलाई धार्मिक पर्यटक मानिन्छ ?**

(अ) इतिहास तथा वास्तुकलाको अध्ययन गर्ने

(ख) व्यवसायिक वा व्यापारिक उद्देश्य भएका

(ग) अनुसन्धान वा सूचना सञ्चारका लागि जाने

(घ) अनुष्ठान तथा प्रवचनका लागि सहभागी हुने

## २. ठिक भए ठिक (√) र बेठिक भए (×) बेठिक चिह्न लेख्नुहोस् :

(क) मोलुङ गाउँपालिकामा उल्लेखनीय मात्रामा धार्मिक तथा ऐतिहासिक सम्पदा छन् ।

(ख) पाथीभरा सेतीदेवी कालिकादेवीको उत्पत्ति वि.सं. २०३५ सालमा भएको मानिन्छ ।

(ग) ताप्लेजुङको पाथीभरा देवीथानमा जान नसक्नेले पाथीभरा सेतीदेवी कालिकादेवी मन्दिरमा जाँदा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहिआएको छ ।

(घ) मन्दिरको प्रवर्द्धन र विकासमा स्थानीय समुदायको भूमिका रहदैन ।

(ङ) कुनै मन्दिरमा प्राप्त दान वा भेटी सोही मन्दिरको स्तरवृद्धिमा लगाउनु राम्रो हो ।

## २. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) धार्मिक तथा ऐतिहासिक स्थल महत्त्वपूर्ण मानिनुका कारणहरू लेख्नुहोस् ।

(ख) पाथीभरा सेतीदेवी कालिकादेवी मन्दिरको भौगोलिक अवस्थितिबारे एक अनुच्छेद लेख्नुहोस् ।

(ग) पाथीभरा सेतीदेवी कालिकादेवी मन्दिरप्रति के के जनविश्वास रहिआएका रहेछन्, सूची तयार गर्नुहोस् ।

(घ) यस मन्दिरको स्तरोन्नतिमा ककसको योगदान रहेको पाउनुभयो ?

(ङ) पाठमा अध्ययन प्रतिवेदन कति अंशमा पूरा गरिएको रहेछ, लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको समुदाय वा विद्यालय वरपर रहेको कुनै एउटा प्रसिद्ध धार्मिक/सांस्कृतिक/ ऐतिहासिक वा प्राकृतिक कुनै एक स्थलको स्थलगत भ्रमण गर्नुहोस् र त्यहाँको भौगोलिक अवस्थिति, ऐतिहासिकता, जनविश्वास, सम्पदाको महत्त्व आदिजस्ता कुरामा जानकार व्यक्तिसँग सोधखोज गरी एउटा भ्रमण प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ चार

# पर्यटनसँग कला र संस्कृतिको सम्बन्ध




मोलुङ गाउँपालिका कला र संस्कृतिमा धनी गाउँपालिका हो । यहाँको भौगलिक, जातीय, तथा धार्मिक विविधताले पनि अनुपम कला र संस्कृति दिएको छ। पर्यटनसँग कला र संस्कृतिको गहिरो सम्बन्ध रहेको हुन्छ। पर्यटन केवल मनोरञ्जन र नयाँ ठाउँको अवलोकन मात्र होइन, यो विभिन्न जाति, समुदाय, भाषा, परम्परा, रहनसहन, धर्म तथा कलासँग परिचित हुने एउटा माध्यम पनि हो । जब कुनै व्यक्ति नयाँ ठाउँको भ्रमण गर्छ, उसले त्यहाँको संस्कृति, भाषा, कला, धर्म, वेशभूषा, खानपान तथा जीवनशैलीलाई नजिकबाट नियाल्छ । यसबाट उसलाई नयाँ ज्ञानसमेत प्राप्त हुन्छ ।

कला र संस्कृति समाजका पहिचान हुन्। कला र संस्कृतिकै प्रभावका कारण पनि कतिपय स्थान पर्यटकीय गन्तव्यको रूपमा स्थापित हुन्छन् । ऐतिहासिक सम्पदा, धार्मिक स्थलहरू सांस्कृतिक सम्पदा, परम्परागत सङ्गीत तथा नृत्य, चित्रकला, मूर्तिकला, हस्तकला तथा वास्तुकला आदिले पर्यटन प्रवर्द्धनमा विशेष भूमिका खेल्छन् ।

पर्यटनले स्थानीय कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा पनि महत्वपूर्ण योगदान पुऱ्याउछ । पर्यटनको कला र संस्कृतिसँगको सम्बन्ध केवल सांस्कृतिक पहिचान वा ऐतिहासिक महत्त्वसँगमात्र सीमित छैन। यसले स्थानीय समुदायको आर्थिक उपार्जनमा पनि सहयोग गर्दछ। त्यसकारण पनि हामीले स्थानीय मौलिक कला, परम्परा तथा संस्कृतिलाई सही व्यवस्थापन गरेर दिगो पर्यटन विकास गर्नु पर्दछ। मोलुङ जस्तो बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक गाउँपालिकामा पर्यटनलाई

कला र संस्कृतिसँग अझ व्यापक ढङ्गले जोड्न सकियो भने कला र संस्कृतिको इतिहासलाई संरक्षण गर्दै अन्तराष्ट्रिय स्तरमा प्रचाप्रसार गर्ने अवसर पनि मिल्ने छ ।

## ४.१ पर्यटन र कलाको सम्बन्ध

(क) ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाको प्रवर्द्धन,

(ख) स्थानीय हस्तकला, चित्रकला तथा मूर्तिकलाको संरक्षण,

(ग) स्थानीय सङ्गीत तथा नृत्यकलाको प्रचाप्रसार,

(घ) आर्थिक तथा सामाजिक विकासमा सहयोग ।

## ४.२ पर्यटन र संस्कृतिको सम्बन्ध

(क) स्थानीय संस्कृतिको जगेर्ना र प्रवर्द्धन,

(ख) संस्कृतिको आदानप्रदान,

(ग) धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रवर्द्धन,

(घ) सांस्कृतिक विविधताको प्रचारप्रसार,

(ङ) स्थानीय समुदायको आर्थिक आम्दानीमा वृद्धि ।

## ४.३ मोलुङ गाउँपालिकाको पर्यटनमा कला र संस्कृति :

मोलुङ गाउँपालिको पर्यटन प्रवर्द्धनमा कला र संस्कृतिले पनि सहयोग गरेको छ। यहाँको परम्परागत नृत्य, धार्मिक स्थल, वेशभूषा आदिले पर्यटकलाई लोभ्याउने गरेका छन् । यहाँ उत्पादन हुने माटाका भाँडा, चँदारोले उत्पादन गर्ने काष्ठकृति आदिले पनि पर्यटनलाई मोहित पार्ने गरेको छ । यस गाउँपालिकाका विभिन्न जातिका नृत्यहरू (लोसर नाच, साकेवा शिली नाच, च्याब्रुङ नाच, मारुनी नाच, बालुन नाच, सङ्गीनी तथा रत्यौली नाच, सोरठी, सेलो) ले पनि पर्यटकलाई मनोरञ्जन दिनुका साथै संस्कृतिको प्रचारप्रसार पनि भएको छ। यहाँ रहेका ऐतिहासिक तथा परम्परागत मठ मन्दिर, गुम्बा आदिले पर्यटन प्रवर्द्धनमा सहयोग गरेका छन् । यहाँका विभिन्न जातजातिका पहिरन तथा खानेकुराले समेत यसको विकासमा सघाउ पुर्‍याएको पाइन्छ ।

## क्रियाकलाप

(क) तपाईंको समुदायमा प्रचलित परम्परागत कला वा संस्कृतिहरुको सूची चार्टपेपरमा लेखेर कक्षाकोठामा टाँस्नुहोस् ।

(ख) आफ्नो समुदायको संस्कृति झल्कने कथा वा गीत रचना गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### १. तल दिइएका उपयुक्त विकल्पमा ठिक चिह्न (√) लगाउनुहोस् :

**(क) दिइएकामध्ये कुन कथनले पर्यटनसँग कलाको सम्बन्ध स्पष्ट रूपमा बुझाउँछ ?**

(अ) पर्यटकहरू पाकृतिक सौन्दर्यको दृश्यावलोकन गर्न आउँछन् ।

(आ) होटल तथा होमस्टे खोलेर पर्यटनको प्रवर्धन गर्न सकिन्छ ।

(इ) केवलकार तथा बन्जी जम्पले पनि पर्यटकलाई आकर्षण गर्छ ।

(ई) पर्यटन प्रवर्धनका लागि हातबाट कुँदिएका मूर्तिहरू प्रदर्शन गर्न सकिन्छ ।

**(ख) निम्नमध्ये कुन क्षेत्रले सांस्कृतिक पर्यटनलाई बढवा दिन्छ ?**

(अ) परम्परागत नृत्य तथा सङ्गीत प्रदर्शन

(आ) स्थानीय कलाकृतिको व्यापार

(इ) ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षण

(ई) स्थानीय प्राकृतिक पर्यटकीय स्थलमा पुग्न झोलुङ्गे पुल निमार्ण

**(ग) स्थानीय कला र संस्कृतिको प्रवर्धन किन गर्नुपर्छ ?**

(अ) यिनीहरूबाट स्थानीय बासीले पर्यटन प्र्वधन गर्न सक्ने भएर

(आ) आफ्नो कला र संस्कृतिको इतिहास जोगाइराख्न

(इ) पछिल्ला पुस्ताहरूमा कला र संस्कृति हस्तान्तरण गर्न

(ई) माथिका सबै

**(घ) तलकामध्ये कुन नाचले राई जातिको प्रतिनिधित्व गर्दछ ?**

(अ) साकेला शिली

(ख) रत्यौली

(ग) च्याब्रुङ

(घ) सेलो

## ३. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) पर्यटनको कला र संस्कृतिसँगको सम्बन्धलाई उदाहरणसहित लेख्नुहोस् ।

(ख) स्थानीय कला र संस्कृतिको संरक्षण गर्दा के के फाइदा हुन्छ ?

(ग) तपाईंको स्थानीय समुदायमा प्रचलित कला र संस्कृतिको सूची तयार गर्नुहोस् ।

(घ) हस्तकलाको माध्यमबाट कसरी पर्यटकलाई आकर्षण गर्न सकिन्छ ?

(ङ) 'कला र संस्कृति समाजका पहिचान हुन् ।' कसरी, तर्कसहित लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको समुदायमा प्रचलित परम्परागत कला वा संस्कृतिको संरक्षण भए नभएको अवलोकन वा सोधखोज गर्नुहोस् र प्राप्त विवरणका आधारमा प्रतिवेदन लेख्नुहोस् ।

क्षेत्र तीन

# जैविक विविधता र वातावरण संरक्षण

## सिकाइ उपलब्धिहरू

### यस क्षेत्रको अन्त्यमा विद्यार्थी निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

- मोलुङ गाउँपालिकाको जैविक विविधताबारे जानकारी दिन,
- आफ्नो गाउँपालिकाभित्र रहेका दुर्लभ वनस्पतिको पहिचान गर्न,
- आफ्नो गाउँपालिकाभित्र रहेका दुर्लभ पशुपक्षीको पहिचान गर्न,
- दुर्लभ वनस्पति र पशुपक्षीको संरक्षणका उपायहरू बताउन ।



पाठ एक

# जैविक विविधता

## १.१. तलका चित्र अवलोकन गरी दिइएका प्रश्नहरूमा छलफल गर्नुहोस् :



चित्र नं.१.१



चित्र नं. १.२

(क) चित्र नं. १.१ र १.२ मा के के भिन्नता देख्नुहुन्छ ?

(ख) चित्र नं. १.२ मा खराब वातावरणीय अवस्था आउनुको कारण के होला ?

(ग) तपाईंको गाउँघर वा समुदायमा माथिका चित्रमध्ये कुन चित्रसँग मिल्दोजुल्दो वातावरण छ ?

(घ) कसको कारणले चित्र नं. १.२ को वातावरण नराम्रो भएको होला ?

यस पृथ्वीमा रहेका सम्पूर्ण प्राणी, वनस्पति, सुक्ष्मजीव र तिनीहरूका बिचमा रहेको विविधतालाई जैविक विविधता भनिन्छ । विभिन्न प्रजातिबिच फरक फरक विशेषता हुन्छन् । यी सजीवबिच हुने फरकपन नै जैविक विविधता हो । यसमा विभिन्न जनावर, रुखविरुवा, चराचुरुङ्गी, माछा, किरा फट्याङ्ग्रालगायत प्रकृतिमा पाइने हरेक जीव र तिनीहरूको भिन्नता समावेश हुन्छ । जैविक विविधता हाम्रो वातावरणलाई सन्तुलित राख्न, हावापानी सफा गर्न, माटोको उर्वरा शक्ति बढाउन,

पृथ्वीमा जीवहरूको अस्तित्व जोगाइराख्न महत्त्वपूर्ण छ। यदि जैविक विविधता घट्यो भने पृथ्वीको प्राकृतिक सन्तुलन बिग्रने, खानामा सङ्कट आइपर्ने तथा मानिसको जीवनमा गम्भीर असर पर्ने हुनसक्छ । माथिको सुरुको चित्रले स्वस्थ वातावरण र जैविक विविधताको सौन्दर्यलाई देखाएको छ। यस्तो वातावरणमा विभिन्न जनावर, चराचुरुङ्गी, बोटबिरुवा आदि सहज ढङ्गले बाँच्न सक्ने हुन्छन्। त्यस्तै दोस्रो चित्रमा वन विनाश, रुखविरुवा फडानी आदि देख्न सकिन्छ। त्यहाँको जैविक विविधता विनाश हुँदा सम्पूर्ण जीव र बोटविरुवाको वासस्थानसमेत समाप्त भएको देखिन्छ।

## १.२. मोलुङ गाउँपालिकामा जैविक विविधताको अवस्था

मोलुङ गाउँपालिकामा सदाबहार, पतझर र कोणधारी गरी तीन प्रकारका वन पाइन्छन् । मोलुङ गाउँपालिकाको भूभाग ६९२ मिटर देखि २९८२ मिटर उचाइसम्म अवस्थित छ। मोलुङ गाउँपालिका भौगोलिक र जलवायु विभिन्नता भएका कारण जैविक विविधताले पनि धनी गाउँपालिका हो। यहाँ सयौँ जातका वनस्पति, विभिन्न प्रकारका पशुपक्षी, सुक्ष्म जीव आदि पाइन्छन्। यस गाउँपालिकाका पशुपक्षी प्रायः यहीँको स्रोतमा निर्भर रहेको पाइन्छ। यस गाउँपालिकाको मोलुङ खोला, लिपे खोला, सेप्ली खोला, पोक्तिङ खोला आदिजस्ता खोला क्षेत्र त्यस्तै रानीवन सामुदायिक वन, महभिर सामुदायिक वन, मभिर कालीदह सामुदायिक वन, नमुना तीनतले सामुदायिक वन, लुम्लो सामुदायिक वन आदिजस्ता वनक्षेत्र जैविक विविधताका दृष्टिले महत्त्वपूर्ण क्षेत्र मानिन्छन्। यहाँको जैविक विविधता कायम गर्न समयसमयमा वृक्षारोपण कार्यक्रम, सचेतना अभियान, सामुदायिक वन समिति निर्माण गरी वनको संरक्षण आदिजस्ता कार्य गरिएको देखिन्छ। साथै यहाँ वनजङ्गल फडानी तथा पशुपन्छी सिकार आदिजस्ता कार्यलाई पूर्णरूपमा प्रतिबन्ध लगाइएको छ।

## क्रियाकलाप

(क) तपाईंको गाउँपालिकामा पाइने कुनै दश दशओटा वनस्पति र पशुपक्षीको नाम लेखेर कक्षामा प्रस्तुत गर्नुहोस्।

(ख) वनजङ्गल आगलागिले जङ्गली जनावरमा कस्तो असर पर्ला ? साथीहरूसँग छलफल गरी बुँदागत रूपमा लेख्नुहोस्।

## अभ्यास

**१. खाली ठाउँमा उपयुक्त शब्द छानेर लेख्नुहोस् :**

(क) पृथ्वीमा रहेका सम्पूर्ण प्राणी, वनस्पति, सुक्ष्मजीव र तिनीहरूका बिचमा रहेको विविधतालाई ................... भनिन्छ ।

(ख) जैविक विविधता विनाश हुँदा सम्पूर्ण .............. को वासस्थान समाप्त हुन्छ ।

(ग) मोलुङ गाउँपालिकामा ................ प्रकारका वन पाइन्छन् ।

(घ) मोलुङ गाउँपालिकामा वनजङ्गल फडानी तथा ...... सिकार कार्य प्रतिबन्धित छ ।

(ङ) मोलुङ गाउँपालिकाको भूभाग .............. मिटरदेखि ............... मिटरसम्मको उचाइसम्म रहेको छ ।

**२. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) जैविक विविधता भनेको के हो, लेख्नुहोस् ।

(ख) जैविक विविधता किन महत्त्वपूर्ण छ, लेख्नुहोस् ।

(ग) मोलुङ गाउँपालिकाका जैविक विविधताका दृष्टिले महत्त्वपूर्ण क्षेत्रको सूची तयार पार्नुहोस् ।

(घ) "मोलुङ गाउँपालिका जैविक विविधताका दृष्टिले धनी गाउँपालिका हो ।" तर्कसहित पुष्टि गर्नुहोस् ।

## परियोजना कार्य

तपाईंको घर वा विद्यालय नजिकको कुनै वन उपभोक्ता समितिका पदाधिकारीलाई भेटेर उक्त वन क्षेत्रको संरक्षणका लागि भएका प्रयासहरूको टिपोट तयार पार्नुहोस् ।

पाठ
दुई

# मोलुङ गाउँपालिकाका दुर्लभ वनस्पतिहरू

२.१. तल दिइएका मोलुङ गाउँपालिकाका दुर्लभ वनस्पति पहिचान गरी नाम लेख्नुहोस्:









कम मात्रामा पाइने, लोप हुने अवस्थामा पुगेका वा विशेष भौगोलिक क्षेत्र वा वातावरणमा मात्र पाइने वनस्पतिलाई दुर्लभ वनस्पति भनिन्छ । यस्ता वनस्पतिहरू पर्यावरणीय सन्तुलन र जैविक विविधताको संरक्षणका लागि महत्त्वपूर्ण हुन्छन् । जलवायु परिवर्तन, वनस्पतिहरूको अवैध दोहन र संरक्षणको अभावका कारण केही वनस्पतिहरू दुर्लभ हुन पुगेका छन् । मोलुङ गाउँपालिकामा

चिराइतो, चाँप, सतुवा, लौठसल्ला, सिमल, सुनाखरी, भ्याकुर, पाखनवेत, हर्रो बर्रो, ठुलोओखत आदिजस्ता वनस्पति दुर्लभ अवस्थामा छन् । यस्ता दुर्लभ वनस्पतिहरूमध्ये चिराइतो, सतुवा जडिबुटी, लौठसल्ला आदिजस्ता वनस्पति प्रायः मोलुङ गाउँपालिकाको वडा नं. ३, ६, ७, र ८ को माथिल्लो क्षेत्रमा पाइन्छन् ।

सुनाखरी प्रायः सबै वडामा केही मात्रामा देखिन्छ भने भ्याकुर, सिमल, पाखनवेत, हर्रो बर्रो आदिजस्ता वनस्पति यस गाउँपालिकाको वडा नं. १, २, ३, ४, ५, ८ आदि वडाका विभिन्न क्षेत्रहरूमा सामान्य मात्रामा पाउन सकिन्छ ।

मोलुङ गाउँपालिकाका दुर्लभ वनस्पतिमध्ये केही वनस्पतिको बारेमा तल उल्लेख गरिएको छ :

## २.२. मोलुङ गाउँपालिकाका दुर्लभ वनस्पतिहरू :

### (क) चिराइतो :

चिराइतो मोलुङ गाउँपालिकाको एक दुर्लभ वनस्पति हो । यो यस गाउँपालिकाको उच्च पहाडी भेगमा पाइन्छ । यो केही चिसो क्षेत्रमा पाइने जडीबुटीको गुणयुक्त वनस्पति हो । यसका पात हरिया र फूल सेता वा हल्का प्याजी रङका हुन्छन् । ज्वरो नियन्त्रण, पाचन सुधार, डायबिटिज, रक्त शुद्धीकरण आदिजस्ता समस्याको उपचारका लागि प्रयोग गरिने चिराइतो हाम्रो गाउँपालिकाको संरक्षण गर्नुपर्ने वनस्पतिमध्ये एक प्रमुख वनस्पति हो ।



### (ख) सतुवा :

सतुवा मोलुङ गाउँपालिकाको एक दुर्लभ वनस्पति हो । यसलाई मोलुङमा मात्र नभएर नेपालकै एक दुर्लभ वनस्पतिका रूपमा लिइन्छ । यसलाई विभिन्न रोगहरूको औषधीको रूपमा प्रयोग गरिन्छ । यो वनस्पति मोलुङ गाउँपालिकाको विशेषगरी वडा नं. ७ र ८ को माथिल्लो लेकाली क्षेत्रमा पाइन्छ । ओसिलो जमिनमा उम्रने यो वनस्पतिको बिरुवा औसतमा आधा मिटर उचाइको हुन्छ । यसको काण्ड सुरिलो र काण्डको एकैठाउँबाट पात पलाएका हुन्छन भने टुप्पोमा एउटा मात्र फूल हुन्छ । यसको प्रयोग बान्ता हुँदा, पेट दुखेको समयमा, पाकेको घाउ छिटै निको पार्न लगायत थुप्रै उपचारमा



### (ग) लौठसल्ला :



नेपालको वनपाखामा पाइने दुर्लभ वनस्पति लौठसल्ला मोलुङ गाउँपालिकाको पनि दुर्लभ वनस्पति हो । यसलाई स्थानीय भाषामा डेङ्ग्रे सल्ला पनि भनेर चिनिन्छ । यो विशेषगरी मोलुङ गाउँपालिकाको वडा नं. ६, ७ र ८ मा पाइन्छ । यो लगभग ३० मिटरसम्म अग्लो हुन्छ । यसका पात मसिना र लाम्चा हुन्छन् । यसबाट निकालिने टेक्सोल रसायन क्यान्सर रोग निको पार्नमा सहयोग पुऱ्याउने मानिन्छ । यसबाहेक यो रसायन पाठेघर, स्तन, छाला, फोक्सो र आन्द्राको प्रारम्भिक अवस्थाको क्यान्सर रोग निको पार्न सफल देखिएको छ ।

### (घ) पाखनबेत :



पाखनबेत औषधीय गुणले भरिपूर्ण एक वनस्पति हो । विशेषगरी पहाडको चट्टानी जङ्गलमा पाइने यो वनस्पतिमा बाटुला पात हुन्छन् र गुलाबी रङको फूल फुल्छ । यो विशेषगरी मोलुङ गाउँपालिकाको वडा नं. २ को महभिर हरियाली सामुदायिक वनक्षेत्र र वडा नं. ४, ७, ८ र ६ को केही वनक्षेत्रमा सामान्य मात्रामा पाइन्छ । पछिल्लो समयमा लोप हुँदै गएको यो वनस्पतिको जरा ज्वरो, खोकी, पखाला, आउँ आदि समस्या निको पार्न प्रयोग गरिन्छ ।

## क्रियाकलाप

(क) तपाईंको गाउँपालिकामा दुर्लभ अवस्थामा पुगेका कुनै दुईओटा वनस्पतिहरुको सफा चित्र बनाई रङ भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) तपाईंको वडामा कुन कुन वनस्पतिहरू लोप हुने अवस्थामा रहेका छन्, अभिभावकको सहयोगमा कापीमा टिप्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

**१. तल दिइएका सबैभन्दा उपयुक्त विकल्पमा ठिक चिह्न (√) लगाउनुहोस् :**

**(क) वनस्पति दुर्लभ अवस्थामा पुग्नुको मुख्य कारण के हो ?**

(अ) वनस्पतिप्रति मानिसको बेवास्ताका कारण

(आ) पर्याप्त मल र पानीको अभावका कारण

(इ) अवैध दोहन र संरक्षण अभावका कारण

(ई) व्यवसायिक खेती प्रणाली अवलम्बन नगर्नाले

**(ख) चिराइतो विशेषगरी कुन भौगोलिक क्षेत्रमा पाइन्छ ?**

(अ) उच्च पहाडी क्षेत्रमा

(आ) उच्च हिमाली क्षेत्रमा

(इ) तराईको समथर क्षेत्रमा

(ई) माथिका सबै क्षेत्रमा

**(ग) सतुवा वनस्पतिको विशेषता कुन हो ?**

(अ) मसिना पात हुने र एउटै बोटमा धेरै फूल फुल्ने

(आ) एउटै आँख्लाबाट पात पलाउने र एक बोटमा एउटामात्र फूल हुने

(इ) सल्लाका जस्तै पात भएको र निकै ठुलो बोट हुने

(ई) एउटै बोटबाट प्रशस्त हाँगा पलाउने र ठुलाठुला पात हुने

**(घ) चित्रमा देखाइएको वनस्पति तलकामध्ये कुन वनस्पति हो ?**

(अ) लौठसल्ला

(ख) सुनाखरी

(ग) पाखनवेत

(घ) भ्याकुर



## २. ठिक भए ठिक (√) र बेठिक भए (×) बेठिक चिह्न लेख्नुहोस् :

(क) मोलुङ गाउँपालिकामा सिमल, सुनाखरी, पाखनबेत आदिजस्ता वनस्पति दुर्लभ अवस्थामा छन् ।

(ख) लौठसल्लाबाट निकालिने टेक्सोल रसायनले क्यान्सर रोग निको पार्न सहयोग पुऱ्याउने मानिन्छ ।

(ग) मोलुङ गाउँपालिकाको पहाडको चट्टानी जङ्गलको आसपासमा पाखनबेत पाइन्छ ।

(घ) दुर्लभ वनस्पतिको संरक्षणमा विद्यार्थीको भूमिका हुँदैन ।

(ङ) दुर्लभ वनस्पति आर्थिक दृष्टिकोणले समेत महत्वपूर्ण मानिन्छन् ।

## २. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) कस्ता वनस्पतिलाई दुर्लभ वनस्पति मानिन्छ ?

(ख) मोलुङ गाउँपालिका क्षेत्रमा पाइने दुर्लभ वनस्पतिको सूची तयार पार्नुहोस् ।

(ग) तल दिइएका वनस्पतिको विशेषतासहित सामान्य वर्णन गर्नहोस् ।

(क) सतुवा (ख) सुनाखरी (ग) सिमल

(घ) पाखनबेत मोलुङ गाउँपालिकाको कुनकुन क्षेत्रमा पाइन्छ ?

(ङ) चिराइतो, लौठसल्ला, सुतुवा आदिजस्ता वनस्पतिहरू मोलुङ गाउँपालिकाबाट लोप हुने अवस्थामा पुग्नुका कारणहरू लेख्नुहोस् ।

(च) तल दिइएका दुर्लभ वनस्पतिको दुई दुईओटा उपयोगिताहरू लेख्नुहोस् ।

(क) लौठसल्ला (ख) चिराइतो

# परियोजना कार्य

माथि पाठमा दिइएका दुर्लभ वनस्पतिमध्ये तपाईंको क्षेत्रमा कुनकुन वनस्पति पाइन्छन् ? उक्त वनस्पति अवलोकन गरी प्राप्त विवरण निम्नानुसारको ढाँचामा भरेर शिक्षकलाई देखाउनुहोस् ।

**दुर्लभ वनस्पतिको नाम :**
**वनस्पति प्राप्त भएको स्थान :**
**वनस्पतिको अनुमानित उचाइ :**
**पातको प्रकृति र बोटको अवस्था :**
**स्थानीय स्तरबाट संरक्षणको प्रयास :**
**वनस्पतिको प्रयोगको वर्तमान अवस्था :**

पाठ
तीन

# मोलुङ गाउँपालिकाका दुर्लभ पशुपन्छीहरु

अघिल्लो पाठमा मोलङ गाउँपालिकाका दुर्लभ वनस्पतिको परिचय, उपयोगिताका र पाइने स्थानको बारेमा चर्चा गरिएको थियो । यस पाठमा मोलुङ गाउँपालिकाका दुर्लभ पशुपक्षी तिनीहरूका केही विशेषता र त्यस्ता पशुपन्छी पाइने स्थानसमेतको बारेमा चर्चा गरिएको छ ।

सीमित सङ्ख्यामा रहेका वा तीव्ररूपमा लोप हुने खतरामा रहेका पशुपक्षीहरूलाई दुर्लभ पशुपक्षी भनिन्छ । यस्ता पशुपक्षी सिकार, अवैध तस्करी, प्राकृतिक वातावरण विनाश आदिका कारणले लोप हुँदै गएका छन् । यसबाहेक न्यून प्रजनन दर, विशेष प्रकारको वातावरण र वनस्पतिमा निर्भरताका कारण पनि यिनीहरूको सङ्ख्यामा कमी आएको पाइन्छ ।

मोलुङ गाउँपालिकामा धेरै प्रकारका घरपालुवा र जङ्गली पशुपन्छी पाइन्छन् । यिनीहरूमध्ये केही जङ्गली पशुपक्षी लोप हुने खतरामा छन् । यस गाउँपालिकाका दुर्लभ पशुपन्छीमा सालक, गोहोरो, ब्वाँसो, गिद्ध, डाँफे, चितुवा, रतुवा/राते मृग, चिल, मुनाल, वनबिरालो, स्याल, न्याउरी मुसो, मयुर, कालिज, भँगेरा आदि पर्दछन् । जनचेतनाको अभाव, चोरी सिकारी, वनजङ्गल आगलागि, वनजङ्गल फडानी आदिका कारणले यस गाउँपालिकामा यस्ता पशुपक्षी  दुर्लभ अवस्थामा पुगेका हुन् । यस्ता पशुपक्षीले जैविक विविधता जोगाइराख्न, वातावरण संरक्षण गर्न तथा हाम्रो गाउँपालिकाको सौन्दर्य वृद्धि गर्नमा समेत महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । त्यसैले यिनको संरक्षणमा हामी सबै गाउँपालिकावासी एकजुट भएर लाग्नुपर्दछ । यहाँ केही दुर्लभ पशुपक्षीको बारेमा चर्चा गरिएको छ ।

## २.२. मोलुङ गाउँपालिकाका दुर्लभ पशुपक्षीहरू :



### (क) सालक :

क) सालक अत्यन्त शान्त स्वभावको स्तनधारी जनावर हो । विश्वभर पाइने ८ प्रजातिका सालकमध्ये नेपालमा दुई प्रजातिका सालक पाइन्छन् । जसमध्ये यस मोलुङ गाउँपालिकामा विशेषगरी कालो सालक वा चाइनिज प्याङ्गोलिन पाइन्छ । यो विशेषगरी समुद्री सतहबाट १०००–२५०० मिटर उचाइसम्म पाइन्छ । यसरी हेर्दा कालो सालक (चाईनिज प्याङ्गोलिन) मोलुङ गाउँपालिकाका प्रायः सबै वडाहरूमा न्यून सङ्ख्यामा पाइन्छ । यसको शरीरमा गाढा फुस्रा रङका कत्ला हुन्छन् । यो दिउँसो दुलोमा बस्छ भने रातमा आहाराको खोजीमा निस्कने गर्छ । यो जनावर आफूलाई कतैबाट आक्रमण वा खतरा महसुस भएमा त्यसबाट जोगिन भकुण्डोको आकारमा थुतुनो केन्द्रमा पारेर गुडुल्किएर डल्लो पर्छ । त्यस्तै यो जनावर पुच्छरको सहायताले रुखमा झुण्डिन सक्छ । यसको मुख्य मनपर्ने आहारा धमिरा हो तथापि यसले कमिला र तिनीहरूको अण्डा पनि खाने गर्दछ । यसले अन्नबाली, चौपाया र मानिसलाई कुनैपनि बेफाइदा गर्दैन । त्यसैले यसलाई Friends Of Farmer पनि भन्ने गरिन्छ । सिकार, अवैध चोरीनिकासी, अन्धविश्वास, जनचेतनाको कमी, वनडढेलो, प्राकृतिक आहारा तथा वासस्थानको कमी आदिका कारण सालक मोलुङ गाउँपालिकाको मात्र नभएर विश्वकै लोपोन्मुख जनावरमध्ये प्रमुख मानिन्छ । साथै यसको संरक्षणमा हामी सबै सचेत हुनुपर्ने अवस्था आएको देखिन्छ ।

## (ख) वन बिरालो :



वन बिरालो हल्का पहँलो वा खैरो रङको हुन्छ । यसको पुच्छर कालो टुप्पो भएको हुन्छ । यसको निधार वरपर र खुट्टामा राता धर्साहरू हुन्छन् । यसको मुख्य आहारा मुसा, कुखुरा, चराचुरुङ्गी आदि जस्ता ससाना जनावरहरू हुन् भने यसले आफूभन्दा ठुला जीवको पनि सिकार गर्नसक्छ । मोलुङ गाउँपालिकाका विभिन्न वडाहरूको जङ्गलमा यो पाइन्छ । प्राय: यो मानव बस्ती वरपर बस्न रुचाउँछ ।

## (ग) रतुवा/राते मृग :

यो नेपालमा पाइने मृग प्रजातिमा सबैभन्दा बढी फैलावट भएको मृग हो । यसको शरीर रातो वा खैरो रङको हुन्छ । यो हेर्दा घोरलजस्तै देखिन्छ । यसले कुकुर भुकेजस्तै गरी कराउने गर्दछ । मोलुङ गाउँपालिकाको दुर्लभ मानिने यो जीव यस गाउँपालिकाका विभिन्न वडाका सदावहार जङ्गलमा पाइन्छ । अवैध चोरी निकासी, सिकार तथा वनविनास आदिजस्ता क्रियाकलापबाट यो जनावर यस गाउँपालिकामा दुर्लभ हुने अवस्थामा पुगेको छ ।



### (घ) भँगेरा :



भँगेरा खैरो रङको, फिस्टोजस्तो एक सानो चरा हो । यसको औसत ओजन ४० ग्रामसम्म हुन्छ । विश्वमा पाइने ३२ प्रजातिका भँगेरामध्ये नेपालमा चार जातका भँगेरा र मोलुङ गाउँपालिकामा विशेषगरी घर भँगेरा र रुख भँगेरा पाइन्छ । यसलाई निकै मायालु र मिहिनेती चराको रूपमा पनि चिनिन्छ । यो चरा घरका खटप्वाल, खरको छाना र सुरक्षित ठाउँमा रहेका प्वालमा गुँड बनाएर बस्छ । यसले बिरूवामा लाग्ने लाही, बालीलाई नोक्सान गर्ने किरा, जुठ्यानमा रहेको खानालगायत धान, चामल आदि खाने गर्दछ । खरका छानाको लोप, ध्वनि प्रदूषण, कृषिमा कीटाणुनाशक औषधीको प्रयोग आदिजस्ता कारणले मोलुङ गाउँपालिकाबाट मात्र नभएर नेपालबाटै यो चराको अन्त्य हुँदै गएको देख्न सकिन्छ । यो मोलुङ गाउँपालिकाको अति दुर्लभ चरा हो ।

### (ङ) डाँफे :



डाँफे नेपालको राष्ट्रिय पक्षी हो । हिमाली प्रदेशको तल्लो क्षेत्रको घाँसले ढाकिएको भिरालो चट्टानयुक्त जमिन र वरपरको जङ्गलमा बस्न रूचाउने यो चरा हिँउदमा विशेषगरी हिमपातका बखत होचो भूभागको लालीगुराँस फुल्ने जङ्गलमा झर्दछ । यो चरा लजालु र डराउने स्वभावको हुनाले आफूलाई असुरक्षित महसुस गर्ने बित्तिकै उड्ने गर्दछ ।

यसले जमिनमा खोस्रेर घाँसका जराहरू, जमिनमा पाइएका किराहरू र तिनका लार्भा आदि खाने गर्दछ । विशेषगरी मोलुङ गाउँपालिकाको वडा नं. ७ र ८ को माथिल्लो भूभागमा देखिने यो चरा यस गाउँपालिकाको दुर्लभ पक्षी हो । प्रतिकूल वातावरण, आगलागि, जलवायु परिवर्तन, अवैध सिकार आदिका कारणले यो पन्छी लोप हुने अवस्थामा पुगेको छ ।

## क्रियाकलाप

(क) तपाईंको गाउँपालिकामा दुर्लभ अवस्थामा पुगेका कुनै दुईओटा पशुपक्षीहरूको सफा चित्र बनाई रङ भरेर कक्षाकोठामा टाँस्नुहोस् ।

(ख) कक्षाका साथीहरू मिलेर जैविक विविधता संरक्षणका लागि कुनै तीनओटा नाराहरू प्लेकार्डमा बनाएर प्रदर्शन गर्नुहोस् ।

## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सालक | टावरको रेडियसनको कारण पनि सङ्कटापन्न अवस्थामा रहेको जीव |
| डाँफे | अगाडिका खुट्टाहरू पछाडिका खुट्टाभन्दा लामा हुने जीव |
| रतुवा | कृषकको साथी पनि भनिने जीव |
| भँगेरा | आफूभन्दा ठुला जनावरको पनि सिकार गर्नसक्ने जीव |
| वन बिरालो | क्लीह, क्लीह आवाज निकाली कराउने जीव |
| | कुकुर भुकेजस्तै गरी कराउने जनवार |

### २. कोष्ठकबाट उपयुक्त शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

(क) ............ र .............मोलुङ गाउँपालिकाका दुर्लभ पशुपक्षी हुन् । (खरायो/काग, चिल/स्याल, गिद्ध/ढुकुर)

(ख) कुकुर भुकेजस्तै आवाज निकाल्ने जीव ................. हो । (रतुवा, वन बिरालो, चिल)

(ग) ............ को तौल औसतमा ४० ग्रामसम्म हुन्छ । (कालिज, जुरेली, भँगेरा)

(घ) मोलुङ गाउँपालिकाको वडा नं. ......... र .......... को माथिल्लो क्षेत्रमा डाँफे पाउन सकिन्छ । (१/२, ४/३, ७/८)

## ३. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) दुर्लभ पशुपक्षी भन्नाले कस्ता पशुपक्षीलाई जनाउँछ ?

(ख) मोलुङ गाउँपालिकाका दुर्लभ पशुपक्षीको सूची तयार गर्नुहोस् ।

(ग) सालक दुर्लभ अवस्थामा पुग्नुका प्रमुख कारणहरू लेख्नुहोस् ।

(घ) भँगेरालाई किन मायालु र मिहिनेती चरा भनिएको हो, कारण दिनुहोस् ।

(ङ) पशुपक्षीहरू लोप हुँदा वातावरमा के कस्ता नकारात्मक असरहरू पर्दछन्, लेख्नुहोस् ।

(च) दुर्लभ पशुपक्षी जैविक विविधताका दृष्टिले किन महत्त्वपूर्ण मानिन्छन्, प्रस्ट पार्नुहोस् ।

## परियोजना कार्य

आफ्नो विद्यालयको वरपरको कुनै जङ्गलमा भ्रमण गरी त्यहाँ पाइएका पशुपक्षीको नाम र सङ्ख्या टिपी तालिकामा राखेर कक्षाकोठामा प्रदर्शन गर्नुहोस् ।

# पाठ चार

# मोलुङ गाउँपालिकाका दुर्लभ वनस्पति र पशुपन्छीहरूको संरक्षण

*(श्री कालिका मा.वि. का कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरू युनिसा, भिमबहादुर, सुम्निमा र लाक्पा दिउँसो १:०० बजे खाजा समयमा चौतारोमा जम्मा हुन्छन् र मोलुङ गाउँपालिकाका दुर्लभ वनस्पति र पशुपक्षीहरूको संरक्षणका विषयमा गफगाफ गर्छन् ।)*

युनिसा : साथीहरू, आज 'हाम्रो मोलुङ' विषयका शिक्षकले मोलुङ गाउँपालिकाका दुर्लभ वनस्पति र पशुपक्षीहरुको संरक्षणका बारेमा महत्त्वपूर्ण कुरा गर्नुभयो । यसबारे केही छलफल गरौँ न ।

भिमबहादुर : हुन्छ नि युनिसा, कक्षामा पढेका विषयमा यसरी हामीले छलफल गऱ्यौँ भने सिकाइ पनि दिगो बन्छ, फेरि यो विषय त हाम्रो गाउँपालिकाको जैविक विविधता संरक्षणसँग पनि सम्बन्धित छ, छलफल गरौँ न ।

युनिसा : हो नि भिमबहादुर, दुर्लभ वनस्पति र पशुपन्छीको संरक्षण हाम्रो लागि अत्यन्त महत्त्वपूर्ण छ । अनि यिनीहरूको लोपले वातावरणमा कस्तो असर पार्ला त साथीहरू ?

सुम्निमा : मैले बुझेअनुसार, दुर्लभ प्रजातिहरू हराउँदै जाँदा हाम्रो प्राकृतिक परिवेश प्रणाली असन्तुलित हुनुका साथै प्राकृतिक सम्पदामा ह्रास आउँछ । वनस्पतिको सङ्ख्या घट्दा त पानीका स्रोतमा समेत असर पर्छ । अस्ति सर भन्दैहुनुहुन्थ्यो, 'यसले त समग्रमा प्राकृतिक परिवेश प्रणाली नै सङ्कटमा पर्छ रे ।'

भिमबहादुर : अँ, सुम्निमाको कुरा ठिक हो । मैले पनि यही बुझेको छु । तर वनस्पति र पशुपक्षीको लोप हुनुको प्रमुख कारण के होला साथीहरू ?

लाक्पा : मलाई त सिकार, वन फडानी र जलवायु परिवर्तन नै प्रमुख कारण जस्तो लाग्यो । यसमा पनि मुख्य कारण मानिसहरूको आफ्नै लापर्बाहीले यस्तो सङ्कट निम्तिएको हो जस्तो लाग्छ ।

भिमबहादुर : सही हो लाक्पा, अनि युनिसा अब मोलुङ गाउँपालिकाका दुर्लभ वनस्पति र पशुपक्षी संरक्षणमा ककसले  के के काम गर्न सकिन्छ होला त ?

युनिसा : सर्वप्रथम त स्थानीय समुदायलाई सचेत पार्न र चेतना फैलाउन विशेष कार्यक्रम चलाउनुपर्छ जस्तो लाग्छ मलाई । हामीले पनि पोस्टर बनाउने, एकदिने र्‍याली निकाल्ने र स्कुलमा जनचेतनामूलक कार्यक्रम राख्न प्रधानाध्यापकसँग अनुरोध गर्न सकिन्छ, हैन र साथीहरू ?

सुम्निमा : हो नि युनिसा, अस्ति हाम्रो मोलुङ गाउँपालिकाको अध्यक्षज्यूले पनि एउटा कार्यक्रममा स्थानीय सरकारले वातावरण संरक्षणसम्बन्धी कडा कानुन बनाउने भन्दै हुनुहुन्थ्यो । यो कानुनले पनि सिकार गर्ने वनफडानी गर्ने दुर्लभ वनस्पति र पशुपक्षीको ओसारपसार गर्नेलाई त नियमन गर्ला नि ।

लाक्पा : कानुनले त पक्कै दुर्लभ वनस्पति र पशुपक्षीको संरक्षणमा सहयोग गरिहाल्छ । यसबाहेक सम्बन्धित निकायले समुदायमा पनि सचेतनामूलक कार्यक्रम चलाउनुपर्छ । दुर्लभ प्रजातिको महत्त्वबारे बालबालिका र युवाहरूलाई सिकाउनुपर्छ । स्थानीय सरकारले स्थानीय संरक्षित क्षेत्र घोषणा गर्नुपर्छ र वृक्षारोपण कार्यक्रम सञ्चालन गर्नुपर्छ । रेडियो तथा टिभीमा जनचेतनामूलक कार्यक्रम प्रसारण गर्नुपर्छ र निरन्तर अनुगमन गर्नुपर्छ जस्तो लाग्छ मलाई त ।

भिमबहादुर : साह्रै राम्रो कुरा गर्‍यौ लाक्पा, पक्कै पनि साथीहरू ! हामीले पनि कसैले दुर्लभ वनस्पति र पशुपक्षीमाथि अवैध काम गरेको देख्यौँ भने तुरुन्तै हाम्रो स्थानीय सरकारलाई जानकारी दिनुपर्छ । साथै जनावरको वासस्थान संरक्षणमा पनि विशेष ध्यान दिनुपर्छ ।

युनिसा : ठिक कुरा गर्‍यौ भिमबहादुर, साथीहरू, आजको हाम्रो छलफल एकदमै राम्रो भयो । अब घण्टी बज्ने बेला पनि भयो । यस्ता छलफल अरू समयमा पनि गर्नुपर्छ है ?

सबैले एकैस्वरमा हुन्छ... भन्छन् ।

*(यत्तिकैमा खाजा समय सकिएको घण्टी बज्छ । सबैजना चौतारोबाट उठेर कक्षाकोठातिर लाग्छन् ।)*

## क्रियाकलाप

(क) मोलुङ गाउँपालिका जैविक विविधतामा धनी गाउँपालिका हो भन्ने कुरालाई प्रस्ट पार्न दुईजना साथीबिचको संवाद तयार पार्नुहोस् ।

(ख) मोलुङ गाउँपालिकाका दुर्लभ वनस्पति तथा पशुपक्षी संरक्षणको लागि गाउँपालिकाले के के कार्य गर्दै आएको छ ? गाउँपालिकाका सूचना अधिकारीसँग सम्पर्क गरी लेखेर शिक्षकलाई देखाउनुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) पशुपक्षी दुर्लभ हुँदै जाँदा वातावरणमा कस्तो असर पर्छ, लेख्नुहोस् ।

(ख) दुर्लभ वनस्पति र पशुपक्षीको संरक्षण किन आवश्यक छ, कारण दिनुहोस् ।

(ग) मोलुङ गाउँपालिकाका दुर्लभ वनस्पति र पशुपन्छी संरक्षण गर्ने तरिका बुँदागत रूपमा लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको गाउँपालिकामा रहेका दुर्लभ वनस्पतिको भिन्नाभिन्नै सूची तयार गर्नुहोस् र उक्त वनस्पति संरक्षणका लागि के के गर्न सकिन्छ, अभिभावकसँग सोधेर लेख्नुहोस् ।

# क्षेत्र चार

# परम्परागत तथा प्रचलित स्थानीय सिप, कला, पेसा तथा व्यवसाय

## सिकाइ उपलब्धिहरू

**यस क्षेत्रको अन्त्यमा विद्यार्थी निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :**

- परम्परागत तथा प्रचलित स्थानीय सिपको परिचय दिन,
- स्थानीय सिप, कला, पेसा तथा व्यवसायको पहिचान गर्न,
- स्थानीय सिप, कलाको संरक्षण गर्ने उपायहरू बताउन,
- टनेल खेतीको परिचय दिन,
- टनेलमा टमाटर खेती गर्ने तरिका बताउन,
- तरकारी खेतीको आवश्यकता र महत्त्व बताउन ।

| | |
|---|---|
| पाठ एक | # परम्परागत तथा प्रचलित स्थानीय सिप |

**तल दिइएका स्थानीय सामग्रीहरुको विषयमा छलफल गर्दै पहिचान गर्नुहोस् ।**





मानिसले आफ्नो जीवन निर्वाह गर्नका लागि परम्परादेखि प्रयोग गर्दै आएका सिपलाई परम्परागत सिप भनिन्छ । यस्ता सिपले हाम्रो प्राचीन कला, संस्कृति र मौलिकतालाई सङ्केत गरेका हुन्छन् । परम्परागत सिपले समाजको विकास कसरी भइरहेको छ भन्ने कुरासमेत थाहा पाउन सहयोग पुऱ्याउँछ । परम्परागत प्रविधि र सिपहरू एक पिँढी बाट अर्को पिँढीमा हस्तान्तरण हुँदै समाजमा प्रचलनमा रहन्छन् । ढिकी, जाँतो, कोल, आरन, चँदारो, हलो, जुवा आदि परम्परागत प्रविधिका उदाहरण हुन् । परम्परागत प्रविधिलाई उपयोग गरेर ढिकीमा धान फलेर चामल बनाउने, आरनमा फलाम तताएर विभिन्न हातहतियार बनाउने, बाँसबाट डोको, मान्द्रो बुन्ने, पातहरू मिलाएर टपरी गाँस्ने कलालाई नै परम्परागत सिप भनिन्छ । यस्ता प्रविधि र सिपलाई प्रयोग र उपयोग गर्न सजिलो हुन्छ । त्यसैले यसको संरक्षण गरी उपयोगलाई प्रभावकारी बनाउनु पर्छ ।

कुनै निश्चित क्षेत्रमा प्रचलित सिपलाई स्थानीय सिप भनिन्छ । यस्ता सिप स्थानीय स्रोत साधनको प्रयोगबाट विकास भएका हुन्छन् । स्थानीय समुदाय र संस्कृतिसँग जोडिएका हुन्छन् । त्यसैले

स्थानीय सिपहरू भौगोलिक क्षेत्रानुसार पृथक हुन सक्छन् । जस्तै : तराईमा सामान ढुवानी गर्न बनाइएको गोरुगाढा मोलुङ गाँउपालिकामा उपयोगी नहुन सक्छ। यसर्थ स्थानीय समुदाय र क्षेत्रमा परम्परादेखि निर्माण र प्रयोग हुँदै आएको सिप नै स्थानीय सिप हुन् । यी सिपहरू स्थानीय क्षेत्रको पहिचान र चिनारीका आधार पनि हुन् ।



**हलो जोतीरहेको**



**ढिकी**



जाँतो

हलो बनाउने, माटोको भाँडा बनाउने, मादल बनाउने, चँदारोको सहायताबाट ठेकी, हर्पे, मदानी बनाउने, चोया प्रयोग गरी थुन्से, घुम बुन्ने, टपरी गाँस्ने, मदानी प्रयोग गरी नौनी निकाल्ने सिपहरू स्थानीय सिपका उदाहरण हुन् । यिनै परम्परागत र स्थानीय सिप मोलुङ गाउँपालिकामा प्रचलित छन् । पूर्वजहरूले निर्माण र उपयोग गरेका स्थानीय र परम्परागत सिप हाम्रा चिनारी हुन् । यस्ता सिपहरू मौलिक प्रकृतिका हुन्छन् । दैनिक उपभोग्य र आधारभूत आवश्यकताका वस्तु तथा सामग्री निर्माण गर्न उपयोगी हुन्छन् । स्थानीय तथा प्रचलित सिपको प्रयोगबाट परम्परागत र रैथाने सिपको संरक्षण हुन्छ । लोप हुन लागेका प्रविधि र कलालाई जोगाउन सकिन्छ । अत: रोजगारी

सिर्जना गर्न फुर्सदको समय सदुपयोग गरी लाभ लिन, आफ्नो पेसा र सिपलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्न, स्थानीय सिपलाई उपयोग गरी व्यापार व्यवसायमा सहभागी हुन, घरेलु तथा साना उद्यमको विकास गर्न, समाजको अस्तित्व जोगाई राख्न, स्थानीय स्रोत साधनको प्रयोग गर्न, नविनता र सिर्जनशीलताको विकास गर्न, सानो लगानीबाट ठुलो आर्थिक लाभ लिन, परम्परागत र स्थानीय सिपको संरक्षण र उपयोग गर्नु आवश्यक छ ।

## क्रियाकलाप

१. ढिकी र मादलको सफा चित्र बनाई यिनीहरू के कामका लागि प्रयोग गरिन्छन्, दुई दुईओटा बुँदाहरू लेखेर प्रदर्शनी पाटीमा टाँस्नुहोस् ।

२. तपाईंको घरमा प्रयोग भईरहेका चार चारओटा स्थानीय र परम्परागत सिपको नाम लेखी कक्षामासुनाउनुहोस् ।

## अभ्यास

### १. अति छोटो उत्तर दिनुहोस् :

क) स्थानीय सिप भनेको के हो ?

ख) परम्परागत सिपका दुईओटा उदाहरण लेख्नुहोस् ?

ग) बाँसबाट बनाउन सकिने कुनै पाँचओटा स्थानीय सामग्रीहरुको नाम लेख्नुहोस् ।

### २. तलका प्रश्नको उत्तर दिनुहोस् :

क) स्थानीय सिपका विशेषताहरू के के हुन्, लेख्नुहोस् ।

ख) परम्परागत र स्थानीय सिपको भिन्नता भन्नुहोस् ।

ग) हाम्रो गाउँपालिकामा स्थानीय र परम्परागत सिपको किन आवश्यकता छ, लेख्नुहोस् ।

## परियोजना कार्य

१. तपाईंको टोल तथा समुदायमा प्रचलित पाँचओटा स्थानीय प्रविधिको नाम र ती प्रविधिहरूको सहायताले के कस्ता सिपको विकास भई रहेको छ, अभिभावकलाई सोधी लेख्नुहोस् ।

पाठ दुई

# स्थानीय कला, पेसा र व्यवसाय

कक्षा ६ मा अध्ययनरत विद्यार्थीलाई शिक्षकले तीन समूहमा बाँड्नुभयो । प्रत्येक समूहका विद्यार्थीलाई छलफल गर्न मिल्ने गरी राख्नुभयो र आवश्यक सामग्री प्रदान गर्दै आज अध्ययन गर्ने विषयवस्तुको बारेमा राम्रोसँग निर्देशन दिनुभयो । प्रत्येक समूहका विद्यार्थीहरूले निर्देशन र सामग्रीको अध्ययन गरी निम्न निष्कर्ष निकाले :

## समूह क : स्थानीय कला

मोलुङ गाँउपालिकाको विशेष स्थान, समुदाय वा संस्कृतिसँग सम्बन्धित कला नै स्थानीय कला हो । यसले हाम्रो समुदायको सांस्कृतिक पहिचान, परम्परा र जीवनशैली प्रकट गरेको छ । यसअन्तर्गत लोक कला, परम्परागत कला, सङ्गीत कला, स्थानीय वास्तुकला पर्दछन् । जसलाई तलको तालिकाबाट प्रस्ट पार्न सकिन्छ :

| **लोक कलाहरू :** | **परम्परागत कलाहरू :** | **स्थानीय वास्तुकलाहरू :** | **सङ्गीत/ नृत्य कलाहरू :** |
|---|---|---|---|
| • चित्रकला<br>• मूर्तिकला | • हस्तशिल्प<br>• कपडा बुनाई<br>• धातु र माटाका सामग्रीहरू निर्माण<br>• काठका सामग्रीहरू निर्माण | • मठ, मन्दिर:<br>• घर<br>• गुम्बा<br>• चर्च | • तामाङ : सेलो<br>• राई : चण्डी, साकेला<br>• गुरुङ, मगर : रोदी<br>• ब्राह्मण, क्षेत्री : बालुन, खैजडी नृत्य, किर्तन<br>• गुरुङ : घाटु<br>• मगर : कौरा, मारुनी<br>• नेवार : नरसिंह नाच, वसन्त नाच<br>• शेर्पा : स्याब्रुङ नाच |

स्थानीय कलाले हाम्रो परम्परालाई जीवन्त राखेका छन् । सामूहिक एकता र सद्भाव कायम राख्न मद्दत पुऱ्याएका छन् । आफ्नो ज्ञान, सिप र सिर्जनशीलताको विकास गर्ने सहयोग पुगेको छ । प्रचलित स्थानीय कलाको विकासबाट पर्यटन व्यवसायलाई प्रचार प्रसार गर्दै आर्थिक विकास हुने भएकाले स्थानीय कलालाई विकास र संरक्षण गर्नु हामी सबैको दायित्व हो ।

## समूह ख : स्थानीय पेसाहरू :

मोलुङ गाउँपालिकाको विभिन्न वडामा बस्ने मानिसहरूले जीवन निर्वाह गर्नका लागि अपनाउँदै आएको पेसालाई स्थानीय पेसा भनिन्छ। यो स्थान तथा भूगोलअनुसार पृथक तथा एउटै पनि हुन सक्छ। स्थानीय पेसा विशिष्ट समुदायको रोजगारीको आधार हो। मोलुङ गाउँपालिकामा निम्न स्थानीय पेसाहरू प्रचलित छन् :

- **कृषि पेसा** : खाद्यान्न तथा नगदेबालीहरू, फलफुल खेती र तरकारी खेती
- **पशुपालन** : गाई, भैँसी, बाखा, कुखुरा, भेडा
- **हस्तशिल्प :** डोको, नाम्लो बुन्ने, धोगोबाट टोपी, सुइटर बुन्ने, गलबन्दी बुन्ने
- **निर्माण पेसा** : सिकर्मी, डकर्मी, (घर, मन्दिर, फर्निचर), फलामका हातहतियारहरू बनाउने
- **सार्वजानिक सेवासँग सम्बन्धित पेसाहरू** : डाक्टर, इन्जिनियर, शिक्षक, प्राविधिक, वकिल, निजामती कर्मचारी, सेना, प्रहरीलगायत
- **अन्य पेसाहरू** : माछा मार्ने, काठ काट्ने, मादल तथा अन्य वाद्यवादनका साधन बनाउने

स्थानीय पेसाले मानिसलाई आत्मनिर्भर र स्वावलम्वी बनाउँछ। भत्किएका, बिग्रिएका वा खेर गईरहेका वस्तुको प्रयोग गरी उपयोगी सामग्री बनाउन सकिन्छ। स्थानीय पेसामा निरन्तर लागिरहने व्यक्तिको आर्थिक स्तर पनि राम्रो हुन्छ। स्वरोजगारी हुने अवसर प्राप्त हुन्छ। अतः स्थानीय पेसालाई व्यवसायिक रूपमा अपनाउन सकेमा वैदेशिक रोजगारीमा जानुपर्ने समस्यालाई समेत न्यूनीकरण गर्न सकिन्छ।

## समूह ग : स्थानीय व्यवसाय

स्थानीय व्यवसाय भनेको स्थानीय स्तरमा सञ्चालन गरिएका घरेलु तथा साना व्यवसाय हुन्। यस्ता व्यवसायहरू स्थानीय समुदायको आवश्यकतामा केन्द्रित हुन्छन्। स्थानीय क्षेत्रका मानिसले आफ्नो र समाजको आवश्यकतालाई ध्यानमा राखी सञ्चालन गरेका व्यवसायहरू स्थानीय व्यवसाय हुन्। व्यवसायहरू जीवन निर्वाह गर्ने र नाफा कमाउने उद्देश्यले स्थापना गरिएका हुन्छन्। हाम्रो मोलुङ गाउँपालिकामा प्रचलित स्थानीय व्यवसायहरू निम्नानुसार छन् :







- होटल सञ्चालन
- साना तथा खुद्रा किराना पसल
- डेरी : दुध, दही, पनिर, घिउ
- सैलुन : कपाल, दारी काट्न
- मेडिकल : औषधी बिक्रीवितरण
- फर्निचर : काठका दराज, पलङ, कुर्सी बनाउन
- टेलर : कपडा सिलाइ बुनाइ
- कृषिजन्य वस्तुको उत्पादन र बिक्रीवितरण
- आरन व्यवसाय
- शैक्षिक व्यवसाय : ट्युसन, कोचिङ
- टनेल तथा फलफुल व्यवसाय
- कुखुरापालन व्यवसाय
- बाख्रापालन व्यवसाय





स्थानीय व्यवसायहरूले रोजगारी सिर्जना गर्नुका साथै स्थानीय तहको कर प्रणालीलाई समेत बलियो बनाउँछन् । त्यसैले निश्चित योजना बनाई बजार र प्रतिस्पर्धालाई ध्यान दिँदै कानुनी प्रक्रिया पूरा गरी व्यवसाय सञ्चालन गर्नुपर्छ । आउन सक्ने चुनौती र मागलाई सम्बोधन गर्न सक्ने व्यवसाय छनोट गरी सञ्चालन गर्न सकेमा व्यवसायबाट राम्रो लाभ लिन सकिन्छ ।

## क्रियाकलाप

१. ढिकी र जाँतोको सफा चित्र बनाई कक्षामा सबैले देख्ने गरी टाँस्नुहोस् ।

२. तपाईँलाई मन पर्ने पेसा वा व्यवसायको नाम र मन पर्नुको कारणहरू लेखेर कक्षाकोठामा टाँस्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस :

(क) राई जातिमा प्रचलित सङ्गीतकला कुन हो ?

(ख) सैलुन व्यवसायले के के काम गर्छ, सूची बनाउनुहोस् ।

(ग) सार्वजनिक सेवासँग सम्बन्धित दुईओटा पेसाको नाम लेख्नुहोस् ।

### २. तलका प्रश्नहरूको उत्तर दिनुहोस :

(क) स्थानीय पेसा र व्यवसायबिच फरक छुट्याउनुहोस् ?

(ख) मोलुङ गाउँपालिकामा प्रचलित पाँचओटा व्यवसायको नाम लेख्नुहोस् ?

(ग) स्थानीय व्यवसाय सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरू लेख्नुहोस् ?

## परियोजना कार्य

१. तपाईंको वडा कार्यालयमा गएर, आफ्नो वडामा के के व्यवसाय सञ्चालन भई रहेका छन्, सोध्नुहोस् र तल दिइएको तालिका पूरा गर्नुहोस् :

| क.सं. | व्यवसायको नाम | सामग्री | फाइदा |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

पाठ तीन

# स्थानीय कला र सिपको संरक्षण

मोलुङ गाउँपालिका विविधतायुक्त स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका मानिसहरू बस्छन् । उनीहरूका आआफ्ना भाषा, कला, सिप र संस्कृति छन् । पेसा र व्यवसाय पनि आफ्नै परम्परा र संस्कारअनुसार अँगालेका छन् । आफ्नो दैनिक जीवन निर्वाह गर्न मानिसले विभिन्न सिप र कला सिकिरहेका हुन्छन् । यसरी सिकेका सिपहरू स्थानीय समुदायसँग निकट हुन्छन् ।

स्थानीय कला र सिप हाम्रो समुदायका अमूल्य निधि हुन् । यी मौलिकतासँग जोडिएका हुन्छन् । यस्ता सिपहरू मानव सभ्यताको सुरुवातसँगै विकास भएका हुन् । यसरी विकास भएका सिपहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै समाजमा जीवन्त रहन्छन् । स्थानीय कला र सिपले विविधता भित्रको एकता र अखण्डतालाई बलियो बनाई राखेका हुन्छन् । तर हाम्रो समुदायमा प्रचलित स्थानीय सिप र कलाहरू युवा पुस्ताहरूको वितृष्णा, सरकारको उचित संरक्षण गर्ने नीतिको अभाव, सहरी जीवनशैलीप्रतिको आकर्षण, आधुनिक औजार तथा प्रविधिको प्रयोग, तीव्र वैदेशिक पलायन, उपयोग र प्रयोगको अभाव, यसको महत्त्वका बारेमा जानकारी नहुनु, हस्तान्तरणको अभाव जस्ता कारणले सङ्कटमा परेका छन् ।

यसका लागि विविध उपायहरू अपनाएर स्थानीय कला र सिपको संरक्षण गर्न सकिन्छ । यस्ता सिपहरू निर्माणसँग मात्र नभएर गायन, वाचन पाककला, खेलकुद, दुर्घटनाबाट सुरक्षित हुने, विभिन्न कलाकृतिहरू बनाउने, आफ्नो मौलिक पहिचान झल्काउने क्षेत्रसँग सम्बन्धित हुन्छन् । समाज र स्थानीय सरकारको सहकार्यमा संरक्षण, संवर्धन र प्रचारप्रसार गरी लोप तथा सङ्कटमा परेका स्थानीय कला र सिपलाई जोगाउन सकिन्छ ।

## क्रियाकलाप

स्थानीय कला र सिपको संरक्षण शीर्षकमा आफ्ना भनाई साथीहरू समक्ष हाउभाउसहित प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

### १. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) स्थानीय कला र सिप केसँग जोडिएका हुन्छन् ?

(ख) स्थानीय कला र सिपको संरक्षण गर्न एउटा उपाय लेख्नुहोस् ।

### २. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) स्थानीय कला र सिप सङ्कटमा पर्नुका मुख्य कारणहरू के के हुन् ?

(ख) स्थानीय कला र सिपको संरक्षण गर्ने उपायहरूको सूची तयार पार्नुहोस् ।

## परियोजना कार्य

**१. बिक्रीवितरण तथा प्रदर्शनीका मेलाहरू आयोजना गरेर स्थानीय सिप र कलालाई प्रवर्द्धन गर्न सम्भव छ ? विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबाट सुझाव सङ्कलन गरी तलको तालिका भर्नुहोस् ।**

| क.सं. | शिक्षकहरू | प्रधानाध्यापक | विद्यालय व्यवस्थापन समितिका सदस्यहरू |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

# पाठ चार

# टनेलमा गरिने तरकारी खेती

**(समीक्षाले कृषि प्राविधिकसँग टनेलमा गरिने तरकारी खेतीको बारेमा गरेको कुराकानी)**

**समीक्षा :** कृषि प्राविधिकज्यू नमस्कार !

**कृषि प्राविधिक :** नमस्कार ! के जिज्ञासा छ, समीक्षाजी ?

**समीक्षा :** (हात हल्लाउँदै) सर, मैले टनेलमा तरकारी खेती गर्ने योजना बनाएकी छु !

**कृषि प्राविधिक :** ओहो ! यो त सारै राम्रो कुरा गर्नु भयो तपाईंले ।



**समीक्षा :** टनेल भनेको के हो ? बताइदिनुस् न सर !

**कृषि प्राविधिक :** टनेल एक प्रकारको गोठ हो । यो गोठ प्रकाश छिर्न सक्ने तर पानी छिर्न नसक्ने गरी बनाइएको हुन्छ ।

यस गोठ भित्र तरकारी खेती गरिन्छ ।

**समीक्षा :** टनेल किन तयार गरिन्छ ?

**कृषि प्राविधिक :** शीत, तुसारो, असिनापानी, ठुलो हावा आदिबाट तरकारीका बेर्ना तथा बोटहरू जोगाउन टनेल तयार गरिन्छ । यसरी तयार गरिएको टनेलबाट बेर्नाहरू चिसोबाट जोगिनुका साथै विषादी र भिटामिनको राम्रो खपत भई उत्पादन वृद्धि हुन्छ ।

**समीक्षा :** टनेलमा के कस्ता बाली लगाउन सकिन्छ ?

**कृषि प्राविधिक :** टनेलमा सबै प्रकारका तरकारी बाली लगाउन सकिन्छ । जसमध्ये टमाटर, खुर्सानी, काँक्रा, सिमी, भान्टा, लौका, केराउलगायतका तरकारी लगाउने चलन रहेको छ ।

**समीक्षा :** मलाई टनेलभित्र टमाटर लगाउने इच्छा छ । यसका लागि टनेल कसरी निर्माण गर्न सकिन्छ ?

**कृषि प्राविधिक :** नेपालमा प्लास्टिकको टनेल तथा प्लास्टिकको घर बढी प्रचलनमा रहेको छ । टमाटर खेतीका लागि ५ मिटर चौडाइ १० मिटर लम्बाई भएको प्लास्टिकको घर राम्रो मानिन्छ । प्लास्टिक छनोट गर्दा ३० देखि १२० जी. एस. एम. सम्मको प्रयोग गर्नुपर्छ । प्लास्टिकको घर भित्रको सापेक्षित आद्रता ७० देखि ३० प्रतिशत र तापक्रम करिब २० डिग्री सेल्सियस हुनुपर्छ ।

**समीक्षा :** टनेल निर्माण गर्नका लागि कस्तो जग्गा उपयुक्त हुन्छ ?

**कृषि प्राविधिक :** सामान्यतया समुद्री सतहको ५०० देखि १७०० मिटरसम्मको जग्गा राम्रो मानिन्छ । प्रशस्त सूर्यको प्रकाश पर्ने तथा जोडले हावा नचल्ने क्षेत्र छनोट गर्नुपर्छ । भिरालो र वर्षाको भेल पस्ने तथा पानी जम्ने ठाउँमा टनेल बनाउनु हुँदैन । पानी सजिलै निकास हुने ठाउँ उपयुक्त हुन्छ । टमाटर खेतीबाट राम्रो उत्पादन लिनका लागि पानी नजम्ने प्राङ्गारिक पदार्थ प्रशस्त भएको हलुका बलौटे माटो उपयुक्त हुन्छ ।

**समीक्षा :** (जिज्ञासु हुँदै) ओहो ! यसरी सबै कुरामा ध्यान दिएर टनेल निर्माण गर्न सकियो भने टमाटर खेतीबाट धेरै फाइदा लिन सकिने रहेछ ।

**कृषि प्राविधिक :** ठिक भन्नु भयो तपाईंले, टनेलको प्रयोगले बिरुवा तथा तरकारीलाई बर्षाको पानी र हिँउदमा चिसोबाट जोगाउन सकिन्छ । विभिन्न प्रकारका रोगहरूबाट पनि जोगाउन सकिन्छ । बाली नोक्सान भएर जाने सम्भावना कम हुन्छ । पाकेका बालीहरू एक दुईदिनमा नै बिग्रिने तथा कुहिने समस्या कम हुन्छ । उत्पादनमा समेत राम्रो वृद्धि हुन्छ । बिक्रीवितरण गरी आर्थिक लाभ लिन सकिन्छ ।

**समीक्षा :** धन्यवाद प्राविधिकज्यू, अब म टनेल खेती गरी आफै स्वरोजगार बन्नेछु ।

**कृषि प्राविधिक :** धन्यवाद ! केही जिज्ञासा भए फेरी भेटेर सोध्न सक्नुहुन्छ । अहिले छुटौं, है त !

**समीक्षा :** हवस्, धन्यवाद सर ।

## क्रियाकलाप

तपाईँको करेसाबारीमा लगाइएका तरकारीहरूको जानकारी गराउँदै दुई दुईजनाको समूहमा रही हाउभाउसहित अभिनय गरेर कक्षाका अन्य साथीहरूलाई देखाउनुहोस् ।

## अभ्यास

**१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) टनेल भनेको के हो ?

(ख) टनेलमा के कस्ता तरकारी लगाउन सकिन्छ ?

(ग) टनेलमा खेती गर्नका लागि कस्तो माटो उपयुक्त हुन्छ ?

**२. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) टनेलका फाइदाहरू लेख्नुहोस् ।

(ख) टनेल निर्माण गर्न जग्गा छनोटका तरिका लेख्नुहोस् ।

(ग) टमाटर खेती गर्न टनेल निर्माण गर्ने तरिकाहरूको सूची तयार पार्नुहोस् ।

## परियोजना कार्य

**१. तपाईँको समुदायमा टनेल कसरी निर्माण गरिएको छ ? त्यसमा के कस्ता तरकारी लगाइन्छ, अभिभावकलाई सोधेर लेख्नुहोस् ।**

**२. टनेलको अध्ययन गरी दिइएका आधार भित्र रहेर एउटा प्रतिवेदन तयार पार्नुहोस् ।**

**आधारहरू :**

- **परिचय :**
- **टनेल निर्माण गर्नुको उद्देश्य :**
- **टनेल निर्माणका चरणहरू :**
- **उत्पादन गर्न सकिने तरकारीहरू :**
- **समस्याहरू :**
- **समाधानका उपायहरू :**
- **निष्कर्ष र सुझाव :**

पाठ
पाँच

# तरकारी खेती





मानवलाई स्वस्थ रहनका लागि कार्बोहाइड्रेट, चिल्लोपदार्थ, भिटामिन, प्रोटिन, खनिज र पानी जस्ता तत्वको आवश्यक पर्छ । यी तत्वहरू खाद्यान्न तथा नगदे बालीका साथै माछामासु, फलफूल तरकारीबाट प्राप्त गर्न सकिन्छ । शरीरलाई चाहिने सम्पूर्ण पोषक तत्वहरू नमिलेमा कुपोषण, गलगाँड, फुकेनास जस्ता रोगहरू देखापर्छन् । त्यसैले मकै, कोदो, चामल, गहुँ, फापर, अण्डा, दुध, दही, माछा, मासु, फलफूल, गेडागुडीसँगै तरकारीको पनि उचित सन्तुलन मिलाएर खानुपर्छ । यसरी सन्तुलित भोजन मिलाएर सेवन गर्दा शारीरिक तन्दुरुस्तीका साथै रोग प्रतिरोधात्मक क्षमताको समेत विकास हुन्छ ।

हाम्रो समुदायमा विभिन्न खालका तरकारी खेतीहरू गरिन्छ । आलु, हरिया सागपात, रायो, चम्सुर, पालुङ्गो, लौका, बन्दा, प्याज, गोलभैँडा, भिन्डी, घिरौला, सिमी, मुला, करेला, काउलीलगायत तरकारी  मोलुङ गाउँपालिकामा उब्जनी गरेर प्रत्येक दिन आवश्यक पर्ने तरकारी उपभोग गरिन्छ । ताजा तरकारी उत्पादन गर्नका लागि करेसाबारी र टनेलको प्रयोग गरिएको पाइन्छ । मलखाद वरिपरि पनि तरकारी खेती गरिन्छ । प्रायः आफ्नो घरपरिवारलाई मात्र पुग्ने गरी तरकारी खेती गर्ने प्रचलन हाम्रो पालिकामा छ ।

तरकारी हिउँदे बर्खे, बेमौसमी गरी विभिन्न प्रकारका हुन्छन् । जाडो मौसममा भदौदेखि चैत वैशाखसम्म उत्पादन हुने तरकारीलाई हिउँदे तरकारी भनिन्छ । चैत वैशाखमा बेर्ना रोपी साउन भदौसम्म उत्पादन दिने तरकारीलाई बर्खे तरकारी भनिन्छ । टनेलको प्रयोग गरी बेमौसमी तरकारीसमेत उत्पादन गरिन्छ । बाह्रै महिना उत्पादन हुने तरकारीहरू बेमौसमी तरकारी हुन् । नियमित रूपमा तरकारी सेवन गर्नाले स्वास्थ्य राम्रो हुनुका साथै रोग विरुद्ध लड्ने शक्तिको विकास हुन्छ । यिनीहरूबाट सन्तुलित आहारा प्राप्त हुन्छ ।

आफ्नै करेसाबारीमा प्रशस्तै तरकारी उत्पादन गरी बिक्रीवितरण गर्न सकिन्छ । व्यवसायिक रूपमा तरकारी खेती गरेर रोजगारी सिर्जना गर्न सकिन्छ । तरकारी बिक्रीवितरण गरी दैनिक खर्च जुटाउन सकिन्छ । शरीरलाई आवश्यक पर्ने सम्पूर्ण स्रोतहरू तरकारीबाट प्राप्त हुने भएकाले विषादीरहित अर्गानिक तरकारी उत्पादनमा ध्यान पुऱ्याउनुपर्छ ।

व्यवसायिक रूपमा तरकारी, मसलादार बालीहरू, गेडागुडीहरू उत्पादन गर्न माटो छनोटमा समेत ध्यान दिनु आवश्यक हुन्छ । मोलुङ गाउँपालिकाको माथिल्लो भेग पाल्ते, जेसे, श्रीचौरलगायत क्षेत्रमा गाँजर, आलु, मुला, खुर्सानी जस्ता तरकारीहरू खेती गर्न उपयुक्त माटो छ । प्राप्चा, ढुस्के, हर्कपुर, कुन्तादेवी आदि क्षेत्रमा करेला, लौका, रायो, तोरीको साग, सिस्नु, सिमीलगायतका तरकारी उत्पादन गर्न सकिन्छ । रामपुर, जरायोटार, फागुनेटार, लामिडाँडा क्षेत्रमा घिरौला, बन्दा, काउली, आलु, भिन्डी जस्ता तरकारीहरू लगाउनु उपयुक्त हुन्छ ।

तरकारी खेती गर्दा माटोलाई राम्रोसँग खनजोत गरेर मल, पानी र तरकारी उत्पादनका लागि आवश्यक पर्ने  कम्पोस्ट मल मिलाएर उत्पादन गर्न सकेमा तरकारीबाट राम्रो फाइदा लिन सकिन्छ ।

## क्रियाकलाप

शिक्षकको सहयोगमा इन्टरनेटबाट व्यवसायिक तरकारी खेतीको एउटा भिडियो खोजेर हेर्नुनुहोस् र मोलुङ गाउँपालिकामा व्यवसायिक तरकारी खेतीको सम्भावनाकाबारे समूहमा छलफल गर्नुहोस् ।

## अभ्यास

### १.तलका प्रश्नहरुको अति छोटो उत्तर लेख्नुहोस् ।

(क) हिउँदे तरकारीहरूको नाम लेख्नुहोस् ।

(ख) चैत वैशाखमा बेर्ना रोपी साउन भदौसम्म उत्पादन दिने तरकारीलाई कस्ता तरकारी भनिन्छ ?

(ग) पात्ले, जेसे, श्रीचौरलगायतका क्षेत्रमा उत्पादन हुने तरकारीको नाम लेख्नुहोस् ।

### २. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(क) प्राप्चा, ढुस्के, हर्कपुर, कुन्तादेवीलगायतका क्षेत्रमा उत्पादन हुने तरकारीको सूची तयार पार्नुहोस् ।

(ख) बेमौसमी तरकारी भन्नाले के बुझिन्छ, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(ग) व्यवसायिक तरकारी खेती किन आवश्यक छ, लेख्नुहोस् ।

(घ) तरकारी खेतीबाट हुने फाइदाहरू वर्णन गर्नुहोस् ।

## परियोजना कार्य

**तपाईंको घरमा हिउँदको समयमा के के तरकारीहरू लगाउनुहुन्छ ? आफ्नो करेसाबारीको अवलोकन गरी लेख्नुहोस् ।**

# तरकारीमा लाग्ने रोग

पाठ
छ

**तल दिइएको सम्पादकीय पढ्नुहोस् :**

## विषादीको अभावले किसान चिन्तित

तरकारी खेतीमा गरिएको लगानीबाट सुखद प्रतिफल प्राप्त हुन थालेको छ। ग्रामीण भेगका कृषकहरू तरकारी खेतीबाट आत्मनिर्भर बन्न थालेका छन् । तरकारी खेती गर्ने किसानलाई स्थानीय सरकारले टनेल, बिउ, विषादी तथा आवश्यक अनुदानसमेत उपलब्ध गराउँदै आएको छ ।

ओखलढुङ्गा जिल्ला मोलुङ गाउँपालिका वडा नम्बर २ बस्ने हिराबहादुर दर्जी आलु, टमाटर, बन्दा, काउली, खुर्सानी जस्ता तरकारीहरू उत्पादन गर्नुहुन्छ । उहाँले उत्पादन गरेका तरकारीहरू घरबाटै तथा बजारमा लगि बिक्री वितरण गरेर प्रतिवर्ष करीब दुई लाख भन्दा बढी आम्दानी गरीरहनु भएको छ। उहाँ गाउँको अगुवा कृषक पनि हुनुहुन्छ। उहाँलाई तरकारीका विभिन्न प्रजातिहरू तथा बेमौसमी तरकारी उत्पादन गर्न इच्छा छ । उहाँ तरकारीमा लाग्ने  किरा, लाही, पहेलो फेद कुहिने, तथा हाँगाहरू कालो हुने, टमाटरमा खटिरा लाग्ने जस्ता रोगको उचित उपचार नपाएर हैरानमा पर्नुभएको छ । कृषि प्रविधिको अभाव ग्रामिण क्षेत्रमा विषादीहरू उत्पादन गर्न तालिमको अभाव आदिका कारण भने कतिपय युवा व्यवसायीहरू चाहेर पनि तरकारी खेतीप्रति आकर्षित हुन नसकेको उहाँ बताउनु हुन्छ । तरकारीमा लाग्ने रोगहरूको पहिचान गरी यस्ता रोग निवारणका उपाय अवलम्बन गर्न सके युवा पुस्ताहरूलाई  तरकारी खेतीमा आकर्षित गर्न सकिन्छ । यसका लागि कृषि तथा पशुपन्छी मन्त्रालय, जिल्ला कृषि ज्ञान केन्द्र र स्थानीय सरकारको ध्यान आकृष्ट हुनु जरुरी छ ।

माथि उल्लिखित सम्पादकीयमा मानिसहरू तरकारी खेतीप्रति आकर्षित हुँदै आएका छन् । तरकारीमा लाग्ने रोगका लागि औषधी तथा विषादी नपाइनु आम व्यवसायीहरूको गुनासो छ । टमाटर खेतीमा फेद कुहिने, मुख्य काण्ड तथा हाँगाहरू कालो हुने रोगका लागि Dithane M-45 औषधी प्रयोग गर्नुपर्छ। टमाटर खेतीमा लाग्ने धेरैजसो किरालाई प्लास्टिकले बनेको Yellow trap प्रयोग गरेर नियन्त्रण गर्न सकिन्छ । पहेलो रङमा किराहरू आकर्षित हुने भएकाले त्यहीं टाँसिएर मर्ने हुँदा किराहरू चाँडै नियन्त्रण हुन्छन् ।

टमाटर खेती गर्दा विभिन्न भाइरल रोगहरू पनि लाग्ने गर्दछन्। पातहरूमा Abnormal रङ देखिनु भाइरल रोगको  लक्षण हो । यो रोग लागिसकेपछि नियन्त्रण गर्न नसकिने हुँदा सही जातका

बिरुवाहरू छनोट गरी खेती गर्नुपर्छ। तरकारीमा लाग्ने रोगको हानी नोक्सानीबाट बँच्न कृषि विमा गर्नु उपयुक्त हुन्छ। विमाबाट सहुलियत प्राप्त गर्न सकिन्छ। तरकारीका बिरुवालाई पानी, प्रकाश, हावाको समेत अनुकूल बनाई रोप्न सकेमा टमाटर तथा तरकारी खेतीबाट राम्रो आम्दानी लिन सकिन्छ।

## क्रियाकलाप

१.तपाईंको विद्यालय नजिकैको तरकारीबारी वा करेसाबारी अवलोकन गर्नुहोस् र त्यहाँ लगाइएका तरकारीहरूमा कस्ता कस्ता रोगहरू देखिएका छन्, टिपोट गरी कक्षामा सुनाउनुहोस्।

## अभ्यास

### १. तलका प्रश्नहरुको अति छोटो उत्तर लेख्नुहोस्।

(क) हिराबहादुर दर्जी के व्यवसाय गर्दै छन् ?

(ख) टमाटरमा लाग्ने दुईओटा रोगको नाम लेख्नुहोस्।

### २. तलका प्रश्नहरुको उत्तर लेख्नुहोस्।

(क) टमाटरमा लाग्ने रोगहरू के के हुन्, सूची बनाउनुहोस्।

(ख) टमाटर खेतीमा लाग्ने रोगलाई कसरी निवारण गर्न सकिन्छ ?

(ग) तरकारी खेतीमा आएका समस्याहरू के के हुन् ?

(घ) युवा पुस्तालाई तरकारी खेतीमा कसरी आकर्षित गर्न सकिन्छ, आफ्नो तर्क प्रस्तुत गर्नुहोस्।

## परियोजना कार्य

१. पशु तथा कृषि विकास शाखा प्रमुखलाई भेटर वा सम्पर्क गरेर तपाईंको गाउँपालिकामा गरिएका तरकारी खेतीमा देखापरेका रोगहरू र ती रोगहरू निराकरणका लागि गर्न सकिने औषधीहरूको नाम लेखी तलको तालिका पूरा गर्नुहोस्।

| क्र.स. | तरकारी | लाग्ने रोग | निराकरणका लागि प्रयोग गरिने औषधिहरू |
|---|---|---|---|
| | | | |

क्षेत्र पाँच

# धार्मिक, सांस्कृतिक एवम् सामाजिक विविधता

## सिकाइ उपलब्धिहरू

**यस क्षेत्रको अन्त्यमा विद्यार्थी निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :**

- धर्मको परिचय दिन,
- मोलुङ गाउँपालिकामा रहेको धार्मिक तथा सांस्कृतिक विविधताको पहिचान गर्न,
- मोलुङ गाउँपालिकाका विभिन्न जातजाति तथा मातृभाषाबारे जानकारी दिन,
- धार्मिक, सांस्कृतिक तथा सामाजिक सम्पदाको संरक्षण गर्ने उपाय बताउन,
- धर्म, संस्कृति र समाजको अन्तरसम्बन्ध प्रस्ट पार्न ।

पाठ
एक

# धर्म









मानिस संसारमा सबैभन्दा विवेकशील प्राणी मानिन्छ । के गर्नु ठिक हुन्छ, के गर्नु बेठिक हुन्छ अर्थात्  गर्न हुने र गर्न नहुने काम छुट्याउनको लागि मानिसले विवेकको प्रयोग गर्ने गर्दछ । त्यस्तै मानिसले संसारमा प्रसिद्धि पाएका व्यक्तिहरूले गर्ने गरेका व्यवहार तथा अभिव्यक्तिहरूलाई आधार मानेर आफ्नो आचरण र व्यवहार प्रदर्शन गर्ने गर्दछन् । यसरी हेर्दा धर्म भन्नाले सदाचार, सेवाभाव र विश्वव्यापी सोचको उपज भन्ने बुझिन्छ ।

जब मानिसको मानसिकतामा धर्मको चेतना हुन्छ तब मानिस कर्तव्यनिष्ठ, इमानदार, क्षमाशील, सदाचारी एवम् सेवक बन्दछ । धर्म भनेको आस्था एवम् विश्वास हो । विभिन्न व्यक्ति, जातजाति तथा समुदायमा फरक फरक धार्मिक संस्कारहरू रहेका हुन्छन् । धर्मले मानिसहरूलाई जीवन जिउने कला सिकाउँछ । धर्मले मानिसलाई आफ्नो कर्तव्य र जिम्मेवारी बोध गराउँछ । जीवनलाइ मार्गदर्शन गर्ने, गति एवम् सार्थकता प्रदान गर्ने विशेष अदृश्य शक्ति नै वास्तवमा धर्म हो । धर्मले

हाम्रो व्यवहारलाइ नियन्त्रण एवम् निर्देशन गर्दछ । धर्मको क्षेत्र व्यापक हुने हुनाले यसलाइ सामान्यतया यसै हो भनेर परिभाषित गर्न कठिन हुन्छ । यद्यपि हामीले धारण गरेका संस्कार, व्यवहार, आचरण तथा स्वभावको समग्ररूप नै धर्म हो भन्न सकिन्छ ।

मोलुङ गाउँपालिकामा मानिदै आइएका विभिन्न धर्महरूको संक्षिप्त परिचय यसप्रकार रहेको छ :

## हिन्दु धर्म :

बहुसङ्ख्यक जनताले मान्ने गरेको हिन्दु धर्म सबैभन्दा पुरानो धर्म मानिन्छ । नेपालमा वि.सं. २०७८ सालको जनगणना अनुसार ८१.१९ प्रतिशत मानिसहरूले हिन्दु धर्म मान्दछन् । यसलाई सनातन धर्म पनि भनिन्छ । यस धर्ममा आस्था राख्ने धर्मवलम्बीहरूले ब्रम्हा, बिष्णु, शिव, दुर्गा, भगवती, गणेश, राम, कृष्ण आदि देवीदेवताहरूको पूजा आराधना गर्ने गर्दछन । यस धर्मका मुख्य धर्मग्रन्थहरू वेद, उपनिषद्, पुराण इत्यादि हुन् । हिन्दु धर्मवालम्बीहरूले पूजा, ध्यान, जप आदि गर्न मन्दिरहरूमा जाने गर्दछन् । हिन्दु धर्मावलम्बीहरूका छुट्टै चाडपर्व, रीतिरिवाज, रहनसहन, संस्कृतिहरू छन् । कुन्तादेवी मन्दिर, सोलाखर्क कालिकादेवी मन्दिर, केउरीनी पञ्चकन्या मन्दिर, जलजलेश्वर महादेव मन्दिर, तिनधारे कालिकादेवी मन्दिर, वरुणेश्वर महादेव मन्दिर, लामिडाँडा महादेव मन्दिर आदि हिन्दुधर्मावलम्बीहरूका धार्मिक तिर्थस्थलहरू हुन् । बडादसैँ, तिहार, तिज, जनैपूर्णिमा, माघे तथा साउने सङ्क्रान्ति, फागुपूर्णिमा आदि चाडपर्व मनाएर हिन्दुहरूले धार्मिक





## बौद्ध धर्म :



बौद्ध धर्मका प्रवर्तक भनेर गौतम बुद्धलाई चिनिन्छ । गौतम बुद्धको जन्म नेपालको लुम्बिनी भन्ने ठाउँमा भएको थियो । राजा शुद्धोदन र रानी मायादेवीका सन्तानका रूपमा जन्म लिएका सिद्धार्थ गौतम पछि गएर राजकीय सुखसुविधा त्याग गरी तपस्या गर्न निस्केर र तपस्याबाट प्राप्त ज्ञानलाई उपदेशका रूपमा संसारभर फैलाउने काम गरेका थिए । बुद्धले दिएका उपदेशहरूलाई नै बौद्ध धर्मको सार मानिन्छ । बौद्धमार्गीहरूले ध्यान तथा पूजा आराधना गर्न स्तूपा, चैत्य, गुम्बा तथा मानेहरूमा जाने गर्दछन् । लामालाई धर्मशास्त्रको व्याख्याताको रूपमा लिने गरिन्छ । नेपालमा वि.सं. २०७८ सालको जनगणनाअनुसार ८.२ प्रतिशत मानिसहरूले बौद्ध धर्म मान्दछन् । उर्गेन छोयलिङ गुम्बा, देछेन सेमढुप छोयलिङ गुम्बा, छ्याङछुप छ्योर्तेन गुम्बा आदि बौद्ध धर्मका पवित्र तिर्थस्थलहरू हुन् । बुद्ध पूर्णिमा, ल्होसार आदि पर्वहरू यस धर्मवलम्बीहरूले मनाउने चाडपर्वहरू हुन् ।

## किराँत धर्म :

सुम्निमा र पारूहाङको पूजाआराधना तथा प्रकृतिको पूजा गरी किराँत धर्म मनाउने गरिन्छ । विशेष गरेर राई, लिम्बु, सुनुवारलगायतका जातजातिहरूले किराँत धर्ममा आस्था राख्ने गरेको पाइन्छ । महागुरू फाल्गुनन्दलाई यस धर्मको प्रवर्तक मानिन्छ । किराँत धर्म पवित्र ग्रन्थ मुन्धुमबाट निर्देशित हुन्छ । यस धर्ममा आस्थावान् व्यक्तिहरूले प्रकृतिलाई नै मुख्य देवता मान्ने र सबै कुरा प्रकृतिको वशमा हुन्छ भन्ने मान्यता राख्ने गर्दछन् । चण्डीनाच, उधौली तथा उभौली पर्व, साकेला सिली, ह्वाङ सिली आदि यस धर्मावलम्बीहरूका मुख्य चाडपर्वहरू हुन् । नेपालमा २०७८ सालको जनगणनाअनुसार ३.१७ प्रतिशत मानिसहरूले किराँत धर्म मान्दछन् ।





### इसाई धर्म :

यशू खिष्टले प्रवर्तन गर्नुभएको यस धर्मलाई क्रिस्चियन धर्म पनि भनेर चिनिन्छ। प्रभु यशू खिष्टको विश्वास गरी उहाँकै प्रार्थना गरेर यो धर्म मान्ने गरिन्छ । यस धर्मका अनुयायीहरूले नियमित बाईबल पढ्ने र प्रभु यशू खिष्टको नाममा प्रार्थना गर्ने गर्दछन्। सांसारिक दुखबाट मुक्ति दिन प्रभु यशू खिष्टको जन्म भएको थियो भन्ने विश्वास गर्दै यशू खिष्टको जन्मदिनको अवसर पारेर क्रिसमस पर्व मनाउने गरिन्छ । क्रिसमस यस धर्मका धर्मवलम्बीहरूले मनाउने मुख्य चाडपर्व हो । क्रिसमसको दिन उपहार साटासाट गर्ने र क्रिसमसको शुभकामना आदानप्रदान गर्ने गरिन्छ। यस धर्मको मुख्य धर्मग्रन्थ 'बाइबल' हो। भने प्रार्थना गर्ने ठाउँलाई चर्च भनिन्छ । नेपालमा २०७८ सालको जनगणनाअनुसार १.७६ प्रतिशत मानिसहरूले इसाई धर्म मान्दछन्।



## क्रियाकलाप

तपाईंको घरपरिवारमा मानिदै आइरहेको धर्म र त्यस धर्मको पालना गर्दा अवलम्बन गरिने व्यवहारहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस्।

## अभ्यास

### १.तल दिइएका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) हिन्दु धर्मको मुख्य धर्म ग्रन्थको नाम के हो ?

(ख) बौद्ध धर्मका संस्थापक को हुन् ?

(ग) किराँत धर्मवलम्बीहरूले मूख्यत: केको पूजा गर्ने गर्दछन् ?

(घ) इसाई धर्मावलम्बीहरूले मनाउने मुख्य चाड कुन हो ?

### २. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) हिन्दु धर्मका विशेषताहरू उल्लेख गर्नुहोस्।

(ख) किराँत धर्मको परिचय दिनुहोस्।

(ग) बौद्ध धर्मको सुरुवात कसरी भएको थियो, लेख्नुहोस्।

पाठ
दुई

# मोलुङमा धार्मिक तथा सांस्कृतिक विविधता

श्री शिवदूती माध्यमिक विद्यालय मोलुङ-५, प्राप्चामा अतिरिक्त क्रियाकलापअन्तर्गत वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो । वक्तृत्वकला प्रतियोगिताको शीर्षक **'मोलुङ गाउँपालिकामा धार्मिक तथा सांस्कृतिक विविधता'** रहेको थियो । उक्त प्रतियोगितामा चारओटा सदनका चारजना प्रतियोगीहरूले सहभागिता जनाएका थिए । कार्यक्रमको सभापतित्व प्रधानाध्यापक, प्रमुख अतिथि वि.व्य.स. अध्यक्ष तथा उद्घोषण एकजना शिक्षकले गर्नुभएको थियो । उद्घोषकले प्रतियोगिताका नियमहरू वाचन गरेर सुनाइसकेपछि आआफ्नो पालोमा वक्ताहरूको प्रस्तुति निम्नानुसार रह्यो :

**आफ्ना महत्त्वपूर्ण भनाइ राख्न कक्षा दशकी छात्रा पार्वती दाहाललाई मञ्चमा आमन्त्रण गर्दछु ।**

आदरणीय सभापतिज्यू,

प्रमुख अतिथिज्यू,

अतिथिज्यूहरू,

गुरूवर्ग, उपस्थित मान्यजनहरू एवम् मेरा साथिहरू !

म आज मोलुङ गाउँपालिकामा धार्मिक तथा सांस्कृतिक विविधता शीर्षकअन्तर्गत बहुसङ्ख्यक जनताले मान्दै आएको हिन्दु धर्मको बारेमा केही कुराहरू राख्न गइरहेकी छु । राष्ट्रिय जनगणना २०७८ तथा केन्द्रीय तथ्याङ्क विभागको जानकारीअनुसार मोलुङ गाउँपालिकाको कुल जनसङ्ख्याको करिब ५७.५३% हिन्दु धर्मावलम्बीहरू रहेका छन् । जसमध्ये ४५२५ जना पुरूष तथा ४९३४ जना महिलाहरू रहेको तथ्याङ्क छ । अधिकांश ब्राह्मण, क्षेत्री, दलित तथा केही सङ्ख्यामा जनजाति समुदायका मानिसहरूले हिन्दु धर्म मान्ने गरेका छन् । परम्परागत रूपमा मान्दै आइएका जन्म, व्रतबन्ध, विवाह, देवाली तथा मृत्युसम्बन्धी संस्कारहरू हिन्दु धर्मका प्रमुख संस्कारहरू हुन् । अरू भन्दा भिन्न संस्कृति भएकै कारण हिन्दु धर्मावलम्बीहरूले आफ्नो पहिचान जीवन्त राख्न सफल भएका छन् ।

सभाध्यक्ष महोदय, हिन्दु धर्मसम्बन्धी संस्कारहरू गराउने व्यक्तिलाई पण्डित अथवा पुरोहित भनिन्छ । पण्डित अथवा पुरोहितले जन्मसँगै न्वारन गराउने, व्रतबन्ध गराउने, विवाह गराउने,

मृत्युपश्चात दाहसंस्कार एवम् काजकिरिया गराउने, श्राद्ध तथा पूजापाठ आदि गराउने गर्दछन् । मठ मन्दिर आदि स्थानमा गई जप, तप, ध्यान, यज्ञ, प्रार्थना आदि गर्नु हिन्दुहरूको परम्परा हो । हिन्दु संस्कार र संस्कृतिले मानिसहरूलाई समाजमा मिलेर बस्न, आत्मियता साटासाट गर्न, प्रेम तथा सहयोग आदानप्रदान गर्न तथा असल सामाजिक वातावरण तयार गर्न हौसला प्रदान गरेको छ । हवस्, यति भन्दै मेरा छोटा भनाइहरू यहीँ समापन गर्दछु, धन्यवाद ।

**उद्घोषक : पार्वती बहिनीलाई धेरै धेरै धन्यवाद । अब आफ्ना महत्त्वपूर्ण भनाइ राख्न कक्षा नौका छात्र फुर्वा तामाङलाई मञ्चमा आमन्त्रण गर्दछु ।**

फुर्वा : आदरणीय सभापतिज्यू,

प्रमुख अतिथिज्यू,

अतिथिज्यूहरू,

गुरूवर्ग, उपस्थित मान्यजनहरू एवम् मेरा साथिहरू !

म आज मोलुङ गाउँपालिकामा धार्मिक तथा सांस्कृतिक विविधता शीर्षकअन्तर्गत बौद्ध धर्मको अवस्थाको बारेमा केही महत्त्वपूर्ण कुराहरू राख्न गइरहेको छु। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क तथा केन्द्रीय तथ्याङ्क विभागको अभिलेखअनुसार मोलुङ गाउँपालिकाको कुल जनसङ्ख्याको करिब ३०.२४% जनसङ्ख्या बौद्ध धर्मावलम्बीहरूको रहेको छ । जसमध्ये २५१५ जना पुरूष तथा २४५६ जना महिलाहरू गरी जम्मा जनसङ्ख्या ४९७१ रहेको तथ्याङ्क छ ।

अधिकांश शेर्पा, तामाङ, तथा केही सङ्ख्यामा अन्य समुदायका मानिसहरूले समेत बौद्ध धर्म मान्ने गरेको पाईन्छ । बौद्ध संस्कृतिअनुसार जन्म, विवाह तथा मृत्युसम्बन्धी संस्कारहरू अलग्गै रहेका छन् । जसले गर्दा बौद्धमार्गीहरूको छुट्टै पहिचान रहेको छ । बौद्ध धर्मसम्बन्धी विभिन्न संस्कारहरू गराउन लामाहरू सक्रिय रहन्छन् । पित्रीहरूको सम्झनामा गुम्बामा गई बत्ती बाल्ने र प्रार्थना गर्ने गर्दछन् । त्रिपिटक बौद्ध धर्मको पवित्र धर्म ग्रन्थ हो । बौद्ध संस्कार र संस्कृतिले मानिसहरूमा अहिंसा, विश्वशान्ति तथा सत्मार्गमा हिड्न प्रेरित गरेको छ । गौतम बुद्धले दिनुभएका सन्देशहरू विश्वभरका मानिसहरूका लागि मार्गदर्शनका स्रोत बनेका छन् ।

उर्गेन छोयलिङ गुम्बा, सेमढुप छोयलिङ गुम्बा, छ्याङछुप छ्योर्तेन गुम्बा, बोधी चैत्य आदि मोलुङ गाउँपालिकामा पर्ने बौद्ध धर्मका पवित्र तिर्थस्थलहरू हुन् । नयाँ वर्षको उपलक्ष्यमा शुभकामना बाँड्ने र उपहार साटासाट गर्दै ल्होसार पर्व मनाउने गरिन्छ । तसर्थ निष्कर्षमा के भन्न सकिन्छ भने बौद्ध धर्म र यस धर्मसम्बन्धी संस्कारले मानिसहरूलाई एकताको सुत्रमा बाँधेर राखेको छ भन्दै मेरा भनाइहरू यहीँ टुङ्ग्याउँछु, फ्याफूल्ला ।

उद्घोषक : फूर्वा भाइलाई धेरै धेरै धन्यवाद । अब आफ्ना महत्त्वपूर्ण भनाइ राख्न कक्षा आठकी छात्रा मनिसा न्यौपानेलाई मञ्चमा आमन्त्रण गर्दछु ।

मनिसा : आदरणीय सभापतिज्यू,

प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू,

गुरूवर्ग तथा उपस्थित मान्यजनहरू र मेरा साथिहरू !

म आज मोलुङ गाउँपालिकामा धार्मिक तथा सांस्कृतिक विविधता शीर्षकअन्तर्गत किराँत धर्मको अवस्थाको बारेमा केही कुराहरू राख्न गइरहेको छु । विशेषगरी राई र सुनुवार समुदायका मानिसहरूले किराँत धर्म मानेको पाईन्छ । महागुरू फाल्गुनन्द लिङ्देन किराँत धर्मका संस्थापक हुन् । राष्ट्रिय जनगणना २०७८ तथा केन्द्रीय तथ्याङ्क विभागको जानकारीअनुसार मोलुङ गाउँपालिकाको कुल जनसङ्ख्याको करिब १०.५६ प्रतिशत किराँत धर्मावलम्बीहरू रहेको देखिन्छ । जसमध्ये ८७३ जना पुरूष तथा ८६१ जना महिलाहरू रहेको तथ्याङ्क छ । मुन्धुम यस धर्मको पवित्र ग्रन्थ मानिन्छ । प्रकृतिलाई नै आफ्नो मुख्य देवता मान्ने यो समुदायले प्रकृतिको साथै सुम्निमा र पारूहाङको पूजाआजा गर्ने गर्छन् । किराँत संस्कृतिलाई नेपालको प्राचीन संस्कृति मानिन्छ ।

सभाध्यक्ष महोदय, किराँत धर्मसम्बन्धी संस्कारहरू गराउने पुरोहितलाई सुनुवारहरूले नाक्सो र राईहरूले ङोपा भन्दछन् । नाक्सो र ङोपाले विभिन्न संस्कारहरू गराउने गर्दछन् । पित्र गर्नु किराँतहरूको मुख्य परम्परा हो । जसलाई 'ह्वाङ' गर्ने पनि भनिन्छ । भूमेस्थान स्थापना गरी उँधौली र उँभौली पर्वको अवसरमा सामूहिक भावनाले प्रकृतिको धुमधाम तरिकाले पूजा गर्ने किराँत समुदायमा छुट्टै रीतिरिवाज, वेशभूषा, रहनसहन आदि रहेका छन् । किराँत सभ्यता

र संस्कृतिले मानिसहरूलाई प्रकृतिको प्रेम गर्न तथा वातावरण संरक्षण गरी असल सामाजिक वातावरण तयार गर्न प्रेरणा प्रदान गरेको छ। हवस् त, यति भन्दै मेरा छोटा भनाइहरू यहीँ समापन गर्दछु, धन्यवाद् ।

उद्घोषक : मनिसा बहिनीलाई धेरै धेरै धन्यवाद । अब आफ्ना महत्त्वपूर्ण भनाइ राख्न कक्षा आठका छात्र रोहन पौडेललाई मञ्चमा आमन्त्रण गर्दछु ।

रोहनः आदरणीय सभापतिज्यू,

प्रमुख अतिथिज्यू,

अतिथिज्यूहरू,

गुरूवर्ग, उपस्थित मान्यजनहरू एवम् मेरा साथिहरू !

म आज मोलुङ गाउँपालिकामा धार्मिक तथा सांस्कृतिक विविधता शीर्षकअन्तर्गत इसाई धर्मको अवस्थाको बारेमा केही कुराहरू राख्न गइरहेको छु। इसाई धर्मलाई क्रिस्चियन धर्म पनि भनिन्छ । राष्ट्रिय जनगणना २०७८ तथा केन्द्रीय तथ्याङ्क विभागको जानकारीअनुसार मोलुङ गाउँपालिकाको कुल जनसङ्ख्याको करिब १.६७% अर्थात ११४ जना पुरूष तथा १६२ जना महिलाहरू गरी जम्मा २७६ जना इसाई धर्मावलम्बीहरू रहेको तथ्याङ्क देखिन्छ। यस धर्मको पवित्र धर्मग्रन्थलाई बाइबल भनिन्छ। जिसस क्राइस्टलाई यस धर्मका संस्थापक मानिन्छ। उनै जिसस क्राइस्ट अर्थात् प्रभु यशू खिष्टलाई नै आफ्नो मुख्य परमेश्वर मान्ने उनीहरू नियमित चर्चमा गई बाइबल पढ्ने र प्रभु यशू खिष्टको नाममा प्रार्थना गर्ने गर्दछन् ।

सभाध्यक्ष महोदय, इसाई धर्म संसारमा सबैभन्दा बढी जनसङ्ख्याले मान्दै आएको धर्म हो । धर्मसम्बन्धी संस्कारहरू गराउने र धर्मग्रन्थको व्याख्या गर्ने व्यक्तिलाई पास्टर भन्दछन्। प्रभु यशू खिष्टको हामीले विश्वास गरी प्रार्थना गरेमा समस्त मानव जातिको उद्धार गर्न सक्नुहुन्छ भन्ने मान्यता यस धर्ममा आस्था राख्ने मानिसहरूको रहेको छ। प्रभु यशू खिष्टको जन्मदिनको अवसरमा क्रिसमस पर्व मनाउने गरिन्छ। क्रिसमस पर्वमा उपहारहरू साटासाट गर्दै शुभकामना आदान प्रदान गरिन्छ । यति भन्दै मेरा केही भनाईहरू यहीँ टुङ्ग्याउन चाहन्छु,

हवस् त, धन्यवाद् ।

उद्घोषक : महत्त्वपूर्ण भनाइको लागि भाइ रोहन पौडेललगायत आजको कार्यक्रममा सहभागी भई विभिन्न धर्मको अवस्थाको बारेमा आफ्ना विचारहरू राख्ने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । मानिसहरूले आफ्नो आस्थाको आधारमा जुनसुकै धर्म मान्ने गरेता पनि सबै धर्मको सार एउटै रहेको र सबै धर्मावलम्बिहरूका बिच धार्मिक सहिष्णुता रहेको कुरा स्मरण गराउन चाहन्छु । अब निर्णायक मण्डलले निर्णय सार्वजनिक गरिसकेपछि सभाध्यक्षबाट सभा विसर्जन गरिन्छ ।

## क्रियाकलाप

तल दिइएको तालिका राम्रोसँग अध्ययन गर्नुहोस् र मोलुङ गाउँपालिकाको धार्मिक अवस्थाको विश्लेषण गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | धर्म | जनसङ्ख्या | | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | | | |
| १ | हिन्दु | ४९३४ | ४५२५ | ९४५९ | ५७.५३% | |
| २ | बौद्ध | २४५६ | २५१५ | ४९७१ | ३०.२४% | |
| ३ | किराँत | ८६१ | ८७३ | १७३४ | १०.५६% | |
| ४ | इसाई /क्रिस्चियन | १६२ | ११४ | २७६ | १.६७% | |
| **जम्मा** | | **८४१३** | **८०२७** | **१६४४०** | **१००.०० %** | |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, (के.त.वि.) २०८०, राष्ट्रिय जनगणना,२०७८

## अभ्यास

### १. तल दिइएका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) मोलुङ गाउँपालिकामा बसोबास गर्ने हिन्दु धर्मावलम्बीहरूको सङ्ख्या कति रहेको छ ?

(ख) बौद्ध धर्मको धार्मिक स्थल उर्गेन छोयलिङ गुम्बा कहाँ अवस्थित छ ?

(ग) किराँत धर्मअनुसार पित्र भनेको के हो ?

(घ) इसाई धर्मावलम्बीहरूले प्रार्थना गर्ने स्थानलाइ के भनिन्छ ?

### २. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) मोलुङ गाउँपालिकामा बसोबास गर्ने हिन्दु धर्मावलम्बीहरूको अवस्था वर्णन गर्नुहोस् ।

(ख) किराँत धर्मका मुख्य संस्कारहरूको परिचय दिनुहोस् ।

(ग) बौद्ध धर्मले मानिसहरूलाई एकताको सुत्रमा बाँध्न कसरी मद्दत गरेको छ, वर्णन गर्नुहोस् ।

(घ) इसाई धर्मावलम्बीहरूले किन प्रभु यशू खिष्टको प्रार्थना गर्ने गर्दछन्, लेख्नुहोस् ।

## परियोजना कार्य

कक्षा ६ मा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूको धार्मिक अवस्थालाई तलको तालिकामा लेखेर कक्षाकोठामा प्रस्तुत गर्नुहोस् :

| क्र.सं. | धर्मको नाम | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | हिन्दु | | | |
| २ | बौद्ध | | | |
| ३ | किराँत | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | इसाई /क्रिस्चियन | | | |
| ५ | .................... | | | |
| ६ | ........................ | | | |
| जम्मा | | | | |

# पाठ तीन

# जातजाति तथा मातृभाषाको बनोट

**परिचय :** ओखलढुङ्गा जिल्लाअन्तर्गत रहेका विभिन्न स्थानीय तहहरूमध्ये मोलुङ गाउँपालिका विविधताको गाउँपालिका हो । यस गाउँपालिकामा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दै आइरहेका छन । ब्राह्मण, क्षेत्री, राई, तामाङ, शेर्पा, मगर, सुनुवार ,भुजेल, दमाई, कामी, सार्की, पहरी आदि यस गाउँपालिकामा बसोबास गर्ने मुख्य जातजातिहरू हुन् । जातजातिको विविधता सँगसँगै उनीहरूको मातृभाषा, रहनसहन, रीतिरिवाज, चालचलन, वेशभूषा, चाडपर्व, धार्मिक संस्कार, लवाइखवाइ आदिमा पनि विविधता रहेको हुन्छ। विविधतामा एकता मोलुङ गाउँपालिकाको पहिचान हो । धार्मिक तथा सांस्कृतिक विविधताले धार्मिक पर्यटन विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

जातजातिगत विविधता सँगसँगै उनीहरूको मातृभाषाको विविधता पनि रहेको छ। भाषा सञ्चारको माध्यम हो । त्यस्तै भाषा हाम्रो महत्त्वपूर्ण पहिचान पनि हो । मोलुङ गाउँपालिकामा विभिन्न जातजातिका मानिसहरूले बोल्ने गरेका मातृभाषा तथा अन्य भाषाभाषीहरूको बनोटको अवस्थालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | जातजातिको नाम | जनसङ्ख्या | प्रतिशत | बोलिने मुख्य भाषा | कैफियत |
|---|---|---|---|---|---|
| १ | तामाङ | २७८९ | १६.९६% | तामाङ भाषा | |
| २ | ब्राह्मण | २७२४ | १६.५७ % | नेपाली | |
| ३ | क्षेत्री | २६१९ | १५.९३ % | नेपाली | |
| ४ | शेर्पा | २५३४ | १५.४१ % | शेर्पा भाषा | |
| ५ | राई | १५५४ | ९.४५ % | राई भाषा | |
| ६ | विश्वकर्मा | ८९३ | ५.४३ % | नेपाली | |
| ७ | सुनुवार | ७७९ | ४.७४ % | सुनुवार भाषा | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | दमाई | ७१८ | ४.३७ % | नेपाली | |
| ९ | मगर | ५२१ | ३.१७ % | नेपाली | |
| १० | भुजेल | ४४२ | २.६९ % | नेपाली | |
| ११ | सार्की | ४१८ | २.५४ % | नेपाली | |
| १२ | नेवार | १३१ | ०.८० % | नेवार भाषा | |
| १३ | पहरी | १०५ | ०.६४ % | नेपाली | |
| १४ | सन्यासी/दशनामी | ८९ | ०.५४ % | नेपाली | |
| १५ | गुरुङ | ७३ | ०.४४ % | गुरुङ भाषा | |
| १६ | बाहिङ | २५ | ०.१५ % | बाहिङ भाषा | |
| १७ | अन्य | २६ | ०.१६ % | नेपाली | |
| | **जम्मा** | **१६४४०** | **१०० %** | | |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, (के.त.वि.) २०८०, राष्ट्रिय जनगणना,२०७८

माथि उल्लेख गरिएका विभिन्न जातजातिहरू र तिनीहरूले बोल्ने मुख्य भाषाका आधारमा सबैभन्दा बढि सङ्ख्यामा तामाङ जाति रहेको र सबैभन्दा कम अन्य विभिन्न जातिको सङ्ख्या रहेको तथ्याङ्क छ । विभिन्न मातृभाषा बोल्ने गरेका जातजातिहरूले सहायक भाषाको रूपमा नेपाली भाषा बोल्ने गरेको पाइएको छ ।

## क्रियाकलाप

१. अभिभावक, शिक्षक र छरछिमेकको सहयोग लिई दिइएको तालिका पूरा गर्नुहोस् :

| नेपाली | तामाङ | राई | शेर्पा | सुनुवार | मगर | गुरूङ | नेवार |
|---|---|---|---|---|---|---|---|
| नमस्कार ! | फ्याफुल्ला | सेवाब | टसिदेले | नम्सेवल | झोर्ले | छ्याजलो | जोजोलोपा |
| तपाईंको नाम के हो ? | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खाना खानुभयो ? | | | | | | | |
| कता हिड्नुभयो? | | | | | | | |
| सन्चै हुनुहुन्छ ? | | | | | | | |
| केछ हालखबर ? | | | | | | | |

२. ठुलो चार्टपेपरमा मोलुङ गाउँपालिकामा रहेका विभिन्न भाषिक समुदायको सङ्ख्यात्मक विविधता देखिने वृत्तचित्र तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् :

## अभ्यास

### १. तल दिइएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) मोलुङ गाउँपालिकामा बसोबास गर्ने कुनै छओटा जातजातिहरूको नाम लेख्नुहोस् ।

(ख) 'फ्याफूल्ला' कुन जातिले बोल्ने भाषिक शब्द हो ?

(ग) मातृभाषा भनेको के हो ?

(घ) भाषालाई किन हाम्रो पहिचान भनिएको हो, कारण दिनुहोस् ।

### २. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) मोलुङ गाउँपालिकामा भएका विभिन्न जातजाति तथा भाषाभाषीहरूको बनोट प्रस्तुत गर्नुहोस् ।

(ख) जातीय एवम् भाषिक विविधताको महत्त्व लेख्नुहोस् ।

पाठ चार

# धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण

धार्मिक तथा सांस्कृतिक सम्पदा हाम्रा अमूल्य सम्पति हुन् । यस्ता सम्पदाहरूले हाम्रो समुदायको गरिमा बढाएका हुन्छन् । धार्मिक तथा सांस्कृतिक सम्पदा हाम्रा साझा पहिचान हुन् । मठ, मन्दिर, गुम्बा, चैत्य, सत्तल, पाटी, पौवा, प्रतिक्षालय, देवल, देवाली तथा देवीथान इत्यादि हाम्रो समुदायमा भएका महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक सम्पदाहरू हुन् । यिनीहरूको संरक्षण गर्नु हाम्रो कर्तव्य हो । यसै सिलसिलामा श्री जीवन प्रदीप मा.वि. हर्कपुरका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूलाई हाम्रो मोलुङ विषयका गुरुले नजिकैको जलजलेश्वर महादेवको मन्दिरमा भ्रमण गर्न लैजानुभयो । मन्दिर भ्रमण गरिसकेपछि शिक्षक विद्यार्थीहरू र मन्दिरका पुजारीसँग भएको कुराकानीका आधारमा तयार पारिएको सामग्री यहाँ प्रस्तुत गरिएको छ :

शिक्षक : ओहो पुजारी बा ! नमस्कार, हामी श्री जीवन प्रदीप मा.वि. हर्कपुरका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरू र शिक्षकसहित यस मन्दिरमा दर्शन गर्नका साथै अवलोकन भ्रमण गर्न आएका हौँ । दर्शन गर्नका लागि के कसो गर्नुपर्ने हो, बताइदिनुस न है ।

पुजारी बा : नमस्कार, तपाईंहरूलाई यस मन्दिरमा हार्दिक स्वागत गर्दछु । तपाईंहरूले आफ्नो जुत्ता चप्पल बाहिरै खोलेर पालैपालो मन्दिरमा प्रवेश गरी दर्शन तथा प्रार्थना गर्न सक्नुहुनेछ । पूजाको सामग्रीचाहिँ कृपया मलाई दिनुहोस् । मैले सबैको तर्फबाट समर्पण गरिदिनेछु । अनि भेटी चढाउनुहुनेहरूले चाहिँ त्यो दानपेटिकामा राखिदिनु होला । (पुजारी बाले भन्नुभएअनुसार सबैले दर्शन तथा प्रार्थना गरिसक्छन् ।)

विद्यार्थी : पुजारी बा ! मन्दिर फोहोर हुन्छ भनेर हाम्रो पूजा सामग्री तपाईं आफैँले चढाइ दिनुभएको हो ?

पुजारी बा : तिमीले ठिक भन्यौ बाबु, मन्दिर सफा राख्नु हामी सबैको कर्तव्य हो । यस मन्दिरको संरक्षण र संवर्द्धन गर्न मन्दिर व्यवस्थापन समिति गठन भएको छ । उक्त समितिले विभिन्न नियमहरू बनाई दर्शनार्थीहरूलाई दर्शन तथा प्रार्थना गर्न सहजीकरण गरेको

र मन्दिर संरक्षणको प्रयास गरेको छ। त्यसैअनुसार मैले तपाईंहरूलाई अनुरोध गरेको हो ।

विद्यार्थी : मन्दिर व्यवस्थापन समितिले के के नियमहरू बनाएको छ त ?

पुजारी बा : (भित्तामा राखिएको बोर्डलाई देखाउँदै) उ त्यहाँ हेर्नुहोस् त, त्यहाँ उल्लिखित नियमहरू सबै मन्दिर व्यवस्थापन समितिले तयार पारेर प्रदर्शन गरेको हो ।

**दर्शनार्थीहरूले पालना गर्नुपर्ने नियमहरू:**

१. मन्दिर परिसरमा फोहोर फाल्न सख्त मनाही गरिएको छ ।
२. पूजाआजा तथा दर्शन गर्न आउँदा पालैपालो गर्नुपर्नेछ ।
३. मन्दिरमा भएका मूर्तिलगायत कुनैपनि सामग्रीहरू जथाभावी चलाउन र तोडफोड गर्न पाइने छैन ।
४. पूजा गर्न ल्याइएका सामग्रीहरू पुजारीलाई दिएर चढाउन लगाउने र प्लास्टिकजन्य तथा अन्य फोहोरलाई छुट्टाछुट्टै फोहोर फाल्ने भाँडोमा खसाल्नुपर्दछ ।
५. मन्दिरको परिसरमा कुनैपनि रङहरू दल्ने, भत्काउने, होहल्ला गर्ने जस्ता कार्यहरू गर्नु गराउनु हुँदैन ।
६. धुमपान तथा मद्यपान निषेधित क्षेत्र घोषणा गरिएको छ ।
७. सल्लाह, सुझावका लागि सुझाव पेटिकाको प्रयोग गर्नुहोस् ।

शिक्षक : यहाँ उल्लेख गरिएका यी केही सामान्य नियमहरू हुन् । हामीले यस्ता धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्न सँधै क्रियाशील रहनुपर्छ । धार्मिक तथा सांस्कृतिक सम्पदास्थललाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरी यस्ता सम्पदाहरूको समय समयमा मर्मत सम्भार गर्ने, विभिन माध्यमबाट प्रचारप्रसार गर्ने, जनचेतना फैलाउने, आफ्नो समुदायमा धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको महत्त्व प्रकाश पार्ने, संरक्षण गर्नका लागि स्थानीय तह तथा  समुदायमा क्रियाशील संघसंस्थाहरूसँग साझेदारी गर्ने, विभिन्न दाता तथा दातृसंस्थाहरूको सहयोग स्वीकार गरी सही सदुपयोग गर्ने र यस्ता सम्पदाहरूको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण गर्नुपर्ने कुरालाई ध्यानमा राखी अघि बढ्नु आवश्यक हुन्छ। हामीले एकअर्कालै अनुसरण गर्ने

गरेका संस्कृति तथा रहनसहनको सम्मान गर्ने गरेमा धार्मिक एवम् सांस्कृतिक सम्पदाहरूको संरक्षण हुन गई सुन्दर समाजको निर्माणमा मद्दत पुग्दछ ।

विद्यार्थीहरू : (एकै स्वरमा) आजको यस भ्रमणबाट हामीले धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने विभिन्न उपायहरूको जानकारी पायौँ । यी कुराहरूलाई हामी पनि पालना गर्नेछौँ र समुदायका सबैलाई पालना गर्न अनुरोध गर्नेछौँ । पुजारी बालाई धेरै धेरै धन्यवाद दिन चाहन्छौँ ।

*(पुजारी बाले सबैलाई पालैपालो टीका र फूलपाती लगाइदिएर बिदा गर्नुहुन्छ । शिक्षक र विद्यार्थीहरू पनि आआफ्नो घरतिर लाग्दछन् ।)*

## क्रियाकलाप

१.तपाईंको समुदायमा के कस्ता धार्मिक तथा सांस्कृतिक सम्पदाहरू रहेका छन्, तिनीहरूको सूची तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

**१. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) तपाईंको समुदायमा भएका कुनै दुई दुईओटा धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको नाम लेख्नुहोस् ।

(ख) धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको कुनै तीनओटा महत्त्वहरू लेख्नुहोस् ।

(ग) "धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नु अति महत्त्वपूर्ण छ ।" भन्ने भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(घ) धार्मिक तथा सांस्कृतिक सम्पदा स्थललाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्दा हुने फाइदाहरू लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंको समुदायमा भएको कुनै एक धार्मिक एवम् सांस्कृतिक सम्पदा स्थलको अवलोकन गर्नुहोस् । त्यसको स्थापना, वर्तमान अवस्था, संरक्षणका लागि हालसम्म भएका प्रयासहरू र आफ्ना सुझावहरू समेत समेटी एउटा छोटो प्रतिवेदन तयार गर्नुहोस् ।

पाठ पाँच

# धार्मिक तथा सांस्कृतिक सम्पदा र समाजको अन्तरसम्बन्ध

मोलुङ गाउँपालिका धार्मिक तथा सांस्कृतिक विविधताले भरिपूर्ण गाउँपालिका हो । यस गाउँपालिकामा मान्दै आइएका विभिन्न धर्म तथा संस्कृतिसँग सम्बन्धित, इतिहाससँग सम्बन्धित विभिन्न सम्पदाहरू रहेका छन् । मानिसहरूका आआफ्नै चालचलन, रीतिरिवाज, रहनसहन, वेषभूषा, खानाका परिकार, मूल्यमान्यता, बाजागाजा, चाडपर्व, संस्कारहरू आदि रहेका छन् । यिनीहरू समुदायका अमूल्य निधि हुन् । यस्ता विभिन्न किसिमका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको स्थापना गर्ने, विकास गर्ने, उपभोग गर्ने, संरक्षण तथा संवर्द्धन गर्ने, प्रचारप्रसार गर्नेजस्ता कार्यहरू समुदायका मानिसहरूले गर्नुपर्ने साझा दायित्व हुन् । तिनीहरूले यस गाउँपालिकाको शोभा बढाएका छन् । यस्ता विभिन्न धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक सम्पदाहरूले मोलुङ गाउँपालिकामा आउने पर्यटकहरूको सङ्ख्या उल्लेख्य मात्रामा वृद्धि गर्न मद्दत पुऱ्याएका छन् । जसले गर्दा मोलुङ गाउँपालिकामा पर्यटन व्यवसायमा समेत टेवा पुग्ने गरेको छ ।

विभिन्न किसिमका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको स्थापना गर्ने, उपभोग गर्ने, विकास गर्ने, संरक्षण तथा संवर्द्धन गर्ने, प्रचारप्रसार गर्ने जस्ता कार्यहरू गर्दा मानिसहरूमा सामाजिक एकता कायम हुने, मिलेर काम गर्ने बानीको विकास हुने, आपसी सद्भाव वृद्धि हुनगई असल समाजको निर्माणमा समेत योगदान पुग्ने गरेको छ । समुदायमा क्रियाशील विभिन्न सङ्घ संस्थाहरूको स्थापना र विकासले गर्दा यस्ता सम्पदाहरूको संरक्षणमा हातेमालो गर्दै अघि बढ्न हौसला मिलेको छ । धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको विकास गर्ने उद्देश्यले मोलुङ गाउँपालिकाले आवश्यक बजेटसमेत विनियोजन गरी सहयोग गरिरहेको छ ।

धार्मिक तथा सांस्कृतिक सम्पदाहरूले कुनैपनि समुदायलाई अन्य समुदायहरूसँग परिचित गराएको हुन्छ । यस्ता सम्पदाहरूले गर्दा विभिन्न प्रकारका व्यवसायहरू, पसलहरू, होटेलहरू आदि फस्टाउन सफल भएका छन् । जसको माध्यमबाट समुदायमा आयआर्जन गर्ने आधार तयार हुनका साथै आर्थिक रूपमा समेत समाजलाई सम्पन्न बनाउँदै लगेका छन् । यसरी विभिन्न धार्मिक, सांस्कृतिक

एवम् ऐतिहासिक सम्पदाहरूले समुदायको विकास र समृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् भने ती सम्पदाहरूको निर्माण गर्ने, मर्मत तथा सम्भार गर्ने, प्रचारप्रसार गर्ने तथा संरक्षण एवम् संवर्द्धन गरी भावि पुस्तामा हस्तान्तरण गर्ने जस्ता कार्यमा सम्बन्धित समुदायमा बसोबास गर्ने मानिसहरूले भूमिका निर्वाह गर्ने गरेका छन् । यसरी हेर्दा समुदायका मानिसहरू र धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको बिचमा गहिरो अन्तरसम्बन्ध रहेको हुन्छ ।

## क्रियाकलाप

१. तपाईँको समुदायमा भएका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्न समुदायका मानिसहरूले गर्दै आएका व्यवहारहरू समेटी एउटा छोटो विवरण तयार पार्नुहोस् ।

२. तपाईँको समुदायमा के कस्ता धार्मिक तथा सांस्कृतिक सम्पदाहरू रहेका छन् र तिनीहरूले समुदायमा कस्तो प्रभाव पारेका छन्, आआफ्ना अभिभावकहरूसँग सोधखोज गरी लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

## अभ्यास

### १. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) समुदायमा बसोबास गर्ने मानिसहरूको जीवनयापनमा धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको कस्तो प्रभाव रहेको हुन्छ, लेख्नुहोस् ।

(ख) 'धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नु समुदायको दायित्व हो ।' यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(ग) धार्मिक तथा सांस्कृतिक सम्पदा र समुदायको अन्तरसम्बन्ध कस्तो रहेको हुन्छ, व्याख्या गर्नुहोस् ।

## परियोजना कार्य

तपाईँको घर नजिकै रहेको कुनै एक धार्मिक एवम् सांस्कृतिक स्थलको अवलोकन गर्नुहोस् । त्यसको संरक्षणका लागि समुदायले गरेका प्रयासहरू र धार्मिक एवम् सांस्कृतिक सम्पदास्थलले समुदायमा पुऱ्याएको फाइदाहरू उल्लेख गरी एउटा छोटो प्रतिवेदन तयार गर्नुहोस् ।

# क्षेत्र छ

# सरसफाइ र फोहोरमैला व्यवस्थापन

## सिकाइ उपलब्धिहरू

**यस क्षेत्रको अन्त्यमा विद्यार्थी निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :**

- सरसफाइको परिचय र महत्त्व बताउन,
- व्यक्तिगत सरसफाइको परिचय दिई व्यक्तिगत सरसफाइमा ध्यान दिन,
- वातावरणीय सरसफाइको परिचय र महत्त्व बताउन,
- फोहोरमैलाका स्रोतहरूको परिचयसहित वर्गीकरण गर्न,
- फोहोरमैला व्यवस्थापनका विभिन्न उपायहरू बताउन ।

पाठ
एक

# सरसफाइको परिचय र महत्त्व

आजको समाज आधुनिक समाज हो । सरसफाइ र फोहोरमैला व्यवस्थापन आधुनिक समाजको महत्त्वपूर्ण पक्ष हो । स्वस्थ जीवनशैली, पर्यावरण संरक्षण र समुदायको समृद्धिका लागि सरसफाइ र फोहोरमैला व्यवस्थापन आवश्यक मानिन्छ । यस पाठमा हामी सरसफाइ र फोहोरमैला व्यवस्थापनसम्बन्धी विषयवस्तुको बारेमा अध्ययन गर्नेछौँ । सरसफाइ र फोहोरमैलालाई हामी छुट्टाछुट्टै रूपमा अध्ययन गर्न सक्छौँ । यस पाठमा हामी सरसफाइको परिचय र महत्त्वको बारेमा पढ्नेछौँ ।

## क. सरसफाइ :

आफ्नो शरीर, घर, समुदाय र वातावरणलाई सफा र स्वच्छ राख्ने कार्यलाई सरसफाइ भनिन्छ । सरसफाइ भित्र आफू सफा सुग्घर रहनु, समय समयमा नुवाइधुवाइ गर्नु, नङ काट्नु, दाँत माझ्नु, सफा लुगा लगाउनु, आफू वरपरको वातावरण सफा, स्वच्छ राख्नु जस्ता कुराहरू पर्दछन् । सरसफाइले मानिसको शारीरिक स्वास्थ्य, मानसिक सन्तुलन र संवेगात्मक पक्षहरूको गुणस्तर अभिवृद्धि गर्न मद्दत गर्दछ । मानिसले नियमित सरसफाइमा ध्यान दिने हो भने ३० प्रतिशतदेखि ६० प्रतिशतसम्म रोगहरू लाग्नबाट बच्न सकिन्छ । संसारमा मानिस मात्र एक त्यस्तो प्राणी हो, जसलाई सरसफाइको बारेमा ज्ञान छ । जुन मानिसले सरसफाइमा ध्यान दिन्छ, उसको जीवन स्वस्थ र निरोगी बन्दछ ।

मानिसले निरोगी भएपछि जस्तासुकै किसिमका कामहरू पनि सजिलैसँग गर्न सक्दछ । मानिसको स्वास्थ्य राम्रो भएपछि असल विचारको प्रस्फुटन हुन्छ । जो मानिसले सरसफाइमा विशेष ध्यन दिई समुदायमा असल काम गर्छ, त्यो व्यक्ति राष्ट्रको सच्चा नागरिक बन्दछ । सरसफाइ मानिसका निम्ति अत्ति आवश्यक छ । सुखी र निरोगी भई बाँच्न सरसफाइले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । त्यसैले सबै प्रकारका फोहोरहरूको उचित व्यवस्थापन गरेर सफा सुग्घर भएर बस्नु हाम्रो मुख्य जिम्मेवारी हो । खाना खानु अघि र पछि शौचालय गएर आएपछि, खाना बनाउनु अघि राम्रोसँग साबुनपानीले वा खरानी पानीले हात धुने बानी बसाल्नु पर्दछ । हामीले गर्मीको समयमा

आवश्यकताअनुसार दिनदिनै र जाडोको समयमा कम्तिमा हप्तामा दुई वा तीनपटक नुहाउने गर्नुपर्दछ । हामीले दैनिकरूपमा प्रयोग गर्ने सामग्रीहरू जस्तै : ब्रस, काइँयो, रुमाल, मोजा, नैनी आदि नियमित रूपमा सफा गरी राख्नुपर्दछ । फोहोरमैलाहरूलाई सही तरिकाले व्यवस्थापन गर्नु पनि सरसफाइको महत्त्वपूर्ण पक्ष हो । हामीले खाने खानेकुरा सफा र स्वच्छ तथा पिउने पानी कीटाणुरहित हुनुपर्छ । त्यसको लागि खानेकुरा तथा पानी राख्ने भाँडाहरू सफा प्रयोग गर्ने र राख्दा सफा ढकनीले छोपेर राख्नुपर्छ । बासी, सडेगलेका र भिँगा भन्केका खानेकुराहरू खानुहुँदैन । त्यस्तो दुषित खाना र पानीको प्रयोगले हामी बिरामी पर्न सक्छौं ।

मानिसहरू आजकाल निकै व्यस्त हुने भएकोले आफ्नो व्यक्तिगत तथा वातावरणीय सरसफाइमा त्यति ध्यान पुऱ्याउन सकेका हुँदैनन् । यो कारणले मानिसहरू दिनप्रतिदिन अस्वस्थ बन्दै गइरहेका छन् । तीव्र जनसङ्ख्या वृद्धि, वनविनाश, उद्योग कलकारखानाहरूको वृद्धि तथा सहरीकरणको विकासले गर्दा पनि वातावरण प्रदूषण हुँदै गइरहेको छ । यस्तो अवस्थामा हामीले विभिन्न उपायहरू अपनाई प्रदूषण घटाउने प्रयास गर्नुपर्छ । सरसफाइलाई सभ्यताको रूपमा लिएर एक सभ्य नागरिकको परिचय दिनु असल नागरिकको कर्तव्य हो ।

## सरसफाइको महत्त्वलाई निम्नानुसार प्रस्ट पार्न सकिन्छ :

- हाम्रो वरपरको प्राकृतिक वातावरणको संरक्षण र संवर्धन गर्न,
- स्वस्थकर जीवन जिउन,
- रोगव्याधि तथा विभिन्न स्वास्थ्य समस्याहरूबाट बच्न,
- सभ्य नागरिक र असल समाजको परिचय दिन,
- प्रदूषणको नियन्त्रण तथा न्यूनीकरण गर्न,
- आफ्नो समुदायको वरपर स्वच्छ र हराभरा बनाउन,
- वातावरण सन्तुलन राखी पर्यावरण जोगाउन ।

यसरी हेर्दा सरसफाइले हाम्रो जीवनलाई स्वस्थ र निरोगी बनाई सुखी जीवनयापनको लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## क्रियाकलाप

१. तपाईंको घरपरिवार तथा समुदायमा सरसफाइ गर्दा अवलम्बन गरिने विभिन्न व्यवहारहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. दिइएको चित्र अध्ययन गर्नुहोस् र देखिएका दृश्यहरू कापीमा लेखी शिक्षकलाई देखाउनुहोस् ।



## अभ्यास

**१. तल दिइएका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) सरसफाइ भन्नाले के बुझिन्छ ?

(ख) काइँयो के काममा प्रयोग गरिन्छ ?

(ग) हामीले कुन कुनबेला साबुनपानी वा खरानीपानीले अनिवार्य हात धुनुपर्छ ?

(घ) हाम्रो वरपरको वातावरणमा सरसफाइ भएन भने के हुन्छ ?

**२. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) सरसफाइको कुनै पाँचओटा महत्वहरू लेख्नुहोस् ।

(ख) वातावरण सन्तुलन राखी पर्यावरण जोगाउन के के कुरामा ध्यान दिनु पर्दछ, लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंले आफ्नो शरीरको सरसफाइ गर्न के के सामग्री प्रयोग गर्नुहुन्छ, आफ्नो घरमा गएर ती सामग्रीहरूको सूची तयार गर्नुहोस् र  कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

# पाठ दुई

# व्यक्तिगत सरसफाइ

व्यक्तिगत सरसफाइ भन्नाले आफ्नो शरीरका विभिन्न अङ्गहरूको सफा गर्ने विभिन्न क्रियाकलापहरूलाई बुझिन्छ । हामीले हाम्रो शरीरको नियमित सफाइ र हेरचाह गर्नुपर्दछ । व्यक्तिगत सरसफाइले हामीलाई विभिन्न सङ्क्रमणजन्य रोगहरूबाट जोगाइ स्वस्थकर जीवन जिउन मद्दत गर्दछ। नियमित सरसफाइले व्यक्तिको शारीरिक, मानसिक तथा संवेगात्मक स्वास्थ्य मजबुत बनाई आत्मविश्वासी एवम् फूर्तिलो बनाउँछ ।

व्यक्तिगत सरसफाइको अभावमा बालबालिकाहरूको निद्रा र खानपानमा अरुचि हुने मात्र नभई उनीहरूको वृद्धि विकासमा समेत अवरोध आउँछ। व्यक्तिगत सरसफाइमा ध्यान पुऱ्याउन नसक्दा मानिसहरूमा आँखा पाक्ने, दाँतमा किरा लाग्ने, मुख तथा गिजामा घाउ हुने, चाया तथा जुम्रा पर्ने, दाद लुतो जस्ता छालासम्बन्धी समस्या हुने, आलस्यता हुने लगायत विभिन्न समस्याहरूले सताउने गर्दछन् । यस्ता समस्याहरूबाट आफू र आफ्नो परिवारलाई बचाउन हामीले नियमित रूपमा आफ्नो व्यक्तिगत सरसफाइमा ध्यान दिनुपर्दछ । व्यक्तिगत सरसफाइ अन्तर्गत हामीले निम्न कुराहरूमा विशेष ध्यान पुऱ्याउनु पर्दछ :

## १. दाँत तथा मुखको हेरचाह :

हामीले हाम्रो मुख तथा दाँतलाई सँधै सफा राख्नु पर्दछ। सफा पानीले मुख कुल्ला गर्नुपर्छ। बिहान र बेलुका खाना खाइसकेपछि दैनिक दुईपटक दाँत माझ्नु पर्दछ। दाँत माझ्दा फ्लोराईड भएको मन्जन र गुणस्तरीय ब्रसको प्रयोग गर्नु उपयुक्त हुन्छ । मुख तथा दाँतको सरसफाइमा ध्यान पुऱ्याउन सकिएन भने दाँतमा किरा लाग्ने र दुख्ने, गिजा सुन्निने, गिजाबाट रगत आउने, श्वास गनाउने, मुख तथा जिब्रोमा घाउखटिरा आउने जस्ता समस्याहरू आउन सक्दछन्। यसबाट बँच्न हामीले दाँत तथा मुखको सरसफाइमा विशेष ध्यान पुऱ्याउनु पर्छ।

## २. शरीर (छाला) को हेरचाह :

हामीले हाम्रो शरीरलाई पनि सँधै सफा राख्नु पर्दछ । सफा कपडा लगाउने, खाना खानु अघि र पछि शौचालय गएर आएपछि खाना बनाउनु अघि राम्रोसँग साबुनपानीले वा खरानी पानीले हात धुने, आवश्यकताअनुसार समय समयमा मुख तथा खुट्टा धुने बानी बसाल्नु पर्दछ । जथाभावी धुलो तथा हिलोमा खेल्ने, छालामा ट्याटु हान्ने जस्ता क्रियाकलाप गर्नु हुँदैन । हामीले गर्मीको समयमा आवश्यकता अनुसार दिनदिनै र जाडोको समयमा कम्तिमा हप्तामा दुई वा तीनपटक नुहाउने गर्नुपर्छ । नुहाउँदा गुणस्तरीय साबुन अथवा स्याम्पुको प्रयोग गर्नुपर्दछ, जसले गर्दा हाम्रो शरीर सफा रहनुका साथै विभिन्न प्रकारका दाद, लुतो, एलर्जी जस्ता छालासम्बन्धी रोगहरूबाट पनि बँच्न सकिन्छ ।

## ३. कपालको हेरचाह :



कपाल हाम्रो सुन्दरताको प्रतीक हो । कपालले हाम्रो टाउकाको सुरक्षा गर्ने काम गर्छ । कपाल सफा राखिएन भने कपालमा जुम्रा तथा चायाँ पर्ने, कपाल झर्ने, टाउकामा घाउ खटिराहरू आउने आदि समस्याहरू देखा पर्न सक्छ । त्यसको लागि नियमित नुहाउने, कपाल काट्ने वा कोर्ने गर्नुपर्दछ । कपाल कोर्न सफा काइँयोको प्रयोग गर्नु पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ ।

## ४. नङको हेरचाह :



व्यक्तिगत सरसफाइअन्तर्गत नङको सरसफाइमा पनि हामीले त्यत्तिकै ध्यान पुऱ्याउनु पर्दछ । नङ लामो भएमा नङको चेपमा फोहोर जम्मा हुन जान्छ र हामीले खाना खाँदा खानासँगै उक्त फोहोर पनि खानगई रोगको सिकार हुन सकिन्छ । नङको सरसफाइ गर्दा हात धुँदा नङ पनि राम्रोसँग सफा गर्ने, बेलाबेलामा नङ काट्ने र छोटो बनाउने, जथाभावी नङ नटोक्ने आदि व्यवहारहरूको विकास गर्नु आवश्यक हुन्छ । स्वस्थ जीवन जिउनका लागि नङको हेरचाह गर्नुपनि त्यत्तिकै महत्त्वपूर्ण छ ।

## क्रियाकलाप

बिहान उठेपछि तपाईंले गर्ने व्यक्तिगत सरसफाइका व्यवहारहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

**१. तल दिइएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) व्यक्तिगत सरसफाइ भन्नाले के बुझिन्छ ?

(ख) नङ लामो भयो भने के हुन्छ ?

(ग) हामीले किन नियमित नुहाउनु पर्दछ ?

(घ) दाँतको हेरचाह कसरी गर्न सकिन्छ ?

**२. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) व्यक्तिगत सरसफाइको अभावमा हुन सक्ने कुनै पाँचओटा समस्याहरू लेखी समाधानका उपायहरू समेत लेख्नुहोस् ।

(ख) कपालको हेरचाह कसरी गर्न सकिन्छ, व्याख्या गर्नुहोस् ।

(ग) दाँतको सरसफाइ गर्ने तरिकाहरू लेख्नुहोस् ।

## परियोजना कार्य

तपाईंले सरसफाइमा प्रयोग गर्ने कुनै तीनओटा सामग्रीहरूको चित्र बनाई ती सामग्रीहरूको प्रयोग गर्ने तरिकासहित छोटो विवरण तयार पार्नुहोस् ।

# पाठ तीन

# वातावरणीय सरसफाइ र यसको महत्त्व

## परिचय :

हाम्रो वरपरको वातावरण सफा राख्न गरिने सम्पूर्ण क्रियाकलापहरूलाई वातावरणीय सरसफाइ भनिन्छ । हामीले हाम्रो वरपर सधैँ सफा र स्वच्छ राख्नुपर्दछ । वातावरणीय सरसफाइले विभिन्न सङ्क्रमणजन्य सरुवा रोगहरूबाट बचाउनका साथै स्वस्थ समाजको निर्माण गर्न मद्दत गर्दछ । वातावरणीय सरसफाइको अभावमा बालबालिकाहरू मात्र नभइ किशोर किशोरी, युवा युवती तथा वृद्ध वृद्धाहरू समेतलाई उत्तिकै असर पुऱ्याउछ । यसले असल समाजको निर्माणमा अवरोध सिर्जना हुनका साथै समाजको विकासमा समेत अवरोध पुऱ्याउछ । वातावरणीय सरसफाइमा ध्यान पुऱ्याउन नसक्दा वातावरण प्रदूषित हुन गई महामारीजन्य समस्यासमेत आउन सक्दछ । हावा, पानी, माटो आदि दूषित हुने, वनजङ्गल विनाश हुने, वरपर जताततै फोहोरमैला भई दुर्गन्धित हुने लगायत विभिन्न समस्याहरूले समुदायमा बसोबास गर्ने मानिसहरूलाई सताउने गर्दछन् । यस्ता समस्याहरूबाट आफू र आफ्नो समाजलाई बचाउन हामीले नियमित रुपमा आफ्नो वरपरको वातारणको सरसफाइमा विशेष ध्यान दिनुपर्छ । फोहोरलाई उचित स्थानमा सही तरिकाले विसर्जन गर्ने, प्लास्टिकजन्य पदार्थको प्रयोगमा कमी ल्याउने, पानीका स्रोतहरू सफा राख्ने, शौचालयमा मात्र दिसा पिसाब गर्ने, शौचालय सफा राख्ने, निजी तथा सार्वजनिक स्थानहरूको नियमित सरसफाइ गर्ने जस्ता बानी व्यवहारहरू वातावरणीय सरसफाइका महत्त्वपूर्ण पक्षहरू हुन् । वातावरणीय सरसफाइअन्तर्गत हामीले निम्न कुराहरूमा विशेष ध्यान पुऱ्याउनु आवश्यक छ :

## वातावरणीय सरसफाइमा ध्यान पुऱ्याउनु पर्ने कुराहरू :

१. फाहोरमैला व्यवस्थापन

२. प्रदूषण नियन्त्रण

३. सरसफाइ अभियान सञ्चालन

४. वातावरण संरक्षण

५. वृक्षारोपण

६. जनचेतना जागरण

७. स्वच्छ खानेपानीको व्यवस्थापन

८. शौचालय व्यवस्थापन र सरसफाइ

९. सार्वजनिक स्थलहरूको सरसफाइ, इत्यादि ।

### वातावरणीय सरसफाइको महत्त्व :

- विभिन्न सङ्क्रमणजन्य सरुवा रोगहरूबाट आफू र समाजलाई बचाउन,
- स्वस्थ र सभ्य समाजको निर्माण गर्न,
- वतावरणको संरक्षण र संवर्द्धन गर्न,
- सबै खालका प्रदूषणको नियन्त्रण गर्न,
- सार्वजनिक स्थानहरूको संरक्षण र संवर्द्धन गर्न,
- सबैमा सामुदायिक स्वास्थ्यको प्रत्याभूति दिन, आदि ।

## क्रियाकलाप

१. वातावरणीय सरसफाइअन्तर्गत हामीले ध्यान पुऱ्याउनु पर्ने कुराहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. प्रदूषण नियन्त्रण गर्ने जनचेतना जगाउने खालको प्लेकार्डको नमुना तयार पारी विद्यालयमा प्रदर्शन गर्नुहोस् ।

## अभ्यास

### १. तल दिइएका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) वातावरणीय सरसफाइ भएन भने के हुन्छ ?

(ख) वनविनाश भयो भने के हुन्छ ?

(ग) हामीले किन शौचालयमा मात्र दिसा पिसाब गर्नु पर्दछ ?

(घ) प्रदूषण भनेको के हो ?

### २. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) वातावरण सरसफाइ नहुँदा हुन सक्ने कुनै पाँचओटा समस्याहरू लेखी वातावरण सरसफाइ गर्ने तरिकाहरू समेत लेख्नुहोस् ।

(ख) शौचालयको आवश्यकता र महत्त्व लेख्नुहोस् ।

(ग) वातावरणीय सरसफाइका विभिन्न पक्षहरूको नाम लेखी कुनै दुईओटाको व्याख्या गर्नुहोस्

(घ) वातावरणीय सरसफाइको महत्त्वलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

तपाईंको समुदायमा वातावरण सरसफाइ गर्दै गरेका तस्विरहरू सङ्कलन गरी त्यस्ता क्रियाकलापहरूले वातावरणमा परेको प्रभावसहित समेटी छोटो प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ चार

# फोहोरमैलाका स्रोतहरूको परिचय

## परिचय :

हाम्रा दैनिक क्रियाकलापहरूबाट विभिन्न अनावश्यक वस्तुहरू निस्किरहेका हुन्छन् । यसरी मानिसहरूका दैनिक क्रियाकलापहरूबाट निस्कने विभिन्न अनावश्यक वस्तुहरूलाई नै फाहोरमैला भनिन्छ। फोहोर शब्दले तत्काल प्रयोग गर्न नमिल्ने वस्तुहरू जस्तैः गाडी मर्मत तथा धुलाइबाट निस्किएका, हाटबजारबाट निस्कने, विद्यालयबाट निस्कने, जथाभावी फालिएका वा सडेगलेका, वातावरण प्रदूषित हुनेगरी निष्काशन गरिएका, विभिन्न ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका सामानहरू, अनधिकृत रूपमा निजी तथा सार्वजनिक स्थलमा टाँसिएका पोस्टर र पम्प्लेटहरू आदिलाइ जनाउँछ । फाहोरमैला घरेलु, औद्योगिक, रासायनिक, स्वास्थ्य संस्था जन्य आदि विभिन्न प्रकारका हुन्छन् । फोहोरमैलाले हाम्रो वातावरणलाई अव्यवस्थित र दूषित बनाउने गर्दछन् । फाहोरमैलालाई मुख्य गरी जैविक तथा अजैविक फोहोर गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

## जैविक फोहोर :

जैविक फोहोर भन्नाले प्राकृतिक रूपमा कुहिएर जाने फोहोरलाई जनाउँछ । जैविक फोहोरमा खास गरेर फलफूल तथा तरकारीका बोक्रा, बोटबिरुवा, झारपात, माटो, मरेका जनावरहरू, अन्नपात तथा अन्य पोखिएका खानेकुराहरू आदिजस्ता कुहिन सक्ने वस्तुहरू पर्दछन् । यस्ता प्रकारका फोहोरहरूलाई सङ्कलन गरेर खाल्डोमा जम्मा पारी कम्पोस्ट मल बनाएर खेतबारीमा प्रयोग गर्न सकिन्छ । कम्पोस्ट मलको प्रयोगले माटोको उर्वराशक्ति वृद्धि भई उत्पादकत्वसमेत बढ्दछ । यसरी जैविक फोहोरको प्रभावकारी व्यवस्थापन गरी मानव, पर्यावरण तथा आयआर्जनमा समेत सकारात्मक प्रभाव पार्न सकिन्छ ।



## अजैविक फोहोर :



अजैविक फोहोर भन्नाले कुहिएर जान नसक्ने अर्थात नकुहिने फोहोरलाइ जनाउछ । कतिपय अजैविक फोहोरहरूलाई पुनः प्रयोग गर्न सकिन्छ । विभिन्न प्रकारका बट्टा तथा सिसीहरूलाई घरायसी काममा प्रयोग गरी सदुपयोग गर्न सकिन्छ। च्यातिएका कपडाहरूबाट तकिया, चकटी, डसना आदि बनाई प्रयोग गर्न सकिन्छ । एकपटक प्रयोग गरिएका पोलिथिन, झोलालाई सफा गरेर नफाटेसम्म प्रयोग गर्नु पर्दछ । पुनः प्रयोग गर्न नमिल्ने कतिपय वस्तुहरू जस्तैः च्यातिएका पोलिथिन, फुटेका तथा कुच्चिएका सिसीहरू, बट्टाहरू, भाँडावर्तनहरू, प्लास्टिकजन्य कागजहरू, फाटेका जुत्ता चप्पलहरू आदिलाई पुनः प्रयोग गर्न नसकिने पनि हुनसक्छ । कतिपय त्यस्ता फोहोरहरूलाई कारखानामा लगेर प्रशोधन गरी नयाँ सामान बनाउन सकिन्छ। यसबारे जनचेतना फैलाई दीर्घकालीन रूपमा वातावरण सफा राख्न सबैले पहल गर्नुपर्छ।

**फोहोरमैला निस्कने स्रोतहरू :** फोहोरमैला निस्कने विभिन्न स्रोतहरू हुन्छन्। यी स्रोतहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### १. भान्साबाट निस्कने फोहोर :

भान्सा घरमा दैनिक खाना पकाउने, तरकारीहरू केलाउने, काट्ने र खाना खानेजस्ता कार्यहरू गरिन्छन् । भान्साबाट निस्कने फोहोर वस्तुहरूमा तरकारीका बोक्राहरू, फलफूलका बोक्राहरू, बचेको तथा पोखिएको खाना, चियापत्ति, खरानी, कोइला, तरकारी बाँधेका त्यान्द्राहरू, कागज तथा पोलिथिनहरू, कसिङ्गर, धुलो जस्ता फोहोरहरू पर्दछन्। यस्ता वस्तुहरूलाई जहाँको त्यहीँ छोडेमा फोहोरको रूपमा रही रहन्छन् । यस्ता फोहोरलाई जैविक तथा अजैविक फोहोरको रूपमा छुट्टाछुट्टै राखी सही तरिकाले व्यवस्थापन गर्नु आवश्यक छ।

### २. घरबाट निस्कने फोहोर :

घरभित्र गरिने विभिन्न क्रियाकलापहरूबाट निस्कने फोहोरमैलालाई घरबाट निस्कने फोहोर भनिन्छ । घर सफा गर्दा, सामानहरू मिलाउँदा, पोको पार्दा, घरायसी काममा प्रयोग हुने सामानहरूको व्यवस्थापन गर्दा निस्कन सक्ने सबैखाले फोहोरहरू यसअन्तर्गत पर्दछन् । घरबाट निस्कने फोहोरलाई पनि फोहोरको प्रकृतिअनुसार छुट्टाछुट्टै व्यवस्थापन गरी सरसफाइमा ध्यान पुऱ्याउनु पर्दछ।

### ३. घर बाहिरबाट निस्कने फोहोर :

घर बाहिरबाट निस्कने फोहोर भनेको हामीले घर भन्दा बाहिर गरिने विभिन्न क्रियाकलापहरूबाट उत्पन्न हुने फोहोरमैलालाई जनाउदछ । विभिन्न प्रकारका बोटविरुवाका पातहरू, झारपात, ढुङ्गा, माटो, इँटा, रोडा, काठका टुक्रा, बालुवा, मरेका जीवजन्तुहरूको शरीरका अवशेषहरू, चाउचाउलगायतका खोलहरू, प्लास्टिक तथा सिसाका बोतल, धातुका टुक्राहरू, निर्माण सामग्रीहरू आदि घर बाहिरबाट निस्कने फोहोरहरू हुन् । यसको व्यवस्थापनको लागि सार्वजनिक स्थानहरूमा डस्टविनहरू राख्ने, जनचेतना फैलाउने, सार्वजनिक रूपमा सरसफाइ अभियान सञ्चालन गर्ने जस्ता उपायहरू गरी फोहोरबाट उत्पन्न हुनसक्ने समस्याहरूको समाधान गर्नुपर्दछ ।

### ४. विद्यालयबाट निस्कने फोहोर :

विद्यालयमा गरिने पठनपाठन तथा खानपिनबाट निस्कने फोहोर विद्यालयमा निस्कने फोहोरका मुख्य स्रोतहरू हुन् । यसअन्तर्गत विशेष गरी कागजका टुक्रा, पुराना पुस्तक, सिसाकलम तिखार्दा निस्कने धुलो, खाजा खाँदा बचेको र पोखिएको खाजा, खाजा प्याक गर्दा प्रयोग हुने वस्तुहरू पर्दछन् । विद्यार्थीहरूलाई फोहोरको वर्गीकरण गर्न सिकाउने, सबै कक्षाकोठामा तथा कार्यालयमा डस्टविनहरू राख्ने, विद्यालयमा सरसफाइ अभियान सञ्चालन गरी सक्रियतापूर्वक सहभागी हुने आदि तरिकाबाट फोहोरको प्रभावकारी ढङ्गले व्यवस्थापन गर्न सकिन्छ ।

## क्रियाकलाप

१. विभिन्न स्थानहरूमा उत्पन्न हुनसक्ने फोहोरका प्रकारहरूलाई उदाहरणसहित तालिकामा प्रस्तुत गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

## अभ्यास

### १. तल दिइएका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) जैविक फोहोर भनेको के हो ?

(ख) अजैविक फोहोरका कुनै दुईओटा उदाहरण दिनुहोस् ।

(ग) भान्साबाट निस्कने कुनै दुईओटा फोहोरहरूको नाम लेख्नुहोस् ।

### २. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) जैविक फोहोरको व्यवस्थापन गर्ने तरिकाहरू लेख्नुहोस् ।

(ख) घरबाट निस्कने फोहोर र घर बाहिरबाट निस्कने फोहोरबिच फरक छुट्याउनुहोस् ।

(ग) विद्यालयबाट निस्कने फोहोरको उदाहरण दिएर त्यसको व्यवस्थापन गर्ने कुनै ५ ओटा उपायहरू लेख्नुहोस् ।

पाठ
पाँच

# फोहोरमैला व्यवस्थापन

## परिचय :

विभिन्न स्थानमा उत्पन्न हुने फोहोरलाई फोहोरको प्रकृतिअनुसार भिन्नाभिन्नै ठाउँमा राखी विसर्जन गर्ने कुरालाई फोहोरमैला व्यवस्थापन भनिन्छ । यसका लागि कुहिने फोहोर, नकुहिने फोहोर, पुनः प्रयोग गर्न मिल्ने फोहोर आदिको लागि छुट्टाछुट्टै डस्टविनमा राख्ने गर्नुपर्दछ । यसो गर्दा वातावरण प्रदूषणमा कमी भएर मानव स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पर्ने हुन्छ । कुहिने फोहोरलाई कम्पोस्ट मल बनाई प्रयोग गर्न र बायो ग्यास उत्पादनमा प्रयोग गर्न सकिन्छ भने नकुहिने र पुनः प्रयोग गर्न मिल्ने फोहोरबाट पुनः प्रयोग र पुनः चक्रण गरी उपयोग गर्ने गर्नुपर्छ । पुनः प्रयोग गर्न नमिल्ने फोहोरलाई वातावरणलाई असर नपर्ने गरी उचित व्यवस्थापन गरी स्वच्छ, स्वस्थ र सभ्य समाजको निर्माण गर्न सकिन्छ । यहाँ फोहोरमैलाको व्यवस्थापन गर्ने केही प्रमुख उपायहरू उल्लेख गरिएको
छ :

**१. फोहोर उत्पादनमा कमी :** फोहोरमैलाको व्यवस्थापन गर्ने सबैभन्दा राम्रो उपाय फोहोरको कम उत्पादन गर्ने हो । यसका लागि खाना पकाउदा ठिक पुग्ने गरी मात्र पकाउने, जुत्ता चप्पल र लुगा कपडाहरू किन्दा लामो समयसम्म टिकाउ हुने खालका किन्ने, सकेसम्म प्लास्टिकका सामानहरू प्रयोग नगर्ने, हाटबजार जाँदा आफैँले झोला लिएर जाने, फोहोरमैलाको असरबारे शिक्षा दिने जस्ता उपायहरू अपनाउन सकिन्छ । यसो गर्दा उत्पन्न हुने फोहोरको मात्रामा कमी आएर फोहोरमैलाको व्यवस्थापन गर्न सहज हुन्छ ।

**२. फोहोरको स्रोतको वर्गीकरण गर्ने :** फोहोरमैलाको व्यवस्थापन गर्ने अर्को उपाय फोहोरको स्रोतमा वर्गीकरण गर्ने हो । सबै प्रकारका ठोस फोहोरलाई एकैठाउँमा नराखी कुहिने फोहोर, नकुहिने फोहोर, पुनः प्रयोग गर्न मिल्ने फोहोर आदिको लागि छुट्टाछुट्टै राख्ने गर्नुपर्दछ । यसो गर्दा फोहोरमैलाको व्यवस्थापन गर्न सजिलो हुनका साथै सरसफाइमा मद्दत पुग्दछ ।

**३. पुनः प्रयोग गर्ने :** एकपटक प्रयोगमा आईसकेको वस्तुलाई फेरी प्रयोगमा ल्याउनुलाई पुनः प्रयोग भनिन्छ । यसो गर्दा थप फोहोर उत्पादनमा कमी आउँछ । एकपटक बोकेको झोलालाई पटकपटक बोक्ने, कपडाहरू धोएर सफा गरी लगाउने, प्लास्टिक तथा सिसाका बट्टाहरूलाई विभिन्न सामानहरू राख्न प्रयोग गर्नेलगायतका कार्यले गर्दा फोहोर व्यवस्थापन गर्न सहज हुन सक्छ ।

**४. पुनः चक्रण गर्ने :** कतिपय फोहोरलाई प्रशोधन गरेर फेरि पनि प्रयोग गर्न मिल्ने बनाउन सकिन्छ । यस्ता फोहोरलाई त्यत्तिकै फाल्दा ठुलो ठाउँ ओगट्न गई ल्याण्ड फिल साइटको आयु

घटाउँछ । जस्तैः कागज, फलामलगायत धातुका टुक्रा, तारजाली आदिलाई सामान्य प्रशोधन गरेर पुन प्रयोग गर्ने वा वस्तुको स्वरूप नै परिवर्तन गरी प्रयोग योग्य बनाउन सकिन्छ ।

**५. जनचेतना फैलाउने :** फोहोरमैलाको व्यवस्थापन गर्ने राम्रो उपाय भनेको जनचेतना जगाउने हो । फोहोरको वर्गीकरण गर्ने, पुनः प्रयोग तथा पुनःचक्रण गर्ने फोहोर उत्पादन नगर्ने आदि जानकारीमूलक सन्देशहरू सम्प्रेषण गर्ने, विभिन्न सञ्चार माध्यमहरूबाट समाचारहरू प्रसारण गर्ने, विद्यालय तथा अन्य स्थानहरूमा फोहोरमैलाको व्यवस्थापन गर्ने तरिकाहरू सम्बन्धी अन्तरक्रिया गर्ने, वक्तृत्वकला तथा संवादको आयोजना गर्ने जस्ता कार्यहरू गरी प्रचार प्रसार गर्न सकिन्छ । त्यस्तै जथाभावी फोहोर गर्नेलाई नियमअनुसार कारबाही गर्ने गरेर पनि फोहोरमैलाको व्यवस्थापनलाई सजिलो पार्न सकिन्छ ।

**६. खाडलमा पुर्ने :** मानव बसोबास भन्दा टाढा, खेतीपाती गर्न नसकिने र पानीको मुहानलाई असर नपर्ने स्थानमा खाल्डो खनेर फोहोरको व्यवस्थापन गर्नुलाइ खाडलमा पुर्ने भनिन्छ । यो फोहोर व्यवस्थापनको अति सरल उपाय हो । पुनः प्रयोग गर्न नमिल्ने र अजैविक प्रकृतिका फोहोरको व्यवस्थापन गर्न यो विधि उपयोगी मानिन्छ ।

यसरी विभिन्न तरिकाहरूको प्रयोग गरी फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गर्न सकेमा वातावरण संरक्षण हुन गई स्वस्थकर जीवनयापन गर्न मद्दत पुग्दछ ।

## क्रियाकलाप

१. तलको चित्रमा देखिएको फोहोरलाई कसरी व्यवस्थापन गर्न सकिन्छ, सुझाव दिनुहोस् ।



२. फोहोरमैला व्यवस्थापनसम्बन्धी जनचेतना जगाउने खालको प्लेकार्ड तयार गरी कक्षाकोठामा प्रदर्शन गर्नुहोस् ।

## अभ्यास

**१. तल दिइएका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) फोहोरमैला व्यवस्थापन भनेको के हो ?

(ख) फोहोरमैला व्यवस्थापन गर्न किन आवश्यक छ ? कुनै दुईओटा कारणहरू दिनुहोस् ।

(ग) पुनः प्रयोग गर्न नमिल्ने कुनै तीनओटा फोहोरहरूको उदाहरण दिनुहोस् ।

(घ) कस्तो फोहोरलाई खाडलमा पुर्नुपर्छ ?

**२. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) फोहोरको स्रोतको वर्गीकरण कसरी गर्न सकिन्छ, लेख्नुहोस् ।

(ख) जनचेतनाले कसरी फोहोरमैला व्यवस्थापनमा सहयोग पुऱ्याउँछ, पुष्टि गर्नुहोस् ।

(ग) कस्तो फोहोरलाई पुनः चक्रण गर्न सकिन्छ, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(घ) तपाईंको छिमेकमा घर वरपर अत्यन्तै फोहोर भएको र छिमेकीलाई फोहोर व्यवस्थापनसम्बन्धी कुनै जानकारी नभएको पाइयो । यस्तो अवस्थामा उहाँलाई फोहोर व्यवस्थापनसम्बन्धी तपाईंले दिने सुझावहरू उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

तपाईंको विद्यालयमा फोहोर व्यवस्थापन गर्न के कस्ता उपायहरू अपनाइएको छ ? त्यसको प्रभावकारी व्यवस्थापन गर्न शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको भूमिका उल्लेख गर्दै आफ्नो सुझावसहित छोटो प्रतिवेदन तयार पार्नुहोस् ।